# इसिलिम

अर्धवार्षिक भाषिक पत्रिका



किरात ऐतिहासिक स्थल जायजुम डाँडा



२००७ सालका मुक्तियोद्धा गजूरमान राई



दुमी किरातराईहरूको साकेला प्रदर्शन



पूर्वेली दुमी किरात राईहरूको मारुनी नाचको एक झलक



किरांत धर्म संस्कृतिका
मस्युमे अम्रिखा राई

# Wishing you a very Happy New Year 2057
# We avail the following services.

**OUR SERVICES:**

- Air Ticket
- Trekking
- Sight Seeing
- White Water Rafting
- Jungle Safari
- Bus & Train to India
- Hotel Reservation
- STD/ISD, Fax etc.

## ADAM TOUR & TRAVEL (P) LTD.

Thamel, Kathmandu, Nepal
Tel: 412327, Fax: 977-1-412327
E-mail: rajarani3@hotmail.com

**नव वर्ष २०५७ सालको** सुखद उपलक्ष्यमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली बन्धुहरूमा सुख, सम्वृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

## *के तपाईंको सानोतिनो रकम व्यर्थ खेर गइरहेको त छैन ???*

- आजैदेखि बचत गरी व्याजसहित एकमुष्ट रकम प्राप्त गरौं ।
- सरल एवं सुलभ कर्जाको उपभोग गरौं, थुप्रै नि:शुल्क सेवाहरू प्राप्त गरौं ।

**४ वर्ष १० महिने मुद्दती निक्षेपमा दोब्बर भुक्तानी**

| निक्षेप अवधि | वार्षिक ब्याजदर | ६/६ महिनाको ब्याजदर |
|---|---|---|
| १ वर्ष | १४% | १३.५% |
| २ वर्ष | १४.५% | १४% |
| ३ वर्ष | १५% | १४.५% |
| ४ वर्ष | १५.५% | १५% |

# युनिक बहुउद्देश्यीय सहकारी संस्था लि.

पुतलीसडक, काठमाडौं, फोन: नं. ४१०७८९, पो.ब.नं. ५३७१
(जोशी कलर ल्याब नजिकै, मोटरसाइकल पार्कसँगै)

इसिलिम अर्धवार्षिक भाषिक पत्रिका
वर्ष २, अंक २ का.जि.प्र.का.द.नं. ४५/०५६
२०५८

संरक्षक
क्या. नैनवहादुर राई M.M.

सल्लाहकार
भू.पू. सांसद टंक राई
क्या. पर्जबहादुर राई
श्री रामबहादुर राई
उप.प्रा. चतुरभक्त राई

सम्पादक
नेत्रमणि राई
सुजन राई
धनप्रसाद राई
रत्नमणि राई
रामकुमार राई
रणबहादुर राई
राजकुमार राई

प्रकाशक
दुमी किरात राई फ्न्सिकिम

विशेष सहयोगी
अप्सरा राई
गंगाप्रसाद राई

बजार व्यवस्थापक
मनिप्रसाद राई

कम्प्युटर
वर्कनेट सर्भिस सप
नयाँबानेश्वर, फोन: ४७२०५६

मुद्रण
काष्ठमाण्डप प्रेस
कुपण्डोल, ललितपुर फोन: ५२६६५३

पत्रचार
इसिलिम भाषिक पत्रिका
पो.ब.नं. ९२४४, फोन: ४८१९७३
email: isilim@worknet.wlink.com.np


# विषय सूचि


**भेटवार्ता**

२००७ सालका मुक्ति योद्धा गजूरमान राईसँगको कुराकानी ३
मस्युमे अम्रिखा राईसँगको कुराकानी ७

**धर्म / संस्कृति**

दुमी किरात संस्कृतिका चार सञ्चालकहरु — खगेन्द्र हलक्सु राई १०

**खोज / अनुसन्धान**

किरात र शिवजी — भू.पू. सांसद टंक हमरुचुराई १२
किरात सभ्यताका शिखर व्यक्तित्वहरु : तोमा, खेमा र खक्चिलीपु — चतुरभक्त सत्मराई १६
खाबाचु : एक परिचय — अशोककुमार दुमीराई २७
वर्णाश्रमभित्र जातीय शुद्धता — मणिप्रसाद सत्मराई २९

**भाषा / साहित्य**

दुमी भाषाका क्रियाका रुपहरु — नेत्रमणि हलक्सुराई ३१
दुमीभाषामा सम्वाद (तुम्नाम्) — मिक्सिरदु दुमीराई ३२
भान्सामा प्रयोग हुने शब्दहरू — चक्षुवन्धु हलक्सुराई ३३
दुमीभाषामा रुख बिरुवाहरुको नाम — चुङकोओइसी दुमी राई ३४
साकेला रिसिय — चुङको ओसी सत्मराई ३६

**लेख / रचना**

तस्वीर (निबन्ध) — उत्पीडित किराँत ३७

**कविता**

कामना — नेत्रमणि हलक्सुराई ३९
रावा तावा — पारस सत्मराई ३९
यहाँ यस्तै छ — सन्तोष राई 'सोल्टी' ४०
यस्तै भैरहेछ — सृजना सत्मराई ४०
व्यस्त शहर भित्र — उषा थुलुङराई ४१
सावधान ! — धनप्रसाद सरचुराई ४१

**विश्वको सेरोफेरो**

दक्षिण एसिया : युद्ध र राजनीति — सुजन हदिराई ४२

**सार समाचार** ४४

**पाठक प्रतिक्रिया** ४७


*मूल्य:* नेरु. २५।-, भारु. २५।-, हङकङ डलर २५।-, सिंगापुर+ब्रुनई डलर १०।-, यू.के. पाउण्ड ३।-, यू.एस.डलर ७-
**Price: NRs. 25.00, ICRs. 25.00, HK$ 20.00, SIN$ 5.00, BRN$ 5.00, UK£ 3.00, US$ 7.00**

# सम्पादकीय

*मालोम थो २०५७ कायो तोसी खोतिम्यो दुम्दुम्मावि झारा/ खत्ल पणेछुक्सावि स्वगुर्सामुसोका नुमुलु तुसो इसिलिम पो स्वाक्ली चप्दु लास्सोका आनि खवि हुन्लुन्पो गोता । धाम ताया कायो याकाला मुक्सा दुमी देलविम खत्लपो/झारापो मिन्सि तुक्लीङ छुक्सो कायो होपुपो ब्र तुन्हन्ना, बर्मुना नुमुसि कायो झारा आ नुछिसोका चुम्सिक्ति आक्सा लम्गोता दुकिराफवि । मकाङ चप्सोका फिङ्नि ताम्बी । ङिक्सा कायो पणेछुक्सा छुना हितो गोता खोयो ताम्बी गुल्थेङ च्रप्सोका आफिङिनम् तिन्पोम्आ स्वगुरिम् गोता उङ्कुपो । माम्मु खल तामघरिवि वाइस्तान खोयो आप्लो वान्मुक्ताङ/ लाम्लुम पणेछुक्सोका मिन्मुक्सा झारा वि अलनुवौं/छिलछिल ।*

*रदु ऋदुमहदुम कायो चप्दम्पो दुबी आनिमु झारापो नुसि मुना यपाका लाक्ताङ । यवि क्वाम्आ बास्सोका नुक्सा इङ्कि वारी चप्साहु खक्ति । खेम्मुपो सेन्सीला फाल्नावातिम इङ्कि ऋदुमहदुम कायो चामुन्सो खइसिम् दुमि ब्रपो दुबी हियोयो मिङ्को-मिङ्को गुमुसो आजियो ताम थो नुछिसो स्वगुर्सो हलहसआ खेम इसिलिम चप्दुवि दुम्तिमाका ।*

❑❑❑

नव वर्ष २०५७ तथा तोसी उभौलीको शुभ उपलक्ष्यमा समस्त पाठकवर्गमा हार्दिक मंगलमय शुभ कामना टक्र्याउँदै इसिलिम को दोश्रो अंक पुनः प्रकाशन गरी तपाईहरु सामु उपस्थित भएका छौं ।

डाँडावारि र पारि छरिएर रहेका दुमी वस्तीहरु सबैको चासो एउटै भएर पनि भाषा, धर्म र सँस्कृतिको संरक्षण एवं विकासका लागि मानसिक तत्परता र सामूहिक प्रयासको नितान्त आवश्यक रहेको ठहर गरी यसैको पुनर्उत्थान तथा जागरणको लहर बढाउने रहर दुकिराफलाई जागेको छ । तथापि जिज्ञासा र सुझाव पठाई सहयोग पुऱ्याउने जिम्मा पाठक वर्गलाई सुम्पेका छौं ।


श्रोता र पाठक बन्न जति सजिलो छ तर वक्ता र लेखक बन्न त्यति नै गाह्रो पनि । यस सत्यताको बावजुद पनि पाठक वर्गबाट रोचक र ज्ञानवर्धक थुप्रै लेख रचनाहरु पठाएर हामीलाई हौसला बढाइ दिनुभएकोमा धन्यवाद छ । ती सबै सामग्रीहरु यसै अङ्कमा अटाउन नसके पनि आगामी प्रकाशनहरुमा क्रमश स्थान दिँदै लैजाने कुरामा विश्वास दिलाउन चाहन्छौं । यसका साथै पहिलो प्रकाशन पढेर प्रतिक्रिया राखि दिनुहुने पाठक तथा लेखकजनलाई समेत दुकिराफको तर्फबाट हार्दिक धन्यवाद टक्र्याउँछौं ।

किराँत मुन्धुम तथा लीपिको बारेमा मौखिक तथा लिखित जिज्ञासा राख्नु हुने समस्त पाठकवर्गको भावनालाई यसपाली धित मेटाउन सकेनौं तसर्थ यसलाई आगामी प्रकाशनहरूमा प्रस्तुत गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

अन्तमा थुतुरी वेदमा आधारित किराँत संस्कारलाई लेख्य परम्परातर्फ उन्मुख गराउँदै देखासिकीबाट बिथोलिएको संस्कार र नौलिदै गएको दुमी भाषाको खातिर सदा सचेत रहन नव वर्ष हामी सबैका लागि सुखमय रहोस् भन्ने कामनाका साथ आगामी इसिलिम अङ्कमा नौलो भेट गर्ने बाचा गर्दछौं ।

**अनुरोध**– आगामी इसिलिम प्रकाशनको लागि पाठक वर्गहरूबाट ऐतिहासिक, धार्मिक, सांस्कृतिक लेख-रचना (कथा, कविता, निबन्ध), २०५७ श्रावण मसान्तसम्म इसिलिमको ठेगानामा आइपुग्ने गरी पठाई सहयोग गर्न अनुरोध गर्दछौं ।

# २००७ सालका मुक्तियोद्धा गजूरमान राई



*सात सालमा ओखलढुङ्गा कब्जा गर्न मुक्ति योद्धाको रुपमा छात्तीमा तातो गोली थापेर साहसकासाथ लड्नु हुने बहादुर सिपाहीको नाम हो गजूरमान राई । हाल खोटाङ जिल्लाको खार्मी गाउँ विकास समितिमा सरचु पाछाको परिवारमा वि.सं. १९६७ मा जन्मेका यी जोशीला राई शङ्खवोलका पनाती, रनध्वजका नाती र बमबहादुर सरचु राईको एक्लो छोरा हुनुहुन्छ । नेपालको वास्तविक राजनीतिक इतिहास लेखनको अभावमा अहिलेसम्म ओझेलमा पर्नु भएका यी व्यक्तित्व माझकिराँत क्षेत्रमा भएको राणा विरोधी आन्दोलनमा बिर्सन नसकिने जिउदो शहिद र सशक्त योद्धाका रुपमा स्थापित हुनुहुन्छ । आफ्नो ८८ वर्षे उमेरमा पनि प्रष्ट कान सुन्ने, स्पष्ट वक्ता, बढी राजनीतिक गफ गर्न रुचाउने स्वभावका यी राई पञ्चायती व्यवस्था शुरु भएयता चौध वर्षसम्म अविछिन्न प्रधानपञ्च पदमा रही सामाजिक राजनीतिक जिम्मेवारीका लामो अनुभव समेत प्राप्त गरिसक्नु भएको छ । सात सालमा किराँत क्षेत्रमा भएको राणा विरोधी आन्दोलनमा ओखलढुङ्गालाई राणाहरुको हातबाट खोस्न गोली समेत खान पछि नपरेको योगदानको कदरस्वरुप उहाँलाई २०५३ साल मंसिर २६ मा भोजपुर मुक्ति दिवसको अवसर पारी भोजपुर जिल्ला विकास समितिले सगौरबकासाथ अभिनन्दन समेत गरिसकेको छ । प्रस्तुत छ पाठकहरुको लागि उहाँसँग २०५५ सालमा इसिलिमले लिएको भेटवार्ता________*

**तपाईको राजनीतिक जीवन कहिलेबाट प्रारम्भ भएको हो ?**

२००७ सालबाट नै मैले राजनीतिक जीवन शुरु गरेको हुँ । काङग्रेस उठ्यो भन्ने हल्ला सुनियो । मेरा नरनाता र हेलमेल भोजपूरे राईहरुसँग बढी भएकाले उनीहरुसँग भेटघाट हुँदा यसबारे कुराकानी उठ्यो । तर मैले २००७ सालको क्रान्ति भनेको काङ्ग्रेसलाई साथ दिई उठेको हुँ ।

**२००७ सालमा क्रान्ति गर्नु पर्दछ भन्ने प्रेरणा कोबाट पाउनु भयो ?**

भोजपुरको नारदमुनी थुलुङ, रामप्रसाद राई, श्रीपाल राईसँग नातागोता पनि परेको हुनाले हाम्रो भेटघाट भइरहन्थ्यो । सबैजना क्रान्तिमा उठ्नुपर्छ भन्ने कुराले गर्दा क्रान्तिमा भाग लिएको हुँ ।

**२००७ सालको क्रान्तिको क्षेत्रमा तपाईले के-के योगदान पुऱ्याउनु भयो ?**

क्रान्तिको सिलसिलामा म भोजपुरबाटै लड्न शुरु गरेको हुँ । त्यतिखेर म र दोर्जे तामाङ भन्ने साथीसँग हातहतियार लिएर दिङला पुगेका थियौं । भोजपुरका साथीहरुसँग सरसल्लाह हुँदा आ-आफ्नो जिल्ला आ-आफैंले कब्जा गर्नु पर्दछ भन्ने सल्लाह भएकाले उनीहरु शुरुमा ३ नम्बर आउन मानेनन् । भोजपुरमा नरदमुनी र रामप्रसादहरुले क्रान्तिका नेतृत्व गरेकोले क्रान्ति सफल हुन सकेको थियो । यसै सन्दर्भमा रामप्रसाद राईले मलाई ३ नम्बर क्षेत्र कब्जा गर्न क्याप्टेन दर्जा दिएर पठाएकोले म भोजपुरबाट अन्तनारान श्रेष्ठ भन्ने साथीसँग दिक्तेल आउँदै गर्दा डल्सीङगेमा लामाखुको मुगाधन राईसँग भेट भयो । उनको ससुराल भोजपुर भएकाले उनी उतै जाँदै थिए । उनीसँग ३ नम्बरमा क्रान्ति कसरी गर्ने भन्ने बारेमा कुराकानी भयो । राणाको विरुद्ध सबै नेपाली उठिसके हामी पनि उठनु पर्छ , अरुलाई पनि उठाउनु पर्छ भन्ने सल्लाह भयो । त्यसपछि रम्बुवामा भेटी ओखलढुङ्गा जाने सल्लाह भई उनी लामाखु तिर नै लागे र म चाहिँ आफ्नो घर खार्मी आएँ ।

**अनि आफ्नो गाउँ खार्मी आएपछि क्रान्तिको लागि के-के गर्नु भयो त ?**

म आफ्नो गाउँमा आएर यताको सबै साथीहरुसँग भेटघाट कुराकानी गर्न लागें । त्यसबेला हामी खार्मी गाउँबाट मात्र क्रान्तिमा जाने चौधजना भएका थियौं । अरुपछि थपिइँदा थुप्रै भएका थियौं ।

**क्रान्तिमा जाने साथीहरु को-को थिए ? नाम बताई**

दिन सक्नु हुन्छ ?

धेरैको नाम बिर्सीसकें, एउटा भक्तनारान नेवार, अर्को सेरबहादुर राई, अरु चौरघरे नेवार उसको नाम बृखबहादुर नेवार पनि भन्थे, अर्को डम्बरबहादुर राई, लछुमन राई, भक्तबहादुर नेवार, अन्तनारान श्रेष्ठ, धनध्वज राई, मतिलाल नेवार, वाङगु तामाङ, राइटर नेवार हो । उहाँले अरुको नाम सम्झिने कोशिष गर्नु भयो तर सक्नु भएन र भन्नुभयो- "अरुको नाम सबै बिर्सें । ज्ञान त हराइसक्यो के गर्नु, काल पर्खनु पर्ने भएर मात्रै हो ।"

अलिकति प्रसङ्ग बदलेर फेरी भन्नु भयो- "हामी गाउँबाट हिडेर सातसाल पुस २ गते तापखोला, रावाखोला गड्तिर हुँदै रम्बुवा पुगेका थियौं । रम्बुवा गड्तिर त्यतिबेला ठूलो मूलबाटो थियो ओखलढुङ्गा र दिक्तेल जोड्ने । हामी धेरै मानिस रम्बुवा पुग्दा त्यहाँका मानिसहरु स्वत: हाम्रो पक्षमा आयो ।"

**हजूर, त्यसपछि ओखलढुङ्गा पुगेपछि के के भयो सबै घटनाहरु बताई दिनु होस ?**

हामीसँग हातहतियार थोरै थियो । त्यसमा पनि भरुवा बन्दुकमात्र थियो । त्यसैले लाठी खुकुरी लिएर लडेका थियौं । र, यसैले नै ओखलढुङ्गा कब्जा पनि गरेका थियौं । ओखलढुङ्गा माल अड्डा क्याप्चर गर्न रातको समयमा गयौं । त्यहाँ वारदात भयो । त्यस वारदातमा मलाई राणापक्षको 'मार्का थ्री'को पहिलो गोलीले पिंधबाट छेडेर फिलाबाट निस्केर गयो र दोश्रो गोलीले दाहिने हातको चोर औंलामा लागी औंलाको टुप्पो नै चुटाएर गयो । त्यस समयमा यताबाट जानेहरुमा लछुमन राई, राइटर नेवार र चौरघरेलाई पनि गोली लाग्यो । त्यसमध्ये म र चौरघरे बाँच्यौ र लछुमन र राइटर चाहिं शहादत भए । चौरघरेलाई ढाडमा गोली लागेकोमा छालामात्र बोक्र्याएर लगेको हुनाले उसलाई त्यतिसारो भएन तर मलाई चाहिं बोकाएर भोजपुर पुऱ्याइयो र त्यहाँ एक महिना बसी दबाई मुलो गरें ।

**ओखलढुङ्गा कब्जा भएपछि पुनः राणाहरुले फिर्ता गरेको घटनाहरु क्रान्तिकारीहरुले बताउँदछन्, के कारणले यसरी पुन राणाहरुको हातमा कब्जा हुन गएको थियो ?**

उता काठमाण्डौंबाट राणा फौज ठूलै संख्यामा बढेर आएको अवस्था थियो भने यताका क्रान्तिकारीहरु तित्तर बित्तर भैसकेको अवस्थामा थिए । त्यसैले त्यही मौका छोपेर राणापक्षबाट आक्रमण हुंदा ओखलढुङ्गा क्रान्तिकारीहरुको हातबाट खुस्केको थियो । राणाहरुले ओखलढुङ्गा अड्डामात्र कब्जा गरेको होइन । त्यो फौज अझ अगाडि बढेर दिक्तेल हुँदै भोजपुरको दाँवा छेउछाउ पुगेको थियो । त्यहीं बेला फेरी भोजपुरबाट मुक्ति सेनाबाट रामप्रसाद राईहरु बढेर आई ओखलढुङ्गा पुग्यो । यो दोश्रो लडाई थियो । यसमा लामाखुको मुगाधनलाई टाउकोमा थ्री इञ्च मटर (बन्दुक) को गोलीले लाग्यो । राणा फौज पट्टि एक जना कर्णेल मऱ्यो । यो लडाईले पुन राणाहरुको हातबाट ओखलढुङ्गा कब्जा गर्न सफल भयो ।

**ओखलढुङ्गा कब्जा गर्न सबै दिक्तेलेहरु, भोजपुरेहरु नै जानु पर्ने कारण के हो ? के ओखलढुङ्गामा तत्काल क्रान्तिकारीहरु नभएर हो त ?**

त्यतिखेर हाम्रो जिल्ला नै ओखलढुङ्गा थियो । त्यसैले आफ्नो जिल्लालाई राणाहरुबाट क्याप्चर गर्नुपर्छ भनेर ओखलढुङ्गा गएका हौं । पहिलो लडाईमा हामी दिक्तेलबासीहरु धेरै थियौं । दोश्रो लडाईमा भोजपुरेहरु पनि बढेर आएपछि पुन ओखलढुङ्गा क्याप्चर गरिएको हो, ओखलढुङ्गाबाट लडनेहरु बलबहादुर राई पनि हो तर उनी चाहिँ दोश्रो लडाईमा मात्र सामेल भएका थिए ।

**ओखलढुङ्गा क्याप्चर भएपछि त्यहाँको शासन व्यवस्था कसरी सञ्चालन भयो त ?**

क्रान्तिपछि प्रशासन हेर्ने काम नयाँ वडा हाकिम छिरिङ तेञ्जे लामामा आयो । ऊ भन्दा माथि एउटा गभर्नर थियो । उ चाहिँ भोजपुर छिनाम्खुको हर्कराज थुलुङ राई थियो । त्यतिबेला मेरो पनि निकै हकडक चल्थ्यो । त्यसैले लडाईमा म सँगै जानेहरु सबै लडाकुहरुलाई पद दिएर राखेका थिए ।

**यत्रो क्रान्तिको कुरा गर्नुभयो, यसरी क्रान्तिमा भाग लिन जाँदा खर्च बर्चको व्यावस्था चाहीं के कसरी मिलाउनु भएको थियो ?**

मैले त घरैबाट पन्ध्रपाथी भन्दा बढी चिउरा र धोक्रोमा चामल, दाल टन्न बोकाएर लगेको थिएँ ।

गाउँबाट जानेहरु सबैले आफूले खाने सामल खर्च बोकेकै थिए । अहिलेपो म बुढो भएँ हातपाउ रह्यो, तर त्यसबेला गजूरमान भनेपछि सबै हाय ! हाय ! गर्थे । रावाखोला फिटमा मेरो ठूलो जिम्मेवारी थियो । त्यसैले मेरो कुरा नमान्ने प्राय कोही पनि थिएनन् । दशैं तिहारमा समेत मलाई थुप्रै बेठीहरु उठ्थ्यो । मैले भनेका कुरा सबैले खान्थे । त्यसैले नै मैले गाउँको तामाङ र नेवार केटाहरुलाई उठाएर ओखलढुङ्गामा क्रान्तिमा लानसकेको थिएँ । कतिलाई त पद समेत दिएर लगेको थिएँ ।

**नेपालको पूर्वी क्षेत्रमा २००७ सालको क्रान्तिमा नार दमुनी थुलुङ र रामप्रसाद राईको खुबै चर्चा सुनिन्छ यसबारे तपाईको बुझाई कस्तो छ ?**

नारदमुनी बुद्धि र ट्याक्टीसमा निकै अगाडि थियो । उ आफैंले भन्थ्यो- "म बुद्धिको काङग्रेस हुँ" भनेर । रामप्रसादलाई चाहिं २००७ सालमा क्रान्ति पछि जर्नेल बनाउन खोजेका थिए । तर रामप्रसाद राजा हुने मानिस हो उ साह्रै बहादुर थियो ।

**रामप्रसाद राईको मृत्यूबारे विभिन्न अनुमानहरु गरि एका छन् तपाईलाई के कति जानकारी छ ?**

हिमालमा गएर मर्‍यो भन्छन् सबैले तर उ कहाँ मर्‍यो मलाई स्पष्ट थाहा छैन ।

**ओखलढुङ्गा मुक्तिपछि तपाईले कुन जिम्मेवारी सम्हाल्नु भयो त ?**

क्रान्ति अघि र पछिसम्म काँग्रेसमा चाहिँ लागिरहें तर मैले त्यस्तो ठूलो पदको जिम्मेवारी पाइन ।

**क्रान्तिमा लागेर गोली खानु भयो, प्रजातन्त्र ल्याउन आफ्नो ज्यान अर्पण गर्नुभयो, यसको बदलामा केही राहत पाउनु भयो कि ?**

अहिलेसम्म कुनै किसिमको राहत पाएको छुइँन । बरु वहुदल आएपछि वृद्धभत्ता खाँदैछु त्यत्ति हो । सातसालको क्रान्तिपछि एकपटक दुइ बिघा जमिन दिने कुरा सुनेको थिएँ तर मैले त्यसको कुनै चासो लिइन कारण मलाई जग्गाको अपुग्दो केही थिएन ।

**तपाईको जीवनमा भोग्नु परेका अविष्मरणीय क्षणहरु के के होलान बताईदिनु हुन्छ कि ?**

म सात सालमा जननेताको हैसियतले लडेको थिएँ । मलाई गोली लाग्यो घाइते भएँ, अस्पतालमा एक महिनासम्म औषधी पानी गरेर बस्नु पर्‍यो, सञ्चो भएपछि फेरी क्रान्तिमा नै सरिक भएँ । ओखलढुङ्गा फिर्ता गर्न आएको राणाफौजका हातबाट लुइसगन, मिसन गन खोसेर भोजपुर बुझाउन लगें । भोजपुरमा रामप्रसाद र श्रोपाललाई राणाको पाटी उठेर थुनामा राख्दा मैले पनि छुटाउन बल गरेको थिएँ । महेन्द्रराजा पूर्वीभेग डुल्दा मलाई पनि बोलावट भएकोले रामेछाप पुगें । त्यसपछि ओखलढुङ्गा, रुम्जाटार, बुइपा, दोर्पा, अन्नपूर्ण हुँदै भोजपुरसम्म सात रातको बास राजा सँगसँगै बसियो । राजालाई मैले रम्बुवामा एक टिन घिउ र एक धोक्रो चामल सहयोग चढाएको थिएँ । श्री ५ त्रिभुवन स्वर्गेवास हुँदा केश काटेर बसें । महेन्द्रबाट मलाई काठमाण्डौं झिकावट हुने आश्वासन पाएको थिएँ तर झिकट भएन ।

**तपाईले क्रान्तिपछि कुनै पद नपाउनुमा लिनै नचाहनु भएको हो कि नदिएका हुन् ?**

मैले ओखलढुङ्गाको क्रान्तिमा जननेताको रुपमा लडेको मानिस हुँ । त्यसैले म पनि नारदमुनी सरहकै मानिस हुँ । तर पदको लोभमा लागिन । त्यसै हुँदा मैले धेरै मौकाहरु गुमाएँ । आफूभन्दा अझ अरुले बढी राम्रो विकास गर्न सक्लान भनेर पन्ध्र सालको संसदको चुनावमा मैले खार्पाको मनिराम पोखेललाई उम्मेदवारी छोडी दिएँ । बलबहादुर राईको पनि पोखेलपट्टि नै झुकाव भएको बुझें । त्यसैले मैले पनि उत्ति जिकिर गरिन् । पञ्चायती व्यवस्थामा पनि मैले धेरै साथीहरुलाई सिट छोडिदिएँ । बृषबहादुर राई, डिल्लीसेर राईलाई महत्वपूर्ण सिटहरु छोडें । पछि उनीहरु सभापति, मन्त्री भए । म यता घरमा एक्लो छोरो भएकाले परिस्थिति पनि त्यस्तै पर्‍यो । बाबु त्यत्तिनै बेला घट्टाघल बिरामी परेकाले सक्रिय भएर राजनीतिमा लाग्न सकिन । यसै मौकामा साथीहरुले मलाई घात पनि गरे । एकदिन मन्त्री भइन्थ्यो । कर्मले ठग्यो तैपनि चित्त बुझएर बसेको छु ।

**तपाईले राजनीतिक जीवनमा केही नरमाइला दिनहरु पनि भोग्नु पर्‍यो कि ?**

मैले चौध वर्षसम्म पञ्चप्रधान भएर बसें, चलाएँ, गाउँको सेवा गरें तर अन्तमा आफ्नै पिउनसँग चुनावमा हारें । जितिहाल्छु भनेर गाउँमा भोट माङ्नु

गइनँ । ... त कहिले-कहिले मेरो मान्छेहरु सबै फर्काएछ । चुनावको भोलिपल्ट मेरै जस्तो आवेश हो भने त के-के हुन्थ्यो । तर मेरो बुहारी सनदको श्रीमती सारै बुद्धिमति थिइन् । उनले मलाई आगनमा रोकेर भनिन- "बाबु ! छोरा नातिको भविष्यलाई पनि हेर्नुपर्छ । आफूलाई मात्तै सोचेर तातो रिस गर्नु हुँदैन ।" बुहारीको यति कुराले म रोकिएँ । त्यसदिन तिनले मलाई ठुलो बुद्धि दिइन् । ती बितेको दिनहरु मैंले बिर्सेको छुइन ।

**तपाईंले समाज सेवाको लागि गर्नुभएको योगदानहरु के के छन् ? बताई दिनुहुन्छ कि ?**

सातसाल पछि लेखाई पढाई हुनुपर्छ भनेर खार्मीमा स्कूल खोल्ने काम गरियो । त्यतिखेर मास्टरको तलब गाउँलेले दिनुपर्थ्यो । आफूमा स्कूलको जिम्मा रहेकाले मास्टरको तलब दिनलाई २०१७ सालमा मैले दुई-तिन ठाउँको खेतबारी समेत बेचेको छु । खार्मी र बाक्सिलाबीच तापखोला तरी आवत-जावत गर्न निकै कठिनाई थियो । त्यसैले २०१० सालमा हालको कात्तिकेको भ्फोलुङ्गे पुल भएको ठाउँमा मेरै सक्रियतामा एक काठेपुल बनाइयो । त्यसमा मैले पाँच सय रुपियाँ चन्दा दिएको थिएँ । उतिखेरको पाँच सयले ठूलै खेतबारी आउँथ्यो । उस समयमा मेरो बोली बिक्थ्यो । रावा फिटमा मैले ठूलो जिम्मेवारी लिएको थिएँ । महिनावारी पन्ध रुपैयाँ तलब दिएर सिपाही राखेको थिएँ । गाउँघरमा ठेकी बेठी खाने उठाउने चलन ठीक नलागेकोले मैले नै बन्द गरिदिएको हुँ ।

**तपाईंको क्रान्तिकारी योगदानलाई सम्झेर त्यसको सम्मान स्वरुप भोजपुर जिल्ला विकास समितिले २०५३ सालमा अभिनन्दन गर्ने आयोजनामा तपाई अनुपस्थित रहनुको कारण के भएर हो ?**

म त्यतिखेर घट्टाघल बिरामी थिएँ । मेरी श्रीमति पनि बिरामी थिइन् । त्यसैले बोलाएको ठाउँमा आउन सकिन । फेरि उताबाट पनि खबर ढिलो पाएँ । अरु चाहिँ को-को आए त बाबु ? (प्रतिप्रश्न गर्नुभयो) ।

**यो अभिनन्दनप्रति तपाईंको धारणा के छ त ?**

यो कुरा धेरै राम्रो छ, माझकिराँतको इतिहास हो, यो । म उपस्थित हुन सकिन तर पनि मलाई खुशी लागेको छ । क्रान्तिमा लाग्नेहरु सबै मरिसके अब त कल्लाई गर्छन् र !

**तपाई दुमी राई भएको नाताले आफ्नो धर्म संस्कृति, वंशावली, भाषाप्रति कतिको जानकारी राख्नुहुन्छ ?**

म पहिलेदेखि नै यतातिर भन्दा राजनीति र समाजसेवातिर बढी लागेकाले मलाई त्यत्ति ज्ञान छैन । दुमी भाषा पनि उत्तिको याद छैन । म कुकुरीकरेना हाङको सन्तान हुँ । कुकुरीकरेनाको छोरा राजधन, राजधनको छोरा शङ्खबोल, शङखबोलको माइला छोरा रनधोज, रनधोजको छोरा बमबहादुर र बमबहादुरको छोरा म गजूरमान एकै भाइ हुँ । मेरा छोराहरु सनद, बलराम र किशोर तीन भाइ छन्, छोरी पाँचजना छन् ।

**हवस् त यतिञ्जेलसम्म आफ्नो कुरा राखी दिनु भएकोमा धन्यवाद ।**

लौ लौ धन्यवात । तिमी पारी गाउँका रहेछौ, भेटघाट छैन । यी आफ्नो त बोली हरायो, आँखा हरायो..., सब कुरा हरायो, रङ्गढङ्ग छैन बाबु हो !

*प्रस्तोता– चतुरभक्त सत्मराई*


नव वर्ष २०५७ को स्वर्णिम अवसरमा सम्पूर्ण देशवासी तथा प्रवासी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दुमि किराँत राई फन्सिकिम केन्द्रीय कार्य समिति**

**तथा**

**सम्पूर्ण प्रारम्भिक कार्य समिति**

# मस्युमे अम्रिखा राईसँगको कुराकानी



*वि.सं. १९९८ मा बाक्सिला डाँडा गाउँमा जन्मेका श्रीमती अम्रिका (अम्बिका) राई बाबु रामबहादुर रङकासु राई र माता चन्द्रमाया राईका सुपुत्री तथा अम्बरबहादुर हदी राईका धर्मपत्नी हुनुहुन्छ । उहाँ बाक्सिला हलकुमका नक्छु टेकबहादुर राईको मस्युमे वा मायामी हुनुहुन्छ । किराँत धर्म तथा संस्कृतिको फाँटमा आफ्नो सातवर्षे उमेरदेखि नै छमकटे नागीरे धामीको साथमा मस्युमे भई नाँचमा हिडेर मन बचन र कर्मले किराँत धर्म तथा संस्कृतिको वर्तमान समयसम्म उत्थान र संरक्षण गर्ने कार्यमा जुटिरहनुभएको छ । बाक्सिला सेरोफेरोको धेरै त्यस्ता मस्युमेहरूमध्ये उहाँ एक चर्चित मस्युमे हुनुहुन्छ । दुमी किराँत राई फन्सिकिमको गठन भएपश्चात् विभिन्न कोणबाट फन्सिकिमलाई उहाँबाट अत्यन्त सहयोग प्राप्त हुँदै आएको छ । प्रस्तुत् छ यहि २०५६ साल चैत्र १८ गते उहाँसँग (साथमा श्रीमान् अम्बरबहादुर हदी राई समेतको सहभागीतामा)* इसिलिम *ले लिएको निजको अनुभव र चिन्तनको कोसेली:*

| **तपाईलाई प्रायः "मस्युमे" भनेर चिनिन्छ ? यो काममा कहिलेदेखि लाग्नु भएको हो ?**

✍ म सातवर्षको उमेरदेखि नै नाँच्नु हिड्नु थालेको हो । यसरी हिडीदैनथ्यो होला, तर छमकटे भन्ने नागीरे धामीले सपनामा पाएछ र उसैले घरमा आई रीतिविधि गरेर मलाई 'मस्युमे' बाँधेको हो । अरु चैनबुढी, छमकटेनी आफै पनि मस्युमे थिए । म त सानै थिएँ त्यसैले आमा बाबुले नाँचमा हिड्न चाहिँ अनुमति दिएनन् ।

| **"मस्युमे" बाँध्नको लागि के कस्तो रीतिविधि गर्नु पर्दछ ? के सपनामा पाएकोलाई मात्र बाँधिन्छ हो ?**

✍ नागीरे धामी निस्केपछि मस्युमे कसलाई बनाउने भन्ने कुरा उसले सपनामा त्यसै पाउँछ भन्थे धामीहरु होला र नै त्यसो भने । मस्युमे बान्नुको लागि सपनामा पाएपछि धामीले एक कठूवा रक्सी भेटी ल्याएर घरैमा आउँछ र सम्बन्धित व्यक्ति अविभावक समक्ष शिर उठाउने राखी मस्युमे बान्दछ । त्यसपछि धामीले जुन घरमा नागु, तिधाम गर्ने हो सो घरको मानिसले मस्युमेको लागि भनेर भिन्नै रक्सी लिएर धामीको घरमा आउँछ । धामीले फेरी त्यो रक्सी मस्युमेको घरमा लगी निमन्त्रणा गर्दछ र धामीसँगै निमन्त्रणा गरिएको घरमा जानु पर्छ ।

| **मस्युमेको खास अर्थ चाहिँ के हो ?**

✍ बेरामीलाई उपचार, अप्रेशन गरेर निको पार्ने काममा डक्टरलाई सिस्टर (नर्स) को आवश्यकता परे जस्तै नागीरे धामीलाइ पनि सारी सुमर (व्याथा) मार्नु सहायताको लागि मस्युमेको जरुरत पर्दछ । धामीसँग तायातुवु (जान्ने सुन्ने पूर्खाहरु) चुसबस (ढोले) पनि हुन्छन् र त्यसको साथमा मस्युमे पनि हुनुपर्दछ । त्यसैले मस्युमे भनेको सारी सुमर (व्यथा) मार्न सघाउने सहयोगी महिला हो ।

| **"मस्युमे"ले धामीलाई बेथा मार्न कसरी सघाउँदछ त ?**

✍ धामीको आ-आफ्नै मुदुमको बाटो हुन्छ । त्यो बाटो भनेको घरको चुलाबाट पाछु (बल) मागी हिडेर खोकुना रेप्सुना (खोक्मा गाउँको कुवा), खार्मीको भूमे, मेलेले तुप्सु (ससर्काको भूमे) हुँदै जायजुम (मलथुम्का डाँडा) पुगेर फेरी सापायुमा (रावाखोला दुधकोशी दोभान) हुँदै चुँइखा (रावाखोला दिवसुङ छेउ) सम्म आई पुन चुलामा नै पसेर समाप्त हुन्छ । यो हरेक ठाउँमा पुग्दा भिन्न भिन्नै सिलीमा नाँच्नु पर्दछ । धामीले बखान्दै लाने र मस्युमेहरुले ति ठाउँहरुमा कतै चासुम सिली (बिउ रोप्ने), कतै सिकें माके सिल्ली (तान बुन्न अभिनय), कतै नागुर सिली (कराङ कुरुङ चरा लहर लागेर उडेको जस्तो अभिनय) सिली, कतै खादिम सिली (धर्तीमा हिड्ने), कतै पतेल

सिल्ली र कतै दिवु सिल्ली (शिकारी देवलाई बुझाउँने अभिनय) गर्नु पर्दछ । यी सिल्लीहरु भित्र पनि कैयौं उपसिल्लीहरु छन् । यी सबै सिल्लीहरु नबिराई गरेमा



*नक्षोको साथमा मस्युमे अम्रिखा राई, बायाँबाट दोस्रो*
*साभार: जर्ज भान्द्रीमको A Grammar of Dumi नामक पुस्तकबाट*

सुमर (वेथा) मर्छ । नत्र उकारपकार लाग्दैन ।

। **त्यसो भए मस्युमे हुनलाई के के योग्यता र गुणहरु हुनु पर्दछ त ?**

✍ धामीले सपनामा पाएको, सुप्तुलु (अगेना) मा बल माग्न सक्ने, आफ्नो कुरा जान्ने, रिसिय (धार्मिक मुन्दुम गीत) गाउन र भन्न सक्ने, धामीको बाटो पहिलाउन सक्ने, सिल्ली टिप्न र नाँच्न जान्ने, सम्दु (विन्तीभाउ) गर्न सक्ने हुनुपर्दछ ।

। **यो सिलीहरू कहाँ-कहाँ कसरी गरिन्छ त ? बताइदिन सक्नु हुन्छ ?**

✍ नागु तिधाम छमदम गर्दा घरभित्रबाटै चारिकु ( आागन), पतेल (बलेसी) सिली थालिन्छ । यसमा सुप्तुलुबाटै उठेर दछेम (भार) मछेम (न्वागी गर्ने ठाउँको सानो भार) छेकामा मेर्सुमा (रङकासु पाछाको दिदीबहिनीहरुलाई जनाउने शब्द), निनाम्बु (घाम), पारुवु, रुवावु (पारुहाङ) ङाएम (नायम), रुमिपामी (सहभागी सबै)को शीर उठाएर लानुपर्छ । यो सिली सबैको एकै खालको छैन । हामी चाहिँ चुलाबाट उठेर खोकुना रेप्सुनामा पोपो सिली (लाटकोसेरो चराको अभिनय) गर्छौं । त्यस्तै खामीको भूमेमा मओ सिली (कल्चुडा चराको अभियान), मेलेले तुप्सु (ससर्काको भूमे) मा चासुम सिली गर्छौं, जसमा भस्मे फाड्ने, चकमक पारेर झ्यास डढाउने, खन्ने जोत्ने, पारुवु नायमसँग पानी माग्ने, बिउ मागेर छर्ने, बिउ उम्रिएपछि गोड्ने, रोप्ने, पारुवु नायमसँग फेरी पानी माग्ने, पानी पटाउने, अन्नबाली टिप्ने, पारुवुलाई चढाउने, आफू खाने, अरुलाई ख्वाउने सिलीहरु हुन्छन् । त्यसपछि जायजुममा पुगेर सिके सिली माके सिली गरिन्छ । यसमा पनि भष्मे फाँड्ने, आगो लगाउने, खन्ने जोत्ने, पारुवु नायमसँग पानी माग्ने, कपासको बिउ माग्ने र छर्ने, गोड्ने, गोड्दा नाम्दिरिप्पा सुप्पु (पखेटा छोटो भएको एक प्रकारको फटिङ्ग्राको जात) जसलाई बोक्चम पनि भनिन्छ, त्यसलाई पक्रने, खेलाउने र पटुकामा सिउरने, कपास टिप्ने, ओइटामा केलाउने, चर्खामा धागो कात्ने, प्यूरी बनाउने, तान बनाउने, तान लगाउने, डेङे (कपडा बुन्नलाई मेसो बनाइ दिने धागो) टिप्ने, जुवा फड्काउने, थुरी हान्ने, खुट्टा चलाउने कपडा बुन्ने, धागो चुडिएपछि गाँस्ने, कपडा बुनेपछि बाह्र-बाह्र हात नाप्ने र नक्षु, चुसबस, तायातुवु, रुमिपामी सबैलाई बाधीदिने सिली, रावाखोला चुइँखामा खादिम सिली (धरतीमा ओहोर दोहोर गर्ने अभिनय) र अन्तमा दिवु सिली गरिन्छ, जसमा पूर्खाहरुलाई पाछु माग्ने बिदाउने काम हुन्छ ।

। **मस्युमेले रिसिय गाउँदा के कुरालाई प्रकाश पार्नु पर्दछ ? र त्यो गाउँनको तात्पर्य के होला ?**

✍ सुमर मार्नको लागि रिसिय गाइन्छ । यो पनि सिली अनुसार गाउँनु पर्छ । जस्तो चारिकु, पतेलकु सिलीमा निम्न रिसिय गाइन्छ:

चारिकु, सुवुकु, पतेलकु, छाम्छेनी
छेकामा मेर्सुमा, तोदुमा, मस्युमदि
सम्लुलोनी, दोलोकुम्मा दो मस्युमे दो ।१।

× × ×

निनाम्वु, रुवावु, ङाएम सम्लुलोनी
छेकामा मेर्सुमा तोदुमा सिविमा मस्युमदी
पतेल सुप्तुलु, लामालु दहछेम्मां, मसिछेम्मा
सुम्लुलोनी दोलोकुम्मा दो मस्युमे दो ।२।

रिसिय गाएर विधि पुऱ्याउन सकियो भने सुमर

मर्छ, आयु बढ्छ । तर आजकल रिसिय गाउन पनि छाडिसकेका छन् । गाइयो भने पनि अर्थै बुझ्दैनन् ।

| **त्यसो भए मस्युमे र नागीरे धामीको ठूलो सम्बन्ध देखिन्छ, हैन त ?**

✍ सम्बन्ध मस्युमेसँग मात्र हैन तायातुवु, थुलुपुलु, चुसवस (ढोले धूपौरे) सँग पनि त्यत्तिकै गहिरो सम्बन्ध छ । खक्चिलिपु,तोमा, खेमाकै पालोदेखि चली आएकाले उनीहरुलाई अलग गर्नै मिल्दैन । यदि उनीहरु छैनन् भने पनि धामीले सबैको नाम लिई वखान गरेर विधि पुऱ्याउनै पर्दछ ।

| **किराँत धर्म तथा संस्कृति बचाउन मस्युमेको भूमिका कस्तो रहला ?**

✍ कुलपित्रलाई मनाउन र खुसी तुल्याउन धामीले मात्र पनि सक्तैनन् । त्यसैले उसलाई पनि मस्युमे चाहिएको हो । मस्युमे पनि तायातुवु जत्तिकै जान्ने सुन्ने हुन्छन् । मस्युमे आफै पनि धामीको एक अभिन्न अङग तथा मुदुम भित्रको अङग हो । किराँत धर्ममा यो पुरानै चलन हो । उनीहरुले धामीलाई काम गर्नेबाटो फराकिलो, बनाउदछन् । सघाउपघाउ गर्छन, जोश र बल दिन्छन् । नम्मो छिम्मा वा आजाङखिनी (पहिलेका) कुरा ल्याएर सबैलाई सुनाउँछन् । इतिहासलाई फर्केर हेर्न प्रेरित गर्छन् । त्यसैले मस्युमेको काम पनि ठूलै छ ।

| **किराँत छमदम नागु, तिधाममा मस्युमेको रुपमा के कति सहभागी हुनु भयो ?**

✍ छमदमर्मा चाहिँ थोरै मात्र हिडेको छु तर अरु काममा त गनेर साध्य नै छैन । हाल नक्षू टेकबहादुरको मस्युमेको रूपमा हामी तीन चार बहिनी हिडीरहेकाछौं ।

| **तपाई यस कार्यमा लागी रहनको के के उद्देश्यहरू हुन सक्छ ?**

✍ आफ्नो पिता पूर्खाले गरेको कर्म धर्म भएकाले यो छोडनु हुँदैन । यसैमा राम्रो छ ।

| **छमदमको लागि चाहिने मुख्य चिजहरु के के होलान् ?**

✍ मुनाल अथवा डाँफेको मोधाम (पितृदेवलाई चढाउने मासु) चाहिन्छ । यदि नपाएमा कालिजको भएपनि चल्छ । त्यस्तै जगर फूलेको सुँगुर चाहिन्छ । कर्म गर्नेले पक्का मनभावले गरेपछि यी सबै कुराहरु पाइन्छ । पितृलाई चढाउने भनेपछि एकै वर्षमा पनि सुँगुर फूल्छ ।

| **हाल बाक्सिला सेरोफेरोमा सिपालु नागीरे नक्षूको नाम लिनुपर्दा कस्को नाम लिनुहुन्छ ?**

✍ किराँत नक्षूहरू सबै सिपालु छन्, तर बाक्सिलाको सेरोफेरोमा चाहीं टेकबहादुर नै बढी हिडाउँछन् । किन की कुबिनी सेलेमी र नागीरे पनि हो ।

| **हाल दुमी किराँत राई फन्सिकिमले *इसिलिम* पत्रिका प्रकाशन गरी किराँत धर्म संस्कृतिको खोज, संरक्षण गर्ने कार्य गर्न खोजिरहेको छ। तपाई यसलाई के सुझाब दिन चाहानु हुन्छ ?**

✍ सबै समेटिन सकेको देखिन्न के भएर हो । आफ्नो धर्म संस्कृति र मुन्दुमको वास्ता गर्नेको लागि यो ठूलो कुरो हो । तर वास्ता नगर्नेको लागि केही होइन । मानिसहरु जाँड रक्सी खाएर ऋणमा डुबेर हिड्छन तर एउटा पत्रिका किन्न मान्दैनन् । त्यसैले यसमा सबैले हाइगुहार गर्नुपर्छ ।

## परिशिष्ट २

**शब्दार्थ**

| | | |
|---|---|---|
| चारिकु | = | आँगन |
| पतेलकु | = | सिकुवा/बलेसी |
| रिसिय | = | धार्मिक साखाम (शास्त्रीय) गीत |
| सुवुकु | = | कुवा/धारा |
| छाम्छेनी | = | देख्यो |
| सम्लुलोने | = | विन्ती गर्दैछु |
| दोलोकुम्मा | = | गोलघेरा/वृत |
| दो | = | गीत संगीतमा आउने एक लय |
| मस्युमदी | = | नक्छुसँग मुन्धुमको बाटोमा सँगसँगै हिड्ने नर्तकी महिला |

**प्रस्तोताः चतुरभक्त सत्मराई/सुजन हदीराई**

# दुमी किराँत संस्कृतिका चार संञ्चालकहरू

-खगेन्द्र हलक्सुराई, माक्पा, लेवा

दुमी किराँतराईको कुलपित्र संस्कार सञ्चालन गर्ने आफ्नै तौर तरिका र रीतिरिवाज रहेको छ । यस जातिको धार्मिक सांस्कृतिक परम्परा सञ्चालन गर्न पूर्खाको महत्वपूर्ण भूमिका हुन्छ । यी कार्य गर्ने पूर्खाले अनिवार्य रुपमा आफ्नो भाषा जानेको हुनुपर्छ । अन्य भाषाबाट गरिएको पितृ पूजा पितृलाई स्वीकार्य हुँदैन भन्ने मान्यता रहेको हुनाले आफ्नो भाषा नजान्नेलाई यो कार्य गर्न लगाइदैन । धार्मिक, सांस्कृतिक कार्यको क्षेत्र, विशेषता, महत्व आदिको आधारमा दुमी किरातराईको रीतिथिति सञ्चालन गर्ने पूर्खाहरुलाई ४ वर्गमा विभाजन गर्न सकिन्छ, जुन यसप्रकार छन्–

**कुबिमीः–**

यस वर्गमा पर्ने पूर्खाले दुमीहरुको कुलपित्र, जन्म, विवाह, मृत्यु आदि कार्यहरु गर्दछ । यस्तो पूर्खाले दुमी किराँतराईको वंशावली धार्मिक सांस्कृतिक रीतिविधिहरुको बारेमा राम्रो जानकारी राखेको हुन्छ । दुमी भाषामा कुलपित्रलाई खुलुखुक्सु भनिन्छ । यस जातिको जेष्ठ व्यक्तिलाई यो कार्यभार प्राप्त हुन्छ । कुलपित्र, चुलोको पूजा, विवाह, मृत्यू, संस्कार आदिमा प्रयोग हुने दुमी भाषा प्रचलित दुमी भाषाभन्दा फरक हुन्छ । यस सम्बन्धी काम गर्नेलाई कुबिमी भनेर सम्बोधन गरिन्छ । कुबिमीले कुलपित्रको पूजा-आजा गर्दा चोखो जाँडको चिण्डो, अदुवा केराको पात (याम्ला) आदिको प्रयोग गर्दछ । दुमी राईहरुको चुलो गाड्ने र उखेल्ने काम नयाँ बाली खानका लागि विधि फुकाउने काम आदि पनि कुविमीद्वारा नै गर्ने गरिन्छ । हिन्दू धर्ममा रुद्री, महारुद्री भनेर गरिने पूजापाठ जस्तै दुमी राईभित्र नागी, छमदम, छिदम र दिदम गरिन्छ । यो काम गर्ने पूर्खालाई नागिरे भनिन्छ । नागिरेले अदुवा, चोखो जाँडको चिण्डो, केराको पात (याम्ला), तोङबा चलाउँदछ, सुनाखरीबाट बुनेको झोला, दुम्सीको काँडाबाट बनाएको फुर्का भएको झोला भिरेर धनु, बाण, ढोल, झ्याम्टा, आदि प्रयोग गर्दछ र राँगा, सुँगुर, कुखुरा काटेर वलि दिने गर्दछ । दुमी किराँतराईहरुको प्रचलनमा छमदम, छिदम, दिदम गर्दा घरमा पालेको सुँगुरको माऊ, बुचो, बिर, बुढो भएर केश फुलेपछि जाँड पकाई नागी गरी धनुकाणले प्रहार गरेर सुँगुर मार्ने अचम्मको प्रचलन पनि छ । नागी र छिदममा सुँगुर वाणले हानेर बलि दिइन्छ भने दिदममा सुँगुर र छमदममा कुखुरा, सुँगुर, राँगाको बलि दिइन्छ । दुमी भाषामा कुखुरालाई "फाफु" सुँगुरलाई "पोओ" वा भाले सुँगुरलाई "छानीपा" र पोथी सुँगुरलाई "छानीमा" भनिन्छ ।

**सेलेमीः–**

यस बर्गमा झारफुक गर्ने धामी, झ्याँक्री, बिजुवा आदि पर्दछन् । यिनीहरुको प्रमुख कार्य बिरामीको उपचार गर्नु हो । कुनै पनि मानिस बिरामी पर्दा जोखना हेरी रोग पत्ता लगाई झारफुक गर्ने, चिन्ता बस्ने काम सेलेमीले गर्दछ । आजको बैंज्ञानिक युगमा यो अवैज्ञानिक, अन्धविश्वास जे भनेर अर्थ लगाए पनि औषधि, डाक्टर, अस्पताल आदिको सुविधा प्राप्त नभएको ठाउँका मानिसहरु यसैमा निर्भर रहेका छन् । गाउँघरका मानिसहरु आधुनिक चिकित्सा प्रणालीमा भन्दा यहि झारफुकमा बढी बिश्वास गर्दछन । जाँड, रक्सी, ढोल-ह्याङ्ग्रो, अदुवा, चामल, केराको पात, अम्रिसो, काउलो, सिन्कौली, सेउली (इसिलिम), बाँसको फुर्को, रुद्राक्ष, दुम्सीको काँडा, मृत शरीरको नली खुट्टा, धनेसको टाउको, सर्पको हाडमाला, हस्ती हाड, सिंहको नङ्ग्रा वा दाँत, हरिण वा मृगको सिङ, सेतो कालो विभिन्न प्रकारको बहुमूल्य बज्र तथा ट्रमालीन ढुङ्गा (देवढुङ्गा) हरुको साथै अन्य बहुमूल्य साधनहरुको प्रयोग गर्दछन् । कसै कसैले पहाडी जंगलमा पाइने जडिबुटीहरु पनि प्रयोग गरेर विरामीलाई उपचार गरेको पाइन्छ । यसरी झारफुक गर्ने धामीहरूको उत्पत्तिको प्रक्रिया बिशेष प्रकारको हुन्छ ।

यिनीहरु केटाकेटी, वयस्क, बुढाबुढी, महिला-पुरुष, जो कोही पनि हुन सक्छन । कुनै देव-देवीको मन्दिरमा दर्शन गर्न जाँदा, अरु धामी चिन्ता बसिरहेको हेर्न जाँदा, धाममा दर्शन गर्न जाँदा, कुनै व्यक्ति काम्न थालेमा धामी निस्कन सक्दछ भन्ने अनुमान गरिन्छ । यो धामी हुने प्रथम लक्षण हो । तसर्थ जान्ने बिजुवा धामीलाई ठूलो चिन्ता राखेर गाउँघरबाट चामल, जाँड, रक्सीको सरो उठाएर त्यस व्यक्तिलाई धामी निकाल्ने व्यवस्था गरिन्छ । यहि धामीलाई दुमी भाषामा 'नक्षो' भनिन्छ । नक्षोहरुले गर्ने चिन्ता पूजा-आजा र कार्य पद्धतिमा पनि विभिन्नता रहेको पाईन्छ । यस अनुसार घरभित्रको कुलपित्रको पूजाआजा कुबिमीले गर्दछ भने घर वाहिरको भूमेपूजा बाहेक देव-देवी, खोलानाला, भीर, पहारा, वनजंगल, आदिको पूजा गरी वली चढाउने कार्य सेलेमीले गर्दछ । एउटा प्रमुख फरक काम के हुन्छ भने यदि कुनै मानिस बुढो भई विरामी भएर स्वभाविक मृत्यू भएमा त्यसको आत्मालाई घरभित्र चूल्होमा डाकिन्छ । यसलाई राम्रो मृत्यु मानिन्छ । यो काम कुबिमीले गर्दछ भने यदि कुनै मानिस घाउ, खटिरा, जस्ता रोगहरु लागेर साथै कुनै ठाउँबाट लडेर, खोलामा बगेर आदिबाट मृत्यु भएमा नराम्रो बाटो लिएर गएको मानिन्छ । यसलाई नराम्रो मृत्यु मानिन्छ । त्यस्ताको मृत्यु संस्कार नक्षो (सेलेमी) बाट गराईन्छ र त्यसरी मरेको मृत आत्मालाई चुलामा आउने अनुमति दिईदैन । त्यस्ताका आत्मा सिँहें, वायू, ममसी, भुतप्रेत हुन्छ भन्ने विश्वास गरिन्छ ।

## मायामी:

यस वर्ग भित्रका मानिस कला, सीप, कौशल आदिमा निपूण हुन्छन् । बाँसको चोयाबाट डालो, नाङलो, मान्द्रो, भकारी, डोको, नाम्लो, डोरी कपडा आदि बुन्ने काम, काठको काम, गीत, संगीत आदिको काम खुवै कुशलतापूर्वक गर्दछन् । समाजभित्र आवस्यक पर्ने धेरै भन्दा धेरै सामान आफैले उत्पादन गरी उपभोग गर्ने भएकाले यस वर्गको महत्वपूर्ण स्थान रहेको हुन्छ । किराँत नक्षोहरुले प्रयोग गर्ने फ्याक्सुम् (झोला), सिलदुम्री (धामीको फेटामा बाँध्ने दुम्सीको काँडा र सुनाखरीको धागोले बुनिएको एक प्रकारको फेटा) यिनै मायामीहरुले बुन्ने गर्दछन् । मायामीहरुले गर्ने सिप र कलाहरु अन्य व्यक्तिहरुले पनि गर्न सक्दछन् तथापि किराँत धार्मिक तथा सांस्कृतिक बाङमयमा यो काम मायामीहरुले गर्दछन भन्ने विस्वास गरिन्छ ।

## तायामी:

यस वर्गमा उपरोक्त तीन वर्ग वाहेकका मानिसहरु पर्दछन् । यिनीहरु विभिन्न धार्मिक सांस्कृतिक कार्यहरुमा सहयोगीको भूमिका खेल्दछन् । तायामीले कुबिमी, सेलेमी, नक्षोहरुको अत्यन्त सहयोगीको रुपमा रहेर काम गर्दछ । नागी, तिदाम्, छिदाम्, दिदाम्, छमदम् र अन्य साना-तिना कुलपित्रको कार्यहरु गर्दा समेत तायामीको रुपमा जान्ने पूर्खाहरु बसेर रीतिविधिहरु सम्पन्न गर्दछन् ।

अन्त्यमा के भन्न सकिन्छ भने कुविमी, सेलेमी, मायामी र तायामी दुमी किराँत सँस्कृतिलाई विस्तार र संम्भार गर्ने महत्वपूर्ण खम्बाको रुपमा रहेको पाइन्छ । ❑


नयाँ वर्ष २०५७ को
शुभअवसरमा सम्पूर्ण नेपाली
दाजुभाइ तथा
दिदीबहिनीहरूप्रति सुख, संवृद्धि
तथा सुस्वास्थ्य तथा उत्तरोत्तर
प्रगतिको
*हार्दिक मंगलमय शुभकामना*

अध्यक्ष
**बलराम राई**
तथा खार्मी गा.वि.स. परिवार

# किराँतहरू र शिवजी

✍ भु.पु.सासंद टंक हमरुचुराई

धेरै मानिसहरुका किराँती र शिवजीको सम्बन्धका बारेमा भ्रम रहेको पाइएको छ । अझ हिन्दू धर्मका कर्मकाण्डी विद्वानहरुले किराँतहरुलाई शिवजीको सन्तानका रुपमा व्याख्या गरी दिंदा ठूलो भ्रम सृजना हुन गएको छ । कथित कर्मकाण्डी विद्वानहरुले भने जस्तै के किराँतहरु शिवजी र पार्वतीका सन्तानहरु हुन त ? के शिवजी र पार्वतीका सन्तान भएर पनि किराँतीहरुले हाल आफूलाई गैर हिन्दू भनिरहेको हुन् त ? के पारुहाङ्ग र सुम्निमा नै शिवजी र पार्वती हुन् त ?

**हिन्दूहरुलाई ठूलो भ्रम परेको छ, शिवजी भनेका किरााती कै पूर्खा हुन् भन्ने ।** त्यस्तै किराँतीहरलाई पनि यस्तो भ्रम नरहेको होईन । धेरै हिन्दू विद्वान र साथीहरुले पशुपतिमा रहेको किराँतेश्वरको मन्दिरलाई इङ्गित गरेर मलाई नै पनि धेरै पटक 'किराँतीका पूर्खालाई पनि हामीले पूजा गरेका छौं । हामी कति सहिष्णु र महान छौं,' भनेका छन् । तर के पशुपतिमा स्थापित किराँतेश्वर महादेव मन्दिर किराँतीहरुको मन्दिर हो ? यी र यस्ता प्रश्नहरुलाई हामीले ठिक र तर्कसंगत ढङ्गले समाधान गर्न सक्यौ भने मात्र नेपालमा रहेका जाति/जनजातिका बारेमा र नेपालका धर्म दर्शन र त्यसले सृजना गर्ने मनोविज्ञानलाई हामीले ठिकसँग बुझ्न सक्तछौं ।

नेपालमा उपलब्ध पुराना धार्मिक पुस्तकहरु हिन्दूहरुको पुराण र वेदहरु नै हुन् । किराँतीहरु पुराना जाति भएता पनि यो जातिको लिपीको विकास त्यति पुरानो नभएकाले र लेख्ने परम्परा पनि प्राय: नभएकाले लिखित इतिहास र धर्म गन्थहरु सहजरुपमा प्राप्य छैनन् । त्यसैले हामीले धेरै कुराहरु हिन्दू धर्मका पुस्तकहरुका आधारमा बुझ्नु पर्ने हुन्छ । हिन्दू धर्मशास्त्रको पुराणहरुमा र श्री स्वास्थानीको ब्रतकथामा शिवजीको बारेमा अनेकौ वर्णन गरेको पाईन्छ । ती पुस्तकहरुमा, शिवजीलाई गोरुमा चढेर हिड्ने, विष/भाङ/धतुरो खाने, मशानमा बस्ने, चिता भष्म (खरानी) जीउभरि घस्ने, भुतप्रेत पिसाचका मालिक, सतिदेवी र पार्वतीका लोग्ने, कुमार गणेशका पिता र कैलाशका अधिपतिका रुपमा वर्णन गरेको पाईन्छ । यिनै शिवजीले बेला-बेलामा किराँत रुप धारण गरेको भन्ने समेत उल्लेख गरेको पाईन्छ । यसरी किराँत रुप धारण गरेको बेलाको शिवजीलाई हिन्दूहरुले किराँतेश्वर महादेवका रुपमा वर्णन गरेको पाईन्छ । हो यहि किराँतेश्वर महादेवका सन्तान भएकाले नै किराँतीहरु पनि हिन्दू नै हुन् भन्ने जिकिर हिन्दू कर्मकाण्डीहरुको समेत रहेको देखिएको छ ।

सबै भन्दा पहिले हामीले शिवजीको किराँती रुप धारणका बारेमा प्रष्ट बनौं । कुनै पनि रुपको नक्कल गर्नका लागि वा प्रतिरुप बन्न वा रुप धारण गर्नका लागि त्यसको वास्तविक स्वरुप उपलब्ध हुनु पर्दछ । वास्तविक स्वरुप भएर मात्र त्यसको नक्कल गर्न सकिन्छ । 'शिवजीले किराँती रुप धारण गरे' भन्नाले के कुरा प्रष्ट हुन्छ भने शिवजी भन्दा पहिला पनि किराँत भन्ने जाति अस्तित्वमा थियो । यहि जातिको कतिपय बर व्यवहारहरु शिवजीले ग्रहन गरेको अवस्थालाई शिवजीले किराँत रुप धारण गरेको हो भनिएको हो । यसरी शिवजी भन्दा पनि पहिला अस्तित्वमा रहेका किराँत जातिहरुलाई शिवजीको सन्तान भन्न कदापी सकिदैंन । त्यसैले शिवजी किराँतीहरुका पूर्खा वा आराध्यदेव नभएर हिन्दूहरुकै पूर्खा र आराध्यदेव हुन् । फेरि किराँती समुदायमा आफ्ना पूर्खाहरुलाई देवता वा ईश्वरका रुपमा पूजा गर्ने परम्परा रहेको छैन । त्यहि परम्परालाई हेर्दा पनि किराँतीहरुले शिवजीलाई मात्र पूजा गरेका हुन् भनेर भन्न सकिदैंन । यो कुराले पनि हामी प्रष्टसँग भन्न सक्तछौं कि शिवजी किराँत थिएनन् र किराँतीहरुको शिवजीसँग कुनै प्रकारको पुर्ख्यौली सम्बन्ध रहेको छैन ।

शिवजीका सतिदेवी र पार्वती दुई पत्नी रहेको वर्णन धार्मिक पुस्तकहरुमा पाईन्छ । यसैगरी उनका दुईजना छोराहरु श्री गणेश र कुमार रहेको समेत वर्णन पाईन्छ । तर किराँतीहरुको कुनै पनि कहावत, किंवदन्तिमा यस्तो दुई पत्नी र दुई छोराका पिता रहेको पूर्खाको वर्णन पाइँदैन ।

सामन्तवदी संस्कृतिको चेपारोमा परेर पनि किराँतीहरुमा छोरीलाई अझैसम्म त छोरा सरह मान्यता दिने चलन विद्यमान रहेको छ । यस समुदायको चलन अनुसार ज्वाईलाई सम्पती वा सम्मान हुनाले वा नहुनाले हेला होचो गर्ने परम्परा छैन । यस समुदायमा ज्वाईलाई घरको सदस्यको रुपमा लिइन्छ । ज्वाईलाई सुख दुःखको सबै कुरा थाहा हुन्छ । तर आजभोली पनि हिन्दू समुदायमा ज्वाईलाई कुटुम्बको छोराका रुपमा लिइन्छ र उनलाई घरको सबै कुरा भन्नु हुँदैन भन्ने मान्यता राखिन्छ । प्रेम विवाहलाई सम्मान्य दृष्टिले हेर्ने किराँत समुदायको अहिले विकास भएको धारणा होइन । यो आदिकाल देखि नै चलिआएको चलन हो । यस्तो समुदायको शिवजी रहेका भए देखि दक्ष प्रजापतिले अपमान गर्ने र शिवजीलाई हेचा होचो गर्ने भन्ने सवालै हुँदैन थियो । यदि शिवजी किराँत समुदायको भएको भए श्री स्वस्थानीमा वर्णित दक्ष प्रजापतीको यज्ञमा सहयोग गर्न अझ धेरै दिन अगाडि नै आईसकेको हुन्थे । किनभने किराँती समुदायमा सशुराली घरमा काम सघाउनु किराँती ज्वाईको कर्तव्य हो । यी सबै कुराहरु केही पनि किराँती समुदायको मान्यतासँग मेल नखाने भएकाले पनि शिवजी किराँत समुदायका सदस्य थिएनन् भन्ने प्रष्ट हुन्छ ।

शिवजीका मन पर्ने वस्तुहरुमा विष, भाङ, धतुरो रहेको उल्लेख गरिन्छ । यी तिनै वस्तुहरुसँग किराँत समुदायको कुनै प्रकारको पनि सम्बन्ध वा सांस्कृतिक लगाव रहेको छैन । यी वस्तुहरु किराँत समुदायका बीचमा लोकप्रिय छैनन् र यी वस्तुहरुको कुनै पनि प्रकारको प्रयोग किराँती समुदायले गर्दैनन् । किराँत समुदायका बीचमा लोकप्रिय रहेको जाँड र रक्सी विष, भाङ, धतुरोको समकक्षी होइन । बरु हिन्दू समुदायका धार्मिक मानिसहरु भाङ प्रयोग गर्दछन् । त्यस्तै शिवरात्रीका दिन वा अरु नै बेलामा पनि बरु हिन्दूहरु भाङको लड्डु खाने गर्दछन् । यो कुराले पनि शिवजी किराँत थिएनन् र उनी हिन्दू नै थिए भन्ने प्रष्ट पार्दछ ।

त्यसै गरी शिवजी चिता भष्म (चिताको खरानी) घस्ने र मशानमा बस्ने देवता हुन् भनिन्छ । सबैलाई थाहा भएकै कुरा हो, किराँती समुदायको मशान हुँदैन । किराँतीहरुको लास जलाउने गरिदैन । गाड्ने गरिन्छ र गाड्ने ठाउँलाई मशान भनिदैन । यसरी जुन समुदायको लास मशानमा लगिदैन त्यो समुदायको पूर्खा वा आराध्यदेव कसरी मशानमा बस्ने हुनसक्तछ ? त्यस्तै लास नजलाउने समुदायको पूर्खा चिता भष्म लगाउने हुनै सक्तैन । अरु समुदायको चिताको भष्म ल्याएर घस्ने भन्ने पनि हास्यास्पद कुरा मात्र हो । त्यसैले यो चिता भष्म धारण गर्ने ईश्वरको, लास नजलाई गाड्ने किराँती समुदायसँग कुनै प्रकारको सामिप्यता रहेको छ वा वंशजको सम्बन्ध रहेको छ भन्नु सम्पूर्ण किराँत समुदाय कै इतिहास र संस्कृतिको पुरा खिल्ली उडाउनु हो ।

त्यसैगरी बाहन कै कुरा गर्दा समेत पनि शिवजीको बाहन गोरु हो । किराँतीहरुको बाहन गोरु होइन र गोरु त किराँतीहरुले खान्छन् । राज्यले गाई/गोरुको मासु खाए वापत किराँती समुदायलाई कर समेत लगाएको थियो । २००८ सालमा प्रजातन्त्र प्राप्त भए पछि मात्र यो कर हटाइएको थियो । गाईको बहुउपयोगका बारेमा हिन्दूहरु जति सचेत रहेका थिए त्यति सचेत किराँत समुदाय कहिल्यै रहेको थिएनन् । त्यसैले पनि गाईको बहुउपयोग गर्ने शिवजी हिन्दूहरुकै पूर्खा रहेको कुरा प्रष्ट हुन्छ ।

शिवजी हिमालय प्रदेश कैलाशमा बस्ने भएकाले पनि किराँतीहरुसँग शिवजीलाई जोडिएको हुन सक्तछ । तर यसरी जोड्नमा समेत तार्किक सङ्गती रहेको छैन । किराँती समुदाय हिमालमा रहने जाति होइनन् । किराँती समुदाय न तराई, न लेक, न बेसी प्राय कछाडमा बस्ने गर्दछन् । काठमाण्डौंबाट बेदखल भए पछि पूर्व तर्फ गएर आजकै किराँत प्रदेशमा त्यहि किराँत समुदायको बसोबास हुन गयो । ति किराँतीहरुले बसोबास गरेको बस्तीलाई नै हेर्ने हो भने पनि किराँतहरु हिमाली क्षेत्रका बासिन्दा होइनन् भन्ने प्रष्ट छ । त्यसैले हिमालमा राज्य गर्ने भनेर शिवजीलाई भनिएको भरमा किराँतीसँग जोड्नु मुर्खता मात्र हुन्छ ।

शिवजीले लगाउने बस्त्रको चर्चा गर्दा बाघको छाला लगाउने भनेर वर्णन गरिएको पाईन्छ । अहिले पनि किराँतीलाई रिस उठेको बेलामा वा किराँतीलाई चिडाउनु पऱ्यो भने 'किरुवा (बाघ)' भनेर भन्ने गरिन्छ । यसको अर्थ के हो भने किराँतीहरु बाघलाई आफ्नो प्रतीकका रुपमा मान्दछन् । यसका साथै किराँती किंवदन्तिहरुमा 'किराँतीहरुको भाई बाघ' हो भन्ने रहेको छ । अर्थात

'किराँती, बाघ र अरेरीको काडा' एउटै आमाका छोराहरु हुन् भन्ने उल्लेख गरिएको छ । यसको अर्थ के भयो भने किराँतीहरु र बाघ सहोदर दाजू भाइ थिए । त्यसैले अहिले पनि माझ किराँत क्षेत्रमा बाघलाई किराँतीहरुले आफ्नै प्रतीकका रुपमा बुझ्दछन् । बाघ करायो भने वा बाघ जङ्गलमा देखा पर्‍यो भने 'किराँतीको दिन आयो' भनेर भन्ने गर्दछन् । यो कथनमा सत्यता नरहेको भए तापनि किराँत जातिमा बाघलाई कुन रुपमा हेरिन्छ भनेर प्रष्ट पार्ने आधारहरु यथेष्ट छन् । यसरी आफ्नो भाइ वा आफ्नो सुदिनको प्रतीकका रुपमा प्रदान गरिने बाघको छाला तिनै जातिको पूर्खाले लगाउने कुरा कल्पना पनि गर्न सकिँदैन । त्यसैले शिवजीको वस्त्रले पनि यिनी किराँत जातिसँग सम्बन्धित होइनन् भन्ने प्रष्ट पार्दछ ।

शिवजीलाई मन पर्ने फूल 'वेलपत्र' हो भनेर भन्ने गरिन्छ । किराँतीहरुका बीचमा प्रकृति र वनस्पतिको महत्व धेरै रहेको भएता पनि यो बेलको रुखसँग किराँतीहरुको कुनैपनि प्रकारको सांस्कृतिक सम्बन्ध कतै जोडिएको देखिदैन । किराँतीहरुका बीचमा काउलो, सेउली (एक प्रकारको कटुस), अम्लिसो (अम्रिसो), बाँस, ऐंसेलु काँडा जस्ता वनस्पतिहरुले सांस्कृतिक महत्व राख्दछन् । यी बिरुवाहरुको बेलपत्रसँग कुनै प्रकारको वंशानुगत सम्बन्ध समेत रहेको पाइँदैन । यसैले यस्तो बेल पत्र मन पराउने मान्छे किराँती कसरी हुन सक्तछ र ?

शिवजीको हतियारका रुपमा त्रिशुललाई लिने गरिन्छ । किराँती समुदायका बीचमा त्रिशुल हतियारका रुपमा रहेको कुनै इतिहास वा कहावतले पनि प्रमाणित गर्दैन । मानव विकासको इतिहासमा हतियारको विकास गर्ने क्रममा सबै भन्दा पहिले एक वस्तुनिष्ठ, त्यसपछि क्रमश: दुई वस्तुनिष्ठ, त्रिवस्तुनिष्ठ हतियारको विकास भएको हो भनेर भन्ने गरिन्छ । एक वस्तुनिष्ठ हतियारको विकसित रुप त्रिशुल हुन सक्तछ, जसले तामाको आविस्कारलाई पनि संकेत गर्दछ । तर किराँत समुदायमा यो हतियारको कुनै प्रकारको महत्व रहेको देखिदैन । किराँत समुदायमा हतियारका रुपमा भाला सबै भन्दा लोकप्रिय र विश्वासिलो हतियारका रुपमा प्रयोग भएको पाईन्छ । प्रारम्भमा यस्तो भाला एक वस्तुनिष्ठ रहेको भएता पनि यसैलाई विकसित गर्दै लाने क्रममा लामो भालाका लागि काठको प्रयोग हुन्थाल्यो र भाला दुई वस्तुनिष्ठ हतियारका रुपमा प्रचलनमा आयो । यसै हतियारले किराँती समुदायमा लोकप्रियता हाँसिल गर्‍यो । यसैका प्रतीकस्वरुप आजपनि किराँत समुदायमा धामीको मुन्दुम मार्ग लगाएत शुभकार्यमा भालाको प्रयोग अनिवार्य रहेको छ । किराँतीहरुको कुनैपनि प्रकारको भित्री र पित्री पूजाको अवसरमा त्रिशूल जरुरी छैन । भाला, तरवार तिर् र धनुष भने जरुरी छ । एक समयमा युगान्तकारी हतियारका रुपमा रहेको त्रिशुल किराँती समुदायको पूर्खाको हतियार रहेको भएदेखि भाला जस्तै गौरवको प्रतीकका रुपमा अझै पनि यो हतियारको पूजा किराँती समुदायमा हुने नै थियो ।

शिवजीले चलन गरेको भाँडो कमण्डलु हो भनेर भनिन्छ । शिवजीको नक्शाहरुमा कमण्डलु बोकेको देखाइएको छ । किराँती समुदायमा कमण्डलु आकारको भाडो कहिले प्रचलनमा रहेको पाईएको छैन । किराँती समुदायले सबै भन्दा पहिला प्रचलनमा ल्याएको भाँडो भनेको नै चिण्डो थियो । त्यसैले त्यो चिण्डोको सांस्कृतिक महत्व किराँत समुदायमा रहेकै छ । कहाँको चिण्डो र कहाँको कमण्डलु ! आइनो साइनो समेत यी दुईमा रहेको छैन । इतिहासकारहरु र पुरातत्वविदहरुले पुरानो समयमा प्रचलन गर्ने वस्तुहरुकै आधारमा मानिसहरु कुन मुलका र कस्ता समुदायका, कहाँ र कसरी बसोबास गर्दथे ? भन्ने व्याख्या विश्लेषण गर्दछन् । त्यसैलाई आधार मान्दा पनि शिवजीले प्रयोग गर्ने भाडा कुडा र किराँती समुदायले त्यस कालखण्डमा प्रयोग गरेको भाडाकुडा समेतमा कुनै पनि प्रकारको समानता नदेखिएकाले समेत शिवजी र किराँतको कुनै प्रकारको साइनो नरहेको प्रष्ट हुन्छ ।

शिवजीले कालकुट विष पिएर असैह्य जलन भए पछि सर्पको माला लगाएर जलन शान्त गराएको कथन छ, र सबै शिवजीको फोटोहरुमा सर्पका रुपमा गोमन सर्प प्रयोग भएको देखिन्छ । हुनत यी जम्मै फोटोहरु समेत हालसालैका कर्मकाण्डीहरुकै दिमागी उपज हो तर पनि यसले के संकेत गर्दछ भने शिवजी अवश्य समथर भू-भाग जहाँ गोमन सर्प पाईन्छ, त्यस गाउँमा नै कालकुट विष सेवन गरेका हुन सक्तछन् । त्यसरी गोमन सर्प पाईने ठाउँ किराँतीहरुले पुरातन समय देखि बसोबास गर्दै आएका किराँत

प्रदेश वा पहाडी भू-भाग अवश्य होइन । यो तराइकै कथा हो र त्यो भू-भाग वर्तमान भारत कै कुनै भू-खण्ड हुनुपर्दछ । त्यसैले गर्दा पनि पहाडी जनजाति किराँतीसँग महादेवको देखादेख भएको हुन सक्तछ तर साईनो सम्बन्ध भने लाग्ने देखिदैन ।

किराँतहरुका बीचमा शक्तिका रुपमा पूजा आजा गरिने भनेको जङ्गल, भीर, जमिन, खोला आदि प्राकृतिक वस्तुहरुको नै हो । यिनै वस्तुहरु किराँतीहरुका बीचमा शक्तिका प्रतीकका रुपमा सर्वमान्य रहेका छन् । शिवजीका शक्तिका रुपमा रहेको भूत, प्रेत पिसाच, तथा मशानको किराँती सम्प्रदायमा कुनै अस्तित्व समेत रहेको छैन । किराँतीहरुको मशान हुँदैन । किराँती समुदायको मशान नहुने भएकैले हिन्दू सम्प्रदायका मानिसहरुलाई होच्याउनु पऱ्यो भने 'मशाने' भनेर भन्ने गरिन्छ । यसले समेत के देखाउछ भने शिवजीको किराँती वंशज होइनन् ।

यी माथिका तथ्यहरु भन्दा पनि महत्वपूर्ण कुरा के हो भने किराँत समुदायले कहिल्यै आफ्ना पूर्खालाई ईश्वरका रुपमा स्थापित गरेनन् । किराँती समुदायका आदि पुरुष रहेका पारुहाङ्ग समेत भगवान वा ईश्वरका रुपमा भन्दा पनि आदि पुरुषका रुपमा मात्र पुज्य छन् । त्यस्तै सुम्निमा पनि आदि माताका रुपमा मात्र पूजिन्छन् । महाभारतको युद्धमा समेत सहभागी भएका किराँतहरु निकै पुराना जातिहरु हुन् । समकालिन योद्धा र बहादुरहरुलाई सम्बन्धितका सन्तानहरुले ईश्वरको उपाधि दिए र पूजा गर्न थाले, तर किराँत समुदायमा त्यसो गरिएन । किराँत समुदायमा बहादुर नभएकाले त्यसो नगरिएको होइन कि किराँत समुदायमा मानिसलाई ईश्वरका रुपमा स्थापना गरिने परम्परा नै रहेन । त्यसरी आफ्ना पूर्खाहरुलाई ईश्वरका रुपमा वा देवता भनेर स्थापित गर्ने परम्परा नै नभएको समुदायका शिरमाथी देवताहरुको पनि देवता (देवाधिदेव) लाई सम्बन्धित देखाउनु वा कुनै अमुक सम्प्रदायसँग सम्बन्धित मिथकिय व्यक्तित्वको सम्बन्ध त्यससँग पूर्णत असम्बन्धित समुदायसँग देखाउनाले तत् समुदायको सांस्कृतिक दर्शनलाई ठिक ढङ्गबाट बुझ्न कठिनाइ उत्पन्न मात्र हुँदैन कि समुदायको समेत घोर अपमान गरेको ठहरिन्छ । बुझेर नबुझेर यो काम भइरहेको छ, र मेरो आग्रह छ, यो काम रोकियोस् । कुनै पनि प्रकारले सम्बन्ध देखा नपर्ने र एउटा समेत पनि सामिप्यता देखाउने दिशा-प्रमाण फेला नपर्ने शिवजीलाई किराँत सम्प्रदायसँग सम्बन्धित भनिनु सरासर गलत हो । कुनै पनि जातिलाई ठीक ढङ्गबाट उसका ऐतिहासिक र सांस्कृतिक परिवेश सँगसँगै बुझ्न सकिएन भने त्यस जातिका वर्तमान आकांक्षा वा सांस्कृतिक दर्शनद्वारा सिर्जना हुने मनोविज्ञानलाई हामीले ठिकसँग बुझ्न सक्तैनौ । यदि यसरी कुनै पनि जातिको जातीय मनोविज्ञान ठम्याउनमा गल्ती भयो भने यसले निकै ठूलो हानी गर्ने कुरामा दुइमत हुनै सक्तैन । त्यसैले यी र यी जस्ता धेरै कुराहरुमा तर्कसंगत ढङ्गबाट सोचेर सहि कुरालाई स्थापित गरौं र सबै जातिको जातीय गौरबका कुराहरु संरक्षण गर्ने कार्यमा अघि बढौं ।


नयाँ वर्ष २०५७ को शुभअवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति सुख, संवृद्धि तथा सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

अध्यक्ष
**दैवकेशर राई**
तथा पाथेका गा.वि.स. परिवार

# किराँत सभ्यताका शिखर व्यक्तित्वहरू तोमा, खेमा र खक्चिलिपुः एक प्राग-ऐतिहासिक अध्ययन

✍ चतुरभक्त सत्म राई

**परिचय**

किराँत समुदायमा "तोमा खेमा र खक्चिलिपु" को कथा अत्यन्त लोकप्रिय रहेको पाइन्छ । यो प्राग-ऐतिहासिक कालको घट्ना विवरण भएको हुनाले तिथि-मितिको स्पष्ट उल्लेख गर्न नसकिए पनि महाभारत कालभन्दा अगाडि पारुहाङ र नाइमाकाल भन्दा पछाडिको मानिन्छ । यो कथ्य होइन तथ्य हो । तर यथेष्ट खोज अनुसन्धानको अभावमा यसलाई कथाकै रुपमा सुन्दै आएको पाइन्छ । यो त्यस्तो कथा हो जसका सार र गुणहरु आज किराँतको मात्र होइन साराको किंवदन्ती तथा लोक व्यवहार बन्न गएको पाइन्छ । तसर्थ यसलाई कथा भन्दा प्राग-ऐतिहासिक वृत्तान्त भन्न उपयुक्त हुन्छ । यस वृत्तान्तमा ती व्यक्तित्वहरुलाई किराँत समुदायले आदिम पूर्खा र सीपका मालिक मात्र होइनन्, किराँत सभ्यताकै शिखर नारी र पुरुष हुन् भन्ने कुरालाई प्रमाणित गर्न यो संक्षिप्त लेख प्रस्तुत गरिएको छ । अत: तोमा, खेमा र खक्चिलिपुलाई किन सभ्यताको शिखर व्यक्तित्वहरुमा गणना गरिनु पर्दछ भन्ने आधारहरु निम्न बुँदाका शीर्षकहरु मार्फत् अध्ययन गरिनेछ ।

**तोमा, खेमा र खक्चिलिपुको जीवन वृतान्तः-**

किराँतहरुको आदिम पूर्खा पारुहाङ नायमपछि पिता पापा पातेसुङ् र मामा दिलीदुम भनिएको छ । कसैले पारुहाङ पछि हेम्कुम्वुङ र निजपछि पापा पातेसुङ्ग र मामा दिलीदुमको वंशावली बताएका छन् । उनीहरुलाई दाखिली य़ारीता र मुखली यारिता पनि भनिन्थ्यो । समय बित्दै जाने क्रममा मामा दिलीदुमको गर्भबाट दुई छोरी र एक छोराको जन्म भयो । तिनीहरुको नाम क्रमश: जेठीको तोमा कान्छीको खेमा र छोराको नाम सम्चु राखियो । यिनै सम्चु पछि खक्चिलिपु भनि कहलिए ।

दैवसञ्जोग यी बालकहरु सानो छँदानै मातापिताको देहान्त भएकाले उनीहरु ठूलो बिचल्नीमा परे । तोमा, खेमाको राम्रो बुद्धिज्ञान आइसकेको थिएन । खक्चिलिपु त झन् सानै थिए । यी टुहुराहरुलाई जीवन निर्वाहको लागि ठूलो संकट भोग्नुपऱ्यो । घरमा पिठोको बन्दोबस्त नभएकाले तोमा खेमाले भाइलाई बोकेर केही नजिकको बस्तीतिर चहार्न लागे । जाँतोमा छोडिएका सामल बटुलेर जीवन निर्वाह गर्न लागे । तर सधैं जान थालेपछि गाउँलेहरुले छि:छि:-दुरदुर गर्न लागे । आइन्दा त्यसरी घर-घरमा नआवोस् भनेर गाउँलेहरु भेला भई जाँतोमा एकै मुठी सामल नछोड्नु भन्ने उर्दी भयो । तर एउटी बुढीको कानले राम्रो भर नपाएको हुनाले उनले चाहिँ एक माना सामल छोड्नु भनेको सुनिछिन् ।



सदा झैं तोमा, खेमा भाईलाई बोकेर सामल बटुल्दै जाँदा सञ्जोगवश त्यही बहिरी बुढिको जाँतोमा पुगेछन् । त्यसदिन अलिधेरै सामल पाएकाले खुसी हुदै घरमा आएर खोले पकाउन लागे । दिदी चाहिँ घर सोहोर पटार गर्न लागे । भाई चाहिँ आज त अघाउँजी खान पाइने भयो भनेर खुसीले नाँच्न उफ्रन लाग्यो । उफ्रिदा उफ्रिदै बिचराको खुट्टा लामो दाउरामा अल्झिएर खोलेको भान नै घोप्टिन पुग्यो । भान घोप्टिएपछि तोमा, खेमालाई साह्रै रिस उठ्यो, त्यसैले भाइलाई पिट्नसम्म पिटे । भाई काप्ची काप्ची रुन थाल्यो । दिदीहरु पनि रुन थाले । भाई चाँहि रुँदा रुँदै थकित भएर निदायो । भरैखेर निदाएको भाईलाई तोमा, खेंमाले उठाउन खोजे, तर धेरै दिनको भोको र थकित भएकाले भाई उठ्न सकेन । तसर्थ भाइ मरेछ भनिठानेर त्यो घर छोडि अन्तै जाने सुर गरे । जान अघि उनीहरुले एउटा चिहान खने । त्यहाँ चिण्डाको

टाउको, कालोपातीको भिक्राको जीउ बनाई पुत्ला बनाएर सुताए । भाईको टाउकोमा एउटा कर्द राखे भने खुट्टामा एउटा केराको बोट पनि रोपीदिए । त्यसपछि दुबै दिदी बहिनी पुत्लामाथि उफ्री उफ्री नाँच्न थाले, उफ्रदा चिण्डो फुट्दा भाइको टाउको फुट्यो र भिक्रा भाँचिदा करङ भाँचियो भन्ने ठाने ।

यसपछि उनीहरु भाईलाई एक्लै छोडेर त्यहाँबाट हिँडे । हिड्दै डुल्दै जाँदा उनीहरु जायजुम (खोटाङको अर्खौले गाउँ विकास समितिमा पर्ने मलथुम्का डाँडा) पुगे । त्यहाँ केही समयसम्म बसे तर गुजराको सहारा नभएको हुनाले अन्तै जाने निश्चय गरे । दिदी लेक जाऊँ भन्थिन्, बहिनी चाँहि बेंसी जाऊँ भन्थिन् । दुईजनाको सल्लाह नमिलेकाले दुवै आ-आफ्नै बाटो लाग्ने निर्णय गरे । यस अनुसार उनीहरु जायजुमबाट हिड्न अघि भविष्यवाणीको लागि तुक्यारी पूमा (बावरी फुल) को बिरुवा रोपे । किराँत लोक बिश्वास अनुसार जायजुमबाट हिड्दा पन्छीको जुनी धारण गरे । यस अनुसार दिदी हङग्रायो र बहिनी चाहिँ धनेश भइन् । बहिनी चाहिँ अलिक चञ्चले भएकिले के कसो होला भनि अरु चराचुरुङगीलाई नजिस्क्याउन भनि दिदीले सम्झाई बुझाई छुटिई आ-आफ्नो बाटो लागे ।

धनेश रुप धारण गरेकी खेमा मधेश बेंसीको फाँटमा स्वतन्त्र ढङगले डुल्न थालिन् । प्राकृतिक हराभरामा उनको जीवन आनन्दसाथ वित्नलाग्यो । स्वच्छ हावापानी र वातावरणले स्वास्थ्यमा पूर्ण लाभ भयो । त्यो सुन्दर संसारमा रम्दा रम्दा उनले दिदीको अर्तीलाई पनि बिर्सिन पुगिन् । तसर्थ आफ्नो मामा पोप्पो (लाटकोसेरो) लाई जिस्क्याउन थालिन् । लाटकोसेरो त्यस समयको सिपालु कलाकार थियो । डोको, दाम्लो, नाम्लो, थुन्से, घुम, नाङ्लो आदि बुन्नु उनको काम थियो । यस काममा उनको साह्रै एकाग्रता थियो । त्यसैले एक ठाँउमा घोप्टीएर काम गर्न थाले पछि घोप्टीएको घोप्टीएकै हुन्थे । त्यो देखेर खेमालाई हाँसो उठ्थ्यो । तसर्थ उनी लाटोकोसेरोलाई यसरी गिज्याउथे- "ए गोज्याङग्रो, घोप्टे, डेढे ।" यो सुनेर लाटकोसेरो चाहिँ रिसले चुर हुन्थ्यो । अनि यसो चलमलाउन खोज्यो भने धनेश चाहिँ फुर्र उडेर अर्कै रुखमा पुगी हाल्थिन् र फेरी भन्न थाल्थिन्- "अन्धो, बहिरो" इत्यादि भनेर पटक-पटक धनेशरुपी खेमाबाट यस्तो जिस्क्याई खान पर्दा उनलाई सहीनसक्नु भैसकेको थियो । त्यसैले एकदिन लाटकोसेरोले फकाई फकाई खेमालाई आफ्नो वशमा पाऱ्यो र खाने कुराको लोभ देखाई मुख आँ गर्न लगायो । खेमाले पनि लोभमा परी मुख आँ गरिन् । त्यत्ति नै बेला लाटकोसेरोले खेमाको मुटु कलेजो झिकेर खाइदियो जसले गर्दा खेमाको जीवन लिला समाप्त भयो । त्यसपछि लाटकोसेरोले बिस्तारै सिङ्गै शरीर खाएर सिध्यायो ।

यता लेकाली स्वच्छ हावापानी र वातावरणमा हङग्रायो रुपी तोमाको जीवन पनि आनन्दसाथ बित्न लाग्यो । धेरै ऋतुहरु यसरी नै बित्यो । एकदिन उनलाई कता कता बहिनीको याद आयो । त्यसैले बहिनीको अवस्था कस्तो होला भनी बुझ्नलाई जायजुम गइन् । त्यहाँ बहिनीको फूल चाहिँ मरेको थियो । तसर्थ बहिनी यो संसारमा छैन भन्ने बुझिन् । के कसो भयो भनी उनी सबैलाई सोध्न थालिन् तर कसैले प्रष्ट जानकारी नदिएपछि अन्त्यमा मामालाई सोध्न गइन् । मामाले पनि शुरुमा त थाहा छैन भनी टारी दिए । तर पनि मामाकै कैफियत छ भन्ठानी रोई कराई गरी सोध्न थालेपछि बल्ल साँचो बात खुल्यो । "त्यहाँपर मेरो शौच गर्ने ठाउँमा गएर हेर अनी थाहा पाउनेछस" भने पछि तोमा त्यहीं नै हेर्न पुगिन् । बहिनी साच्चि नै मामाको शिकार भएकी रहिछिन् । त्यहाँ हाडखुर थुप्रिएको थियो । तोमाले तिनै हाडखुरलाई एउटा काठको आरीमा उठाई खरानी र पानीसँग मलेर मजेत्रोले छोपिन् । यसरी छोपेपछि बहिनीको शोकमा धेरैदिनसम्म रिसिय (भजन किर्तन) गाएपछि अचानक एक दिन बहिनी पसिनै पसिना भएर उठिन् (किराँतीहरुले किनीमा र जाँड बनाउने काइदा यसैबाट सिकेका हुन भन्ने भनाई छ) । बहिनीले "म त धेरै निदाएछु दिदी" भनिन् । यसरी ति दुई दिदी बहिनीको पुनर्मिलन भयो ।

यसपछि उनीहरु पञ्छिरुपी जीवनलाई परित्याग गरी पुन: मानव जीवनमा अवतरण भए । अब जीवन निर्वाहको लागि कुनै न कुनै पेशा अपनाउनु पर्ने आवश्यकता थियो । तसर्थ उनीहरु विभिन्न ठाउँहरु डुल्दै अन्त्यमा 'जायजुम'मा नै पुगे । यहाँ उनीहरुले पहिलो चोटी घरेलु उद्योगको रुपमा तान बुन्ने काम (कपासबाट खाँडी बुन्ने)

थालनी गरें । आधुनिक कपडा बुनाईको सृष्टि यही 'जायजुम'मा तोमा, खेमाबाट भएको विश्वास किराँतहरु गर्दछन् ।

अब, यता भाई खक्चिलिपु चाहिँ भोकले लखतरान परेर निन्द्राबाट ब्यूँझ्यो । उनको पहिलो नजर केराको बोटमा पर्‍यो । अचम्म मानेर जुरुक्क उठी यताउता हेर्न लाग्यो । दिदीहरु थिएनन् । खोलेको भाँडो लडिरहेको थियो । मनमा भक्कानो छुटेर आयो । बेस्सरी रोई कराई दिदीहरुलाई बोलायो, तर दिदीहरु आएनन् । उनी यताउता छटपट गर्दागर्दै एउटा खाडलमा नजर पर्‍यो । त्यहाँ आफू जस्तै सक्कलमा एउटा पुत्ला लडिरहेको थियो । यी सबै कुराहरु के भइरहेको छ उनलाई अनौठो लाग्यो । उनी पुन: आफू सुतेकै ठाउँमा आए । त्यहाँ एउटा कर्द पाए । त्यही कर्द टिपेर केराको बोटलाई ताक्दै भन्न लागे- "ए केरा पसाउँछस्की काटी दिऊँ" साच्चिकै केरा पसायो । फेरी भने- "पाक्छसकी काटी दिउँ". पुन: केरा पाक्यो र त्यही केरा खाएर भोकको निदान गर्‍यो ।

धेरै दिन बित्यो दिदीहरु पनि आएनन् । एक्लो जीवन बिताउन परेकाले कष्टकर र नियास्रो पनि त्यत्तिकै थियो । जीवन निर्वाह गर्ने क्रममा उनले शिकारी धन्दा शुरु गरे । पासो बनाउन सिके । पासोमा ताबें ढुकुर ( ढुकुरको एक जात) पारे । त्यसको गाँढमा भटमास, धान, कोदो आदि रहेछ । उनलाई त्यो बिउ छर्ने बुद्धि आयो । तसर्थ बिउ छरे जसबाट लह लह बाली लाग्यो । त्यसलाई पुन: छर्ने र दानाहरु बढाउने काम गरें । एवं रीतले खक्चिलिपु कृषक भए । धेरै अन्न फलाउन थालेपछि खाद्यान्नको अभाव हट्यो ।

यसैगरी उनको उमेर र बैंस पनि चढ्दै गयो । नयाँ नयाँ उपायहरु गर्ने उत्सुकता बढेर आयो । तसर्थ अल्लाको लोकोताबाट नाम्लो, दाम्लो, जाल बुन्न सिके । जाल तयारी भएपछि माछा मार्न थाले । कृषि बाहेक माछा मार्नु उनको सहायक पेशा भयो । उनको भाग्य दिनादिनै उदाउँदै गयो ।

एक दिनको घटना यस्तो भयो- सदा झैं उनी खोलामा माछा मार्न गएका थिए । जाल हाने तर माछा हैन एउटा ढुङगा पर्‍यो, त्यसलाई फ्याँकी दिए । पुन: जतिपटक जाल हाने पनि उही ढुङ्गा परेकाले हारमान्नु भई टाढा-टाढा पुग्ने गरी घुइक्याउन थाले । तैपनि सोही ढुङ्गा जालमा अडकिन छाडेन । तसर्थ अन्त्यमा लोहोरो ढुङ्गा बनाउने बिचार गरी फुर्लुङ (माछा राख्ने चोयाको जावी) मा राख्यो । त्यस दिन समय पनि बितिसकेकोले दिनभरीको माछा यही ढुङ्गा भयो भन्ठानी घर फर्क्यो र त्यसलाई अगेना माथिको छेम (सानो भार) मा राख्यो ।

भोलीपल्ट फेरी माछा मार्न गयो । त्यसदिन बोक्न नसक्ने गरी माछा मर्‍यो । खुसीको सिमा रहेन । त्यसैले चाँडै घर फर्क्यो । घर आइपुग्दा भात, तिहुन, पानी सबै तयारी थियो । उ आश्चर्यमा पर्‍यो र "मेरो घरमा भात पकाउने को हो ?" भनी सोध्न लाग्यो । परबाट एउटी बुढीले "म है म" भनेर जवाफ दिइन् । खक्चिलिपु खुसी हुँदै बुढीलाई बोलाएर सँगै भात भान्सा गर्न लागे । मेरो लागि यत्रो कष्ट किन उठाउनु भयो बज्यू भनी सौहार्दता प्रकट गर्दा बुढी चाहिँ तिम्रो एक्लोपन देखेर सकिनसकी कर्तव्य निभाएको कुरा बताई । यो सुनेर खक्चिलिपु अत्यन्त आभारी भयो ।

एवंक्रमले दिनहरु बित्तै गए । तर बुढीयालाई भने त्यतिका दिन आफूले ढाँटेकोमा भित्रभित्रै असजिलो महशुस भैरहेको थियो । सङगतले चोर पनि साधु हुन्छ भने जस्तो खकचिलीपुको शुद्ध सङगतले बुढीयाको मन पनि सुमार्गतिर परिवर्तन भएर आयो । त्यसैले एकदिन बुढीले नै खक्चिलिपुसँग आफूले ढाँटेको भेदहरु खोलिन । त्यतिमात्र होइन भात पकाउने को रहेछ बिचार गर् भनी बुढीले उपाय पनि बताई दिइन । (यहाँनेर आएर चामलुङ र दुमीहरुमा कुरा अली फरक परेको छ । दुमीका पूर्खाहरुले चाहिँ दुइटा बुढी थिई र एउटीले ढाँटेको अर्कीले चाल पाएकी हुनाले उसैले त्यो कुरा खक्चिलिपुलाई भेद खोलीदिई भनेका छन्) । जे होस भात पकाउने को रहेछ त भनी पत्ता लगाउन खक्चिलिपु माछा मार्न गएजस्तो गरी बाहिर सिकुवाको कुनामा नाङलोले छोपेर बस्यो । केही क्षणमा छेमबाट त्यही लोहोरो ढुङगा फुत्रुक्क झरी तुरुन्त सुन्दर नारीको रुप धारण गरी । चूल्हो लिपपोत गरी खान पकाउन सामल निफन्नलाई नाङलो खोज्दै बाहिर आई र नाङलो

उचाल्दा त्यति नै बेला खक्चिलिपुले च्याप्प दाहिने हात समाई भन्न लागे- "तिमी को हौ ?" ति सुन्दरी नारीले हात छोड्ने आग्रह गर्दै आफू त्यहाँबाट गइजाने कुरा उठाइन् । खक्चिलिपुले हात नछोडी बारम्बर उनको परिचय माग्न थाल्यो । आन्त्यमा तिनले- "म नागेलुम् (नागकन्या) हुँ" तिमीले मलाई कैयौं चोटी फालेका छौ मेरो टाउको फुटेको छ, हातखुट्टा भाँचिएको छ, म पुरै घाइते भएकी छु" भनी रोई कराई गर्न लागिन् । नागकन्याको कुरा सुनेपछि खक्चिलिपुले आफूले नचिनेकाले त्यसरी भूल हुन गएको बिन्ती गरी आइन्दा 'माया'मा अटल रहनेछु भनी प्रतिज्ञा गरेपछि दुवैको हित्तचित्त मिल्यो । वश त्यसदिनदेखि नै तिनीहरु दाम्पत्य जीवनमा आवद्ध भई सुखसयलका साथ रहन लागे ।

यसरी दाम्पत्य जीवनमा प्रवेश गरेको धेरै दिन भैसककेको थियो । घर व्यवहारमा कुनै कमी थिएन । खेती किसान सबै सहजरुपमा चलिरहेको थियो । तिनीहरुको आत्मामा एउटा असल कुराले बास गऱ्यो । त्यो थियो- मानव जीवनलाई कसरी सुसंस्कृत बनाउने, कस्तो धर्म कर्म गर्ने जसले गर्दा बन्धुत्वको एकिकृत भावना सिर्जना होस । यसको लागि उनीहरुले निराकारमाथि हैन भौतिक जगत तथा प्रकृतिप्रेमप्रति आफ्नो बिचार र कार्यलाई समर्पित गरे । आफ्नो किर्ति र नाम दरसन्तानले तबमात्र लिइरहन्छन् जसले असल कर्म गरेका छन् भन्ने चिन्तन गरी एउटा छमदम (किराँत धर्म तथा संस्कृतिअनुसार तीन दिनसम्म गरिने महानकार्य जसमा गर्नेले नाम र उपाधी पाउँछ) को आयोजना गरी नाम लगाउने सल्लाह भयो । यो त्यस युगको प्रथम महत्वपूर्ण कर्म थियो । यसै कर्मबाट भूमिपूजाको पनि आरम्भ भएको हो जो आजसम्म पनि किराँतीहरुले गर्दै ल्याएका छन् ।

अब छमदमको लागि जाँड रक्सी सुँगुर, अदुवा, मोधाम (चराको मासु), कुखुरा, चिण्डो, भाला, भकिम्ला, ढोल, झ्याम्टा, धामी, मसिमदी (धामीले रित अनुसार नाच्नको लागि व्यवस्था गरेको महिलाहरु) जस्ता सबै कुराहरु जम्मा भयो । काम थाल्ने निधो पनि भयो । तर पनि एउटै कुराको अभाव रह्यो त्यो थियो- तोमा खेमाको उपस्थिति । चेली नभै यो कार्य नउत्रने भएकाले उनीहरुको खोजी अनिवार्य थियो । उनीहरु कहाँ छन, जीवित छन् या मरीसके कुनै टुङगो थिएन । तसर्थ उनीहरुले छिटो दौडन सक्ने उपियालाई पठाए । उपिया उफ्रदै पुगी तोमा खेमाको जिउमा टोक्न लाग्यो । उनीहरुले उपियालाई पक्रेर टाउको किची फ्याँकी दिए । त्यसैले उपियाको टाउको च्याप्टो हुन्छ भन्छन् । उपिया फर्केर नआएपछि बाखालाई पठाए बाखा फर्केर नआएकाले अविस्वासी मानी बाहिर हट्टा गरे । त्यसैले किराँतले बाखा खाँदैनन् भन्ने भनाई छ (स्वर्गीय भीमल सिंह मुरहको भनाई) । यसपछि सुँगुरलाई पठाए । सुँगुरलाई पनि तोमाखेमाले पक्रेर थुनीदिए । अन्तमा कुखुराको भाले पठाए । भाले जायजुम पुगेर "कुखुरी काँ शम्चु खक्चिलिपु" भनेर बास्न थाल्यो । मरेको भाईको नाम लिएर भाले बासेको सुनी यो त अभास सुन्न पऱ्यो भनी तानको बाइसुम (लौरी) एकजनाले र अर्कीले थुरी लिएर भालेलाई झट्टी हान्न थाले । भाले चाहिँ भागेर पर गई त्यही नाम लिएर बास्थ्यो । एवं क्रमले तोमा खेमा झट्टी हान्दै गए, भाले चाहिँ बास्दै बास्दै गयो । अन्त्यमा उनीहरु आफ्नै भाइको घरमा पुगे । त्यहाँ धुमधामसँग मानिस जम्मा भएको देखेर आश्चर्यमा परे । मरेको भाइ जीवित देखेर उनीहरु घर आगन प्रवेश गर्न सकेनन् । माइती नातागोता सबैले आग्रह गर्दा पनि उनीहरु त्यहाँ जान लाज माने । अन्त्यमा रातै पाकेको भकिम्लाको बोट आगनमा गाडी दिएपछि बल्ल अमिलोको लोभमा जिब्रोमा पानी काढ्दै झुत्ती झुत्ती खान लागे । यसरी जब चेलीले आगन टेके, त्यसपछि विधि पुरा भयो र धुमधामसँग उल्लासमय वातावरणमा छमदम सम्पन्न भयो । यसै कर्ममा शम्चुको नाम खक्चिलिपु भनेर राखी लामो समयसम्म विछोडिएको चेली माइतीको रमाइलो भेटघाट पनि भयो । अन्त्यमा जाने बेलामा आफ्ना जिउका प्वाँखहरु चिनोको रुपमा माइतीलाई छोडेर गएको कुरा पूर्खाहरुले उल्लेख गर्दछन् । यसरी यो जीवन वृत्तान्त समाप्त हुन्छ ।

यो कथामात्र होइन गाथा हो, कल्पना होइन यथार्थ हो भन्ने कुरा अगाडि प्रष्ट हुँदै जानेछ । दशथरी किराँतहरुको दशथरी कुराले घट्ना वृत्तान्तलाई कतै काल्पनिक र वाङगोटिङगो पारेको पनि यथार्थ बोध हुन्छ तथापि जुनकुरा पूर्खाहरुबाट अभिव्यक्त भएका छन्, त्यो

कुरालाई कसिमा घोट्नु आजका जिम्मेवार विद्वानहरुको कर्तव्य हुनेछ ।

**"जायजुम"को भौगोलिक अवस्थिति र तोमा खेमाको घरेलु उद्योग:**

खोटाङ जिल्लाको अर्खौले गाउँ विकास समिति अन्तर्गत पर्ने मलथुम्का डाँडालाई किराँत इतिहास तथा धर्म र संस्कृतिले 'जायजुम' डाँडा नामाकरण गरेको पाइन्छ । कसैले यसलाई 'तायाचुङ' पनि भनेका छन् । विभिन्न थर र बोली लोलीको कारणले यसरी नाम फरक परेपनि ठाउँ चाहिँ उही मलथुम्का नै हो । दिक्तेल सदरमुकामबाट हलेसी जाने करिब ५ घण्टाको बाटो हिडेपछि अर्खौले बजार हुँदै जायजुम पुगिन्छ । टाढैबाट सुन्दर र अग्लो देखिने यो डाँडा करिब पाँचहजार फिटको उचाइमा अवस्थित छ । गुराँस र कटुसको रुखहरुले शोभायमान बनाएको जायजुम डाँडा काटेर गएपछि मात्र हलेसी पुग्न सकिन्छ । यहाँबाट निकै राम्रा दृष्यहरु चारैतर्फ देख्न पाइन्छ । पर्यटकीय र धार्मिक दृष्टिले पनि यो क्षेत्र कम महत्वको छैन । तर इतिहास लेखन र विकास निर्माणको दृष्यबाट बिलकुल टाढा रहेको यो जायजुम थाहा नपाउनेलाई खुर्पाको विंड र थाहा पाउनेलाई श्रीखण्ड भने अवस्य नै हो ।

यो त्यही ठाउँ हो जहाँ किराँत सभ्यताका जनक एवं पूर्खा चेलीद्वय तोमा र खेमाले प्रथम पटक घरेलु उद्योग स्थापना गरी खाडी र अल्लाको कपडा बुन्न शुरु गरेका थिए । यदि तपाई हलेसी जाँदा आउँदा जायजुमको भ्रमण गर्न अलिकति समय खर्चिनु भयो भने त्यहाँ एक ठाउँमा भग्नावशेषको रुपमा तानबुन्ने ठाउँ र अर्को ठाउँमा धागोको प्यूरीहरु राख्ने ढुङगाको खोपिल्टा पाउनु हुनेछ । त्यही ठाउँमा तोमा खेमा गाईवस्तु चराउँदै तान बुन्ने र धागो कात्ने गर्दथे । यो धेरैलाई थाहा भएकै कुरा हो कि धेरै पछिसम्म तानको ढुङ्गा र काठहरु ठडयाइएका थिए । त्यहाँ तान बुन्न बस्ने ठाउँ थियो  र कोही सीप सिक्न चाहने महिलाहरुले यसै ठाउँमा आई धागो चढाएर सीपका ज्ञानहरु माग्थे । यो लेखकले बालक छँदै करिब ३८ वर्ष अघि हलेसीबजार जानेक्रममा काठ र ढुङ्गाको खम्बामा धागोका लप्काहरु भुण्डीएको स्पष्ट देखेको थियो । तर २०५५ सालमा त्यहाँ पुग्दा केही थिएन केवल ढुङ्गाको पर्खाल मात्र भत्किएको अवस्थामा देखियो । अहिले त्यहाँ रुखहरु पनि छैनन् । तसर्थ किराँत इतिहास धर्म र संस्कृतिले जायजुमलाई जति महत्व दिएको छ, त्यति महत्व वर्तमान आकृतिबाट ठहर लाग्दैन । यो एक प्रकारले विनाशै भैसकेको देखिन्छ । प्रचार प्रसारको कमी, महत्व कम मात्र बुझ्नु, चासो नराख्नु र हेला गर्ने जस्ता प्रवृत्तिले आजका युवाहरुलाई जायजुम डाँडाको इतिहास र महत्वबारे थाहा नहुन सक्दछ । तर धेरै बृद्धाहरुलाई सोधनी गरेमा सबैले एकैश्वरमा भन्दछन कि यो आदिम किराँत दिदी बहिनी तोमा र खेमाको सिकीरी माकिरी (सीप बुनाई) गर्ने घर हो । उनीहरुलाई सीपको स्रष्टा मानी चढाइने धागोको कोसेलीले के जनाउँछ भने यी महिलाहरु त्यस युगका महान कलाकार र शील्पकार थिए । जसको कला र सीप आज विकसित भएर नानाथरीका रङ्गी विरङ्गी कपडाहरु उत्पादन हुनु शुरु भयो । तसर्थ उनीहरुलाई "सीपका रानी, सीपका मालिक" मानिन्छ । आजसम्म पाइएका नेपालका सामाजिक कथा तथा वृत्तान्तहरुमा त्यस्तो कुनै सीपको बारेमा सुनिएको छैन, जो किराँत महिला तोमा र खेमाको बारेमा बारम्बार सुनिदै आइएको छ । हिन्दू धर्म तथा संस्कृतिमा नारीहरुको चर्चा प्रायश प्रतिव्रता नारी, चरणकी दासी, भवानीको रुपमा भोग ग्रहण गर्ने विशेषताको रुपमा मात्र चर्चा भएको पाइन्छ । तर किराँत धर्म र संस्कृतिमा महिलाहरुको भूमिका सीपसँग आवद्ध भएको पाइन्छ । हाम्रो सामाजिक व्यवस्थामा हामीले देखेकै भोगेकै छौ कि अन्य जातिहरुभन्दा किराँत महिलाहरुले पहिलेदेखि नै खाँडी, छिट, टोपी, भाले रुमाल, रुमाल, लोती, फ्याङ्गा, कुची, पैसा राख्ने लोती, सुत्ता, भोला, फ्याक्सुम (धामीले प्रयोग गर्ने भोला), सिलदुम्री (दुम्सीको काँडा जडेको धामीको टोपी वा फेटा), राडी, गल्फन आदि बुन्दै आएका हुन् । आज पनि प्राय किराँत महिलाहरुको हातमा धागो र काँटा भुण्डिरहेकै देखिन्छ । आज नयाँ वस्तुले पुरानोको ठाउँ लिदै जाने क्रम रहे पनि अद्यावदी अर्खौले र हलेसीमा बुनिने कोकोटी र खाँडीको प्रचलनले के जनाउँछ भने निश्चय नै यो तिनै ऐतिहासिक नारी तोमा र खेमाकै प्रत्यक्ष प्रभाव हो भन्न सकिन्छ ।

**तोमा, खेमा र खक्चिलिपुः व्यक्ति एक काम र नाम अनेक**

तोमा खेमा खक्चिलिपुको वंशावलीको सन्दर्भलाई

हेर्दा उनीहरु पापा पातेसुङ र मामा दिलीदुमको छोरी र छोरा हो भन्ने कुरामा किराँत राईहरुको मत रहेको छ । तर तोमा खेमा र खक्चिलिपुको नाम सम्बन्धमा विभिन्न भाषा, परिवेश र भौगोलिक स्थितिको कारणले फरक देखिन्छ । यसअनुसार दुमी, साम्पाङ र कोयुले तोमा, खेमा खक्चिलिपु, चामलुङले तोयामा खियामा खोचिलिप्पा, वन्तावले टावामा खियामा हेच्चाकुप्पा र खालिङले ग्रामे लास्मे र खक्चिलिप्पा भनी नाम लिन्छन । कुनै कुनै दुमीहरुले तोमा र खेमालाई ग्रमु र लजु पनि भनेको पाइन्छ ।

यसरी हरेक थरी किराँतहरुले तिनीहरुलाई विभिन्न नामले सम्बोधन गरेता पनि ति तिनैजना व्यक्तिहरु सभ्यताका शिखर व्यक्तित्वहरु हुन् जसले त्यस युगमा आजका मानवले प्रयोग गरी आएका सामग्रीहरु र मानी आएका रीतिरिवाजहरुको जग बसाउने महत्वपूर्ण काम गरे । त्यसरी नै धेरै किराँतहरुले आफ्नो वंशावलीमा उनीहरुको नाम सहर्षकासाथ उल्लेख गर्दछन् । यस दृष्टिले हेर्दा यी व्यक्तित्वहरु कुनै कथाका काल्पनिक पात्र नभएर वास्तविक र सिर्जनशील मानिस थिए भन्ने बुझिन्छ । सामाजिक व्यवस्था र परम्पराको कारणले उनीहरु किराँत धर्म र संस्कृतिमा मर्यादा पुरुष र नारीको रुपमा गणना हुन्छन् । किराँत समुदायको उत्थानमा यो ठूलो देन थियो ।

**हलेसीको महादेव गुफा खक्चिलिपुको घरः एक भनाई**

आज हलेसीको गुफालाई हिन्दूहरुले महादेव र पार्वतीको गुफा मानेका छन् भने बौद्ध सम्प्रदायले आफ्ना गुम्बा ठानेका छन् । तर किराँत पूर्खाहरुले यसलाई खक्चिलिपुको घर भनी कथा कहिरन ल्याएको पाइन्छ । शिव र पारुहाङ किराँत कुनचाहिँ जेष्ठ हुन् भन्ने सवाल पनि हाम्रा समाजमा एउटा चिन्तनको विषय बन्न गएको छ । अहिलेसम्म पाइएको किंवदन्तीमा शिवले कुनै समयमा किराँतको रुप धारण गरेको प्रसङ्गलाई आधार मान्ने हो भने किराँत जेष्ठ हुनुपर्दछ । कारण कसैले कसैको रुप धारण गर्ने भनेको उसको सद्गुण र चिन्तनको अनुयायी बन्नु हो । त्यसैले आज शिवको अनुयायीको रुपमा जोगी, बुद्धको अनुयायीको रुपमा भन्ते, प्रभु यशुमसीको अनुयायीको रुपमा पोप र पास्टरहरु र पारुहाङ खक्चिलिपुको अनुयायीको रुपमा किराँत धामीहरु देखिन्छन् । यसरी हेर्दा किराँतको रुप शिव आँफैले धारण गरेको हुँदा शिवभन्दा किराँत अगाडिका देखिन्छन् । त्यसैले नै शिवलाई किराँतेश्वर महादेवको रुपमा पूजिने चलन आएको हो ।

अब सवाल छ यो गुफाको अधिन सर्वप्रथम कसले गऱ्यो ? आध्यात्मिक दर्शनले यो गुफाको सृष्टि नै राक्षसबाट बच्न शिवले गरेका हुन् भनिएको छ । तर भौतिकवादी चिन्तनले यस गुफाको सृष्टि कुनै ज्वालामुखीको कारण मानेको छ । वर्तमानमा त्यसका रुप, रङ्ग, आकृति र चट्टानहरुलाई हेर्दा यो ज्वालामुखी भन्दा अरु केही होइन भन्ने स्थिति देखिन्छ । यसको विष्फोटन कहिले भयो भन्ने प्रमाण नभए पनि पारुहाङ खक्चिलिपु भन्दा अगाडि भएको मान्नुपर्दछ । त्यसैले नै धेरैपछि खक्चिलिपुले यो गुफालाई आफ्नो घर बनाए । यसरी भौतिकवादी चिन्तनबाट हेर्दा यो गुफाको अधिन किराँत पूर्खा खक्चिलिपुले नै सर्वप्रथम गरेको देखिन्छ र त्यस्तै किंवदन्ती पनि बन्दै आएको पाइन्छ ।

उनका यस्ता किंवदन्ती र कथा कहिरनहरुमा हलेसी गुफादेखी साल्पासम्म पुग्ने मार्ग वरीपरी पर्ने लौरेथान, साम्फेलु (चिलिमुढुङ्गा) साल्पा, सुलिचुम पर्वत, इर्खुवा, चिर्खुवा र तराई फाँटमा थरुवाजु (सप्तरी), मामेहाङ (मोरङ) र साइकानेउका (त्रिपुरा भारत) सम्मका क्षेत्रहरु बारम्बार व्याख्या भइरहने विषयवस्तु हुन् । ती क्षेत्रका महत्वबारे किराँत धर्म र संस्कृतिका बिजुवा, नागीरे धामी (चुलाको पूजामा नाग गुरु मानेर चल्ने धामी) र ताया (जान्ने सुन्ने) पूर्खाहरुले आफ्नो भलह (धार्मिक मुन्दुमको बाटो) खेद्ने वा पछ्याउने मार्ग हो भनी बताउँदै आएका छन् । यी सबै ठाउँहरु खक्चिलिपुले भ्रमण गरेका थिए । किराँत धामीहरुले खाप्कर (धामी उपचार, चिन्ता) गर्दा र मर्नेलाई आत्मिक बाटो देखाउँदा समेत यही बाटो पहिल्याउने गर्दछन् । यी कुराहरुबाट के थाहा लाग्छ भने खक्चिलिपुले आफ्नो घर हलेसी गुफालाई केन्द्रीत गरी उनी कहिले लेकको भ्रमण गर्न साल्पा र सुलिचुमसम्म पुग्थे भने कहिले बेंसीको भ्रमण गर्न त्रिपुराभारतसम्म पुग्ने गरेको बुझिन्छ । पूर्खाहरुको भनाईमा हिमालमा बस्ने भोटेदेखि लिएर मध्यपहाडमा बस्ने राई, लिम्बु, सुनुवार र तराईमा बस्ने थारु, धिमाल र दनुवारहरु सबै किराँती नै हुन् । हिजो आज नयाँ अनुसन्धानविद्हरुले जिरेल, हायु, नागा र चेपाङहरु पनि

किराँत नै हुन भन्न थालेको देखिन्छ ।

**तोमा खेमा खक्चिलिपु किराँत वंशको आधार स्तम्भ : विभिन्न किंवदन्ती:-**

किराँत धर्म र साँस्कृतिमा तोमा खेमा र खक्चिलिपुलाई किराँत वंशको प्रवर्तक वा आधारस्तम्भ मानेको पाइन्छ । यस सम्बन्धी विभिन्न किंवदन्तीहरु रहेका छन् । त्यसमध्ये केही किंवदन्तीहरु निम्नानुसार छन्:

१. तोमाको वंशज भोटे तामाङ र खेमाको वंशज थारु दनुवार र धिमाल हुन भन्ने किंवदन्ती रहेको छ । यसअनुसार तोमा खेमा जायजुमबाट हिडेपछि लेक जाने तोमाबाट भोटे, तामाङ र बेंसी जाने खेमाबाट थारु, दनुवार र धिमालको वंशज फैलिएको हो ।

**–धनरुप सत्म राई (सप्तेश्वर) को भनाई**

२. तोमा खेमाको वंशावलीलाई विश्लेषण गर्दा कसैले पारुहाङ र नाइमाको सन्तान साल्पा र रिब्रिमा निजहरुको सन्तान पातेसुङ, निजको सन्तान चाप्चा (बाघ), वर्पा/मोक्सु (भालु) र हँछा (मानिस) र हँछाको सन्तान खक्चिलिपु नै हलेसी गुफामा बस्दथे· भन्ने गरिएको पाइन्छ ।

**–बलराम सरचु राई (खार्मी)·को भनाई**

३. भोजपुरका वन्ताव हंक्षेण पाछाका पूर्खाहरुको भनाईमा पारुहाङको छोरा हेम्कुम्वुङ निजको छोरा पातेसुङ र निजको सन्तान तोमा, खेमा र खक्चिलिपु हो भन्ने गरिएको पाइन्छ ।

**–रणबहादुर हंक्षेण राई (भोजपुर) को भनाई**

४ अर्को किंवदन्ती अनुसार खक्चिलिपु र नागकन्या सिक्रिमाको सन्तान साल्पा र रिब्रिमा हो । साल्पा र रिब्रिमा दाज्यूबहिनी विवाह गर्न नहुने भएकाले साल्पा लेक गई बनेल भएर बस्यो र बहिनी रिब्रिमा चाहिँ बेंसी झरी अन्नवाली लगाई बस्यो । बनेल बालीमा चर्न झर्दा रिब्रिमाले पासोमा पारी मारिन् । पुन: रिब्रिमाले बनेललाई मनुष्यमा अवतरण गराई जुनी फेरिएपछि विवाह गरे । उनीहरुबाट जन्मेको तीन सन्तानमा जेठा मुकाम्बु जसबाट भोटे, तामाङ र गुरुङ, माइला हर्कवुङ जसबाट राई लिम्बु र सुनुवार र कान्छो रिब्लछाबाट थारु दनुवार र धिमाल जन्मे ।

**–दलबहादुर चामलुङ राई**

५. त्यस्तै खक्चिलिपुलाई चिनाउने अर्को वंशावली केही वर्ष अगाडि प्रकाशित भएको छ । त्यसमा सुम्निमा पारुहाङको सन्तान मनोयाङहाङ, योयोङहाङ र थोयोङहाङ हुन् । योयोङहाङको सन्तान खम्बुहाङ निजको सन्तान खक्चिलिपु, निजको सन्तान थाक्वाहाङ निजको सन्तान व्यरुङहाङ र नागाहाङ हुन् । व्यरुङहाङ्को सन्तान योक्नेहाङ निजको सन्तान चाम्फेहाङ, मगपाहाङ (मगर), स्याङ्रुकहाङ (गुरुङ, थकाली), ताङवाहाङ (तामाङ, तिब्तीयन) र थाङ्दाहाङ (थारु) हुन् र चाम्फेहाङको छोरा यलुङहाङ (यलम्बर) हुन् भनिएको छ ।

**–कृष्ण चामलिङद्वारा प्रस्तुत खम्बुहाङ वंशावली, खम्बुवान बुलेटिन-१ (खम्बुवान आवाज)**

उपरोक्त प्रसङ्गहरुले के जनाउँछ भने तोमा, खेमा, खक्चिलिपु किराँतीहरुको पूर्खा हो । उनैको सन्तानको रुपमा हिमालमा भोटे, तामाङ, पहाडमा राई, लिम्बु, सुनुवार र तराईमा थारु धिमाल, दनुवार आदि भए । उनी लगभग ७५० वर्ष बाँचेको अनुमान गरेका छन् र उनी जहाँ-जहाँ यात्रुको रुपमा भ्रमण गरे त्यहाँ-त्यहाँ आफ्नो सृष्टिलाई फैलाए । त्यसैले किराँत मतवाली जातिहरुमा केही रितिविधि र चलनमा फरक परे तापनि सांस्कृतिक हातहतियार भाला, धनुकाँड, साङ्गीतिक सामाग्रीहरु ढोल, झ्याम्टा, भूँ (अर्नाको सिं), गहनामा मुगाको दाना, प्वाँलो र वस्त्रहरुमा पनि समानता पाइन्छ । तसर्थ किराँत मतवालीहरुको श्रष्टा र लोक रीतिरिवाजको जनकको हैसियतले उनीहरुलाई त्यस युगको सभ्यता र चेतनाको सन्देशवाहकको रुपमा चिनिन्छ ।

**छमदमः खक्चिलिपुको प्रथम सामाजिक धार्मिक कर्म**

हिन्दू कर्मकाण्डमा सप्ताह पुराण लगाए जस्तै किराँत धर्म र संस्कृतिमा खक्चिलिपुले नै सर्वप्रथम छमदमको आयोजना गरेका थिए । पूर्खाहरुको भनाईमा उनी आफै नै बेजोड नागिरे धामी थिए र यसै छमदमबाट उनको पूमा नु (नाम र विशेषण) खक्चिलिपु भनेर राखियो । यहि परम्परा किराँतहरुमा रह्यो र अहिलेसम्म प्रचलनमा रहेकोछ । यस कार्यमा नागीरेले घरको चूल्होबाट विधिवत भलह

आरम्भ गरेर खक्चिलिपुले भ्रमण गरेको सबै ठाउँहरुको यात्रालाई पुरा गरेर अन्त्यमा चूल्होमा नै आएर समाप्त हुन्छ । यो कार्य गर्नको लागि श्रीमान श्रीमति दुवै जीवित हुनुपर्दछ या त तपासे रहेको नारी वा पुरुष हुनुपर्दछ । आवश्यकीय सामग्रीहरुमा जगर फुलेको सुँगुर, राँगो, कुखुरा, मोधाम (छिलिपा चराको मासु), १६ पाथी कोदो, १६ वटा जाँडको घ्याम्पा, १६ वटा चिण्डो, १६ वटा कुखुरा चाहिन्छ । आगनमा इसिलिम (एक जातको कटुसको रुख) गाडिन्छ । खक्चिलिपुले चाहिँ भकिम्लाको रुख रोपेको प्रसङ्ग माथिनै उल्लेख भैसकेको छ । नागीरेको साथमा १६ बहिनी मस्युमे र ताया पूर्खाहरु रहनुपर्दछ । विधिअनुसार धामीले आफ्नो भलह पहिल्याई नाच्छ भने मस्युमेहरुले चाहिँ रिसिय ( धार्मिक गीत भजन) गाउँदै ढोल, झ्याम्टा र भूँ (अर्नाको सिं) को आवाजमा विभिन्न सिलीहरुमा नाँच्दछन् । फिन्ता-फिन्ता (चरण-चरण) अनुसार कहिले घरभित्र चूल्होलाई केन्द्रित गरी नाचिन्छ र कहिले आगनको इसिलिमलाई केन्द्रित गरी नाचिन्छ ।

विवाह कर्मभन्दा यो बढी खर्चालु हुन्छ । तथापि छमदम गर्नुको उद्देश्य हो- पूमा नु (फूल नाम र विशेषण या उपाधी दिनु) लगाउनु, किराँत स्वधर्म र संस्कृतिलाई बचाई राख्नु किराँत कर्म धर्म गर्दा पूमानुलाई स्मरण गर्नु, आयुलाई बढाउनु, भूमिमातालाई सेवा गर्नु, पितृदेवलाई खुशी पार्नु, अन्नबाली प्रयोगमा नियम बसाउनु, दर सन्तानलाई सुखी तुल्याउनु, सबैलाई एउटै मूल्य मान्यतामा आवद्ध गर्नु आदि हुनेछ ।

यसरी एक युगमा खक्चिलिपुले आरम्भ गरेको छमदमको प्रचलनबाट यस्तो 'पूमानु' वा नुङ्कु (पुर्खौली नाम) लगाउनेहरु धेरै सङ्ख्यामा रहेकाछन् । यो पूमा नु पूर्खाहरुबाट कथेर लगाइन्छ । यो प्रचलन दुमी किराँतहरुमा रत्कु हदी र रङकासु तर्फ उनीहरुको पूर्खा तोदिप्पु र तोदिप्मु र सत्म पाछामा निगुहाङको समयदेखि पूमा नु लगाएको अभिलेख पाइएको छ । दुमी पाछाहरुमा यसअघि के कति पूमा नु लगाइएका थिए त्यो खोजको विषय हो । दुमी किराँतहरुको वंशावली संकलन गर्दा विभिन्न पाछाका व्यक्तिहरुले लगाएको पूमा नु यसै लेखको अन्त्यमा परिशिष्ट-१ मा दिइएको छ ।

यसरी पूमा नु लगाउने प्रचलनबाट के थाहा पाइन्छ भने खक्चिलिपु किराँत इतिहासमा धर्म, संस्कृति र सभ्यताका जनकको रुपमा चिनिन्छ । उनको यो देन सम्पूर्ण किराँतहरुलाई एक सुत्रमा आवद्ध गर्ने मुलमन्त्र बनेको छ । उनको यही महान कर्मले गर्दा आजपनि उनलाई सबैले आदिम पुरुषको रुपमा मानिरहेका छन् ।

**साकेला र तोमा खेमा खक्चिलिपुः एउटै सिक्काको दुई पाटा**

आज जुन रुपमा किराँत राईहरुले सगौरवकासाथ बैसाखे चण्डी पूर्णिमामा साकेला पूजा गर्दछन् यो पूजा गर्ने परम्परा नै खक्चिलिपुबाट प्रारम्भ भएको हो । तसर्थ साकेला र खक्चिलिपु बीच अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । यो पूजामा भूमि वा प्रकृतिको पूजा गरिन्छ । तसर्थ किराँतीहरु प्रकृतिका सेवक हुन भन्ने देखिन्छ । यही 'भूमि पूजा' लाई नै भूमेपूजा, साकेला, साकेवा, वा साखेल भन्ने गरेको पाइन्छ । भू भन्नाले जमिनलाई बुझिन्छ । पूजा गर्ने स्थानलाई साधारण भाषामा भूमेथान भनिन्छ भने किराँत भाषामा इङ्खुली भनिन्छ ।

यो इङ्खुलीमा भूमि वा भूमेको रुपमा नाग बस्छन् भन्ने विश्वास गरिन्छ । तसर्थ नागको प्रतीकको रुपमा महत्वपूर्ण देव ढुङ्गाहरु त्यसमा राखिएका हुन्छन् र, तिनै नागरुपी भूमिदेवलाई आफ्नो श्रष्टा, पालक र सम्भारकर्ता ठानी सुँगुर, कुखुरा, चोखो रक्सी, जाँड, धुप, अदुवा र चामलले पूजा गर्दछन् । खकचिलिपिको जीवन वृत्तान्त अनुसार किराँतीहरु नागका भान्जा हुन भने खक्चिलिपु चाहिँ स्वयम् ज्वाइँ हुन् । तसर्थ उनले आफ्नो ससुराली भूमि वा नागलाई पूजा गरेका हुन् र, यस्तै परम्परालाई उनका सन्तानहरुले पनि गर्दै ल्याएकाले किराँतीहरुको माझमा साकेलाले महत्वपूर्ण स्थान पाएको हो ।

यो साकेलामा किराँत कला सीप र सभ्यतालाई झल्काउने सिली (अभिनय) हरु टिपेर नाचिन्छ । यो सिलीहरु एकातिर शिकारी र कृषि जीवनलाई झल्काउने रहेको छ भने अर्कोतिर सीप र कलाको विकासलाई झल्काउने रहेको पाइन्छ । शिकारी जीवनको अभिनय गर्ने क्रममा धनुकाँड, भाला र अन्य हतियारहरु खेलाई शिकार गर्ने, खाने, कृषि जीवनको अभिनय गर्दा अन्नबालीको छरपाउ, गोडमेल,

कटनी मरनी, उठाउने, अर्साल्ने, कुटन पिट्न, निफननाफन, खाना बनाउने, पितृदेव र भूमिलाई चढाउने , आफू खाने, अरुलाई दिने, मनोरञ्जन गर्ने सिलीहरु गरिन्छ । यसैगरी सीप र कलाको अभिनय गर्दा कपास छर्ने, गोडने, उठाउने देखि लिएर लुगा बुन्ने, सिउने आफूले लाउने, अरुलाई लगाई दिने, काइयो ठकेर्ना खिप्ने, बनाउने, केश कोर्ने, राम्रो हुने, नाच्ने, हर्ष उल्लास गर्ने इत्यादि सिलीहरु गरिन्छ । यो एउटा ठूलो नृत्य कला पनि हो । वास्तवमा आजको लोक नाच देखि डिस्को डान्ससम्मको श्रोत भनेको साकेला नाँच नै हो । यी सबै सिलीहरु गर्नको तात्पर्य सम्पूर्ण रुपमा तोमा खेमा खक्चिलिपुले आरम्भमा भोग्नु परेको दुःखद कहानी र त्यसबाट मुक्ति पाउन गरेको उद्योगसँग सम्बन्ध रहेको छ । उनीहरुलाई तिनै व्यवसाय एवं सीप र कलाले त्यस युगमा महत्वपूर्ण मानवको रुपमा स्थापित गर्‍यो र त्यही कला र सीप आउँदा पुस्ताहरुले अनुशरण गरे । मानव कर्मबाट मात्र महान बन्छ भन्ने पाठ यी चेली माइतिको चिन्तन र कर्मबाट निःसृत हुन्छ । तसर्थ आज पनि किराँतहरुले साकेला नछोड्नुको पछाडि यी नै तर्कहरु रहेका छन् । पितृपूर्खाहरु खुसी हुन्, अन्नको साहा नजाओस, आयु बढोस, पानी परी प्रकृति उर्वर होस भन्ने कामनाको साथ सम्पन्न गरिने यो साकेला पूजा र यसको नाँच आजकल अन्य जातिहरुमा पनि मनोरञ्जनको साधन बन्न गएको देखिन्छ । सामाजिक एकता र भातृत्वलाई जोड दिने साकेला पूंजाका महत्वपूर्ण इङखुलीहरुमा खोटाङ नेर्पाको नौ पगरीको साझा इङ्खुली, भोजपुर दिल्पाको इङखुली, खोटाङ खार्मीको इङखुली, रतेपा र गान्पाले स्थापना गरेको माक्पाको इङ्खुली, ससर्काको इङ्खुली पाथेकाको इङ्खुली पर्दछन् । यसबाहेक अन्य कतिपय इङ्खुलीहरु गाउँ गाउँमा थुप्रै स्थापित छन् । यी सबै तायादिनका इङखुलीहरु हुन् ।

यी सम्पूर्ण इङ्खुलीहरुको स्थापना र त्यसको पूजामा नाँचिने नाचले हाम्रो सभ्यताको आरम्भिक बिन्दुलाई झल्काइरहेको देखिन्छ । समग्रमा भन्ने हो भने कृषि युगको आरम्भिक बिन्दु नै तोमा, खेमा खक्चिलिपुको जीवन गाथाबाट भएको पाइन्छ ।

**सीप र कलाका मालिकः तोमा खेमा खक्चिलिपु**

आवश्यकता नै अविष्कारको जननी हो भन्ने कुरा यी आदिम चेली माइतीको जीवन वृत्तान्तबाट थाहा लाग्छ । यी सीप र कलाहरुको ज्ञान उनीहरुले चराचुरुङ्गी र जनवारबाट प्राप्त गरेका हुन् । नाम्लो, दाम्लो, डोको, नाङलो आदिको अविष्कार चराचुरुङ्गीले लगाउने गुँडको अनुशरण थियो । यी तिनै व्यक्तित्वहरु आफूमा गुण र सीपले सम्पन्न हुनमा कला र सीप कै साधना थियो भन्ने देखिन्छ, र यी तिनैलाई एक अर्कासँग अलग गरेर अध्ययन गर्दा अपूर्णता हुन जान्छ । तसर्थ तोमा खेमा जहाँ हुन्छन्, त्यहाँ खक्चिलिपु सँगसँगै जोडि आउँछ र जहाँ खक्चिलिपुको गाथा आउँछ, त्यहाँ तोमा, खेमा पनि सँगै मिसिन आउँछन् । मानौं उनीहरु आदि मध्ये र अन्त्य मिलेको कुनै सिङ्गो व्यवस्था हो । तोमा खेमाले एकातिर सीप र उद्योगको प्रतिनिधित्व गरेको देखिन्छ भने अर्कोतिर खक्चिलिपुले सामाजिक चालचलन र व्यवहारलाई स्थापित गर्दै कृषि युगलाई जन्माएको देखिन्छ । कृषिको लागि खन्ने, जोत्ने, हिल्याउने नभै नहुने सामग्रीहरु हुन् । यी सामग्रीहरुको सृष्टि नै खक्चिलिपुको व्यवसायबाट शुरु भएको देखिन्छ । याहाँ अर्को अर्थ नलागेमा अहिलेसम्म हिन्दू संस्कारमा "बाहुनले हलो जोत्न हुँदैन" भन्ने चलन रहेकोछ भने बनाउन त कुरै भएन । बाहुनले प्याज, रक्सी, जाँड खान हुँदैन भन्ने आहान छ भने यसको सृष्टि त्यस वर्गबाट भएको अनुमान गर्न सकिन्न । त्यसैले हुनसक्छ कमण्डलु र बाघको छाला ओड्ने व्यक्तित्वहरुबाट- तानको जुवा र राशी प्रयोग गरी कपडा बुनियो भन्ने वृत्तान्त कतै पनि सुन्नमा नआएको हो । बरु यो कर्मचाहिं हातमा चिण्डो बोक्नेहरुले नै गरे ।

आज तोमा खेमा खक्चिलिपुको सीप र कलाको जगमा कैयौं महलहरु बनिसकेका छन् । तसर्थ जहाँ-जहाँ सीप र कलाहरु फल्छन् फूल्छन् त्यहाँ त्यहाँ उनीहरु पुगेका हुन्छन् । चराचुरुङ्गीलाई थाप्ने पासो आज विकसित भएर शत्रुको साधना गर्न धर्जनको रुपमा प्रयोग भएको देखिन्छ । अमेरिकीहरुलाई मार्न भियतनामी गुरिल्लाहरुले थापेको धर्जन होस् या नेपालमा माओवादीहरुले रुकुम र रोल्पाको जङ्गलमा थापेका पासो होस् खक्चिलिपुकै पासोको विकसित रुप हुन् । त्यसैगरी राजा माहाराजाहरुले लगाउने श्रीपेचहरु खक्चिलिपुको सिली गर्ने नागिरे धामीहरुले लगाउने फेटा र

सिलदुम्रीको विकसित रुप हो भने करेन्टले चल्ने आजको भाइब्रेटर काइँयोको इतिहास पारुहाङले नाइमालाई कोसेली पठाई दिएको काइयो ठकेर्नासँग जोडिन पुग्छ ।

**सामाजिक परम्पराका श्रष्टाः तोमा, खेमा, खक्चिलिपु**

सामाजिक परम्पराको श्रष्टाको रुपमा पनि यी व्यक्तित्वहरु पूज्य छन् । यसको प्रसङ्गलाई कोट्याउँदा किराँतहरुले गर्ने विवाह परम्परालाई हेर्दा छर्लङ्ग हुन्छ । केटी भित्र्याउन घरभित्र हुल्ने बेलामा केटोले केटीको दाहिने हात पक्रेर साँगरछेउमा उभिएकी आफ्नी आमालाई दिनुपर्छ र आमाले घरभित्र तान्छिन् । यो प्रचलन खक्चिलिपुले नागेलुमलाई पक्रिएपछि वैवाहिक बन्धनमा बाँधिएको प्रसङ्गसँग जोडिन पुग्छ ।

यसैगरी बेहुलीको घरमा जन्ती ल्याएपछि बेहुलाको तर्फबाट ल्याएको पानफूल केटीको घरमा प्रस्तुत गर्दा **पारुहाङ नायम पापा पातेसुङ मामा दिलिदुमको छोरा खक्चिलिपु चेल्पु** (ज्वाई) **नागेलुमको विवाहदेखि नै गरि ल्याएको रीति हामी ल्याउदैछौं हजूर ! बाबा !** भनी ज्यादै नम्र भएर बक्साउनी फर्साउनी गरिन्छ । यसको प्रतिउत्तरमा यसरी नै **बाबा ! हजूरहरुको पानफूल खानु हामीलाई शर म लाग्छ पाप लाग्छ तर पनि खक्चिलिपु चेल्पु नागेलुमको पालादेखि चलिआएको चलन हुनाले तपाईंहरुको पानफूल सुप्तुलुलाई देखाउँदैछौं** भनि धामी र पूर्खाहरुले रीतिविधि गर्दछन् । त्यसपछि ज्वाईंले सासुलाई ढोगेपछि सबैको सबैसँग ढोगभेट चल्दछ । पुरानो साइनो छिनिन्छ र नयाँ साइनो जोडिन्छ । एक गाउँको एक वंशको सम्बन्ध अर्को गाउँ र वंशसँग जोडिन्छ । यसबाट सामाजिक मर्यादा, एकता र सहिष्णुताको भावना अभिबृद्धि हुन्छ । यो परम्पराको श्रष्टा पनि किराँत किंवदन्तीले खक्चिलिपुलाई नै मानेको छ ।

त्यस्तै वर्षमा एक पटक गरिने न्वागी होस् वा बेला-बेलामा गरिने छोर्सु (चुल्होलाई सुँगुरको मासु चढाई गरिने सम्मान), नागु, तिधाम यसमा प्रयोग गरिने नयाँ अदुवा, रक्सी, नयाँ चामल आदिले उही पुरातन परम्परालाई नै समेटेको देखिन्छ ।

**नारी समानताका प्रतीकः तोमा, खेमा, खक्चिलिपु**

तोमा खेमा खक्चिलिपुको जीवन वृत्तान्तले नारीप्रतिको भावलाई पनि सम्मान गरेको देखिन्छ । नारी समाजको अभिन्न अंग हुन्, उनीहरुमा पनि धैर्य, साहस र ज्ञानको भण्डार हुन्छ भन्ने प्रमाण तोमा खेमाको जीवन चरित्रले प्रस्तुत गरेको छ । खक्चिलिपु आफू अन्नपातका धनी, सुन्दरी श्रीमती र जमिनको मालिक भएर पनि छमदम जस्तो सामाजिक कर्मप्रति सौखिन हुनु, यसमा चेलीको उपस्थितिलाई अनिवार्य ठान्नु, समाजमा नारीको महत्वलाई स्वीकार्नु हो ।

**टुङ्गो**

यसरी विभिन्न दृष्टिले तोमा खेमा खक्चिलिपुको जीवनगाथाबाट वर्तमान समाजले धेरै कुराहरु ग्रहण गरेको पाइन्छ । हाम्रो घरगाउँमा अझै पनि मानिसहरु परदेश लाग्दा घरमा फूल राखिएको साइतपानीले छर्केर हिँडेपछि सो साइतपानी कतै सुरक्षित राखिन्छ । त्यसपछि के अनुमान गर्न लागिन्छ भने यदि फूल ओइलिएको छ भने परदेशी सञ्चो छैन र यदि झरिलै छ भने आराम छ । वास्तवमा यो प्रचलन सबभन्दा पहिले तोमा-खेमा जायजुमबाट छुटेर लेक र बेंसी जाने क्रममा भविष्यवाणीको लागि फूल रोपेका थिए । पछि बहिनी जीवित छैनन् भन्ने कुरा दिदीले फूल मरेको स्थितिबाट प्रष्ट भइन् ।

आज संसारमा कतिपय सिद्धान्त, वाद, रीतिरिवाज र प्रथाहरु जन्मिए, हुर्किए र कतिपय काम नलाग्ने भई मरिसकेका छन् । तर किराँत धर्म तथा संस्कृतिमा तोमा, खेमा र खक्चिलिपुले स्थापित गरेको रीतिविधि मूल्य र मान्यताहरु एकमाथि अर्को थपिएर विशाल र परिस्कृत हुँदै गएको पाइन्छ । यसलाई मानव जीवनको अभिन्न अङ्ग मानिएको छ । आजसम्म ति परम्पराहरु नहराउनु, साकेला पूजाको बिस्तार हुनु, अल्लो खाँडी र कोकोटीको बुनाइमा उनी र नाइलन थपिनु, आदिवासीहरुले आफ्नो भाषा, धर्म र संस्कृतिको बुलन्द आवाज लिई स्वअस्तित्व खोज्नु यस्तै उदाहरणहरु हुन् जुन मान्यता यिनै आदिम नारी र पुरुषले आरम्भ गरेका थिए । किराँत धर्म र संस्कृतिले अन्य धर्म र संस्कृतिमा उठाइएका व्यूहरचना, भेदनीति, षड्यन्त्र, छलकपट, युद्ध, मारकाट जस्ता सवालहरु भन्दा मानव कसरी सभ्य र सुसंस्कृत हुने, सामाजिक एकता र सहिष्णुता कसरी ल्याउने, गाँस, बास, कपास र सुरक्षाको व्यवस्था कसरी गर्ने भन्ने सवालहरुमा मात्र उन्मुख रह्यो । आजको समाज त्यसैको

परिधिभित्र घुम्दै फिर्दै बाँचिरहेको छ । त्यस युगमा बालकको रुपमा जन्मेको किराँत धार्मिक मूल्य र मान्यताहरु आज हाम्रो लागि सिरानी भएको छ । यसलाई विश्वले किराँत सभ्यता भनेर चिनिनु पर्दछ । मेसोपोटामिया, चीनिया, मिश्र, युनानी जस्ता विश्वका चर्चित सभ्यताहरु भन्दा पनि जेष्ठ रहेको यो सभ्यता वैज्ञानिक शोध-खोजको अभावले तोमा, खेमा र खक्चिलिपु लोककथाको कुनै काल्पनिक पात्र हुन् भन्ने कतिलाई लागेको छ । तथापि Old Trees May Die But Genesis Do Not Fade Away भन्ने अंग्रेजी उक्तिलाई स्वीकार्ने हो भने पुन: भन्नु पर्दछ– 'उनीहरुले शुरु गरेको कृषि व्यवस्था सामाजिक रीतिथीति, परम्परा चालचलन, व्यवहार, सीप र कलामा नै हाम्रो वर्तमान अध्याय अडिएको हुनाले यी आदिम नारी र पुरुषलाई सभ्यताको शिखर व्यक्तित्वको रुपमा निरन्तर सम्मानित भइरहनेछन् ।' अन्त्यमा नेपाली लोक संस्कृति अनुसार गाउँघरमा गाइने श्लोकमा किराँत राईको शीप, कला र रीतिरिवाजलाई समेट्ने निम्न श्लोकहरुले पनि उपरोक्त कुराहरुलाई नै पुष्ट्याईं गर्दछ–

कसले बुनेको डाली र छपनी, कसले बुनेको फिपी
कसले बाँधेको राईबन्धी पगरी, कसले बाँधेको थीति ॥१॥
राईले बुनेको डाली र छपनी, राईले बुनेको फिपी
राईले बाँधेको राईबन्धी पगरी, राईले बाँधेको थीति ॥२॥

❑❑❑

## परिशिष्ट– १

### दुमी सत्म पाछाको पूमा नुः

१. हनवीर सत्म - लुम्दुसे, हलकु, चादुमलु, मछेमु
२. श्रीमति पन्दुमाया सत्म - बुलुमी, ङायालु, सुम्तालु, सुम्निम्मा
३. पुत्रसिंह सत्म - तोदुसे, माथुमु, चादुमलु, वाथुमु
४. पृथुगञ्ज सत्म - वाकुसे, तायालु मोतिमु
५. जखेर सत्म - लुम्दुसे, खारुलु, मोतिनु
६. भुवनसिंह सत्म - सिविसे, होरोतु
७. फेन्दुराम सत्म - लुम्दुसे, जियमु
८. मोहनसिंह सत्म - तोदुसे, मुनाम्लु, मछेमु
९. बाकवीर सत्म - लुम्दुसे, मारुमु, ऋषिलु माप्फ्रोमु
१०. कायासिंह सत्म - सिविसे, मारुमु
११. निगुहाङ - तोदुसे, दुरीतु
१२. हामालु-हुङगेमा - सुम्नाल सुम्निम्मा (पूमा नु प्राप्त भएको तर देवनागरीमा नाम थाहा नभएको)

**श्रोतः– धनुरुप सत्मराई (चिउरीखर्क)को संकलनबाट**

### दुमी रङकासु पाछाको पूमा नुः

१. वद्धकर्ण रङकासु - सिविसे, चादुमलु मतेमु
२. करम वोल रङकासु - सिविसे, वारेतु, मुनाम्लु
३. जसवोल रङकासु - तोदुसे, हथमु, कुविलु, वापाइमु
४. जुवालसिंह रङकासु - सिविसे, तायालु, मतेमु, खियालु, होरोमु
५. राजीराम रङकासु - तोदुसे, हथमु
६. रायमुखी रङकासु - सिविसे, मतेमु
७. चन्द्रवोल रङकासु - लुम्दुसे, ङायालु, तायालु, मतेमु
८. हर्कवोल रङकासु - सिविसे, नाम्दुलु
९. विरिन्तु रङकासु - लुम्दुसे, मफर्मु
१०. लोनी रङकासु - तोदुसे, मायामु
११. हथमु रङकासु - तोदुसे, मरुमु
१२. पिदास रङकासु - लुम्दुसे, तोरुमु
१३. तिखु रङकासु - लुम्दुसे, तोरुमु
१४. होनी रङकासु - लुम्दुसे, हथमु
१५. देवानसिंह रङकासु - (पूमा प्राप्त हुन नसकेको)

**श्रोतः– वन्दुसिंह रङकासु राई (दाम्थला)को सङकलनबाट**

### दुमी हदी पाछाको पूमा नुः

१. अविराज (टाउके) हदी - सिविसे, मादुमी, चासुमी
२. श्रीमति अविराज (चैनवुढी) - तामासे, ङायामी, मस्युमे, मछेमु
३. लुमा हदी - कुविलु, मोपुई, मुछी, रिल्छु, वितिमु
४. तालादेश हदी - तोदुसें, माफ्रोमु, कविलु, वापैमु
५. उमावोली हदी - सिविसे, मोओमु, कविलु, मोलोमु
६. गञ्जवीर हदी - तोदुसे, होछेमु, कुविलु, मोमु
७. कुम्भजीत हदी - तोदुसे, होछेमु, बेलेलु
८. बासिले हदी - सिविसे ब्र.मरुमु

### पाछा बनिन अघि रङकासु र हदीको पूर्खाको पूमा नुः

१. हरेपु - मुनाम्लु, नामलुकु, कविलु, हथमु
२. श्रीमति हरेपु - हमेलु मुद्दुमा, बुद्धिमा
३. तोदिप्पु - मुलुम्पु, नाम्रेपु, कुविल, होतोपु
४. श्रीमति तोदिप्मु - हमेलु, हम्बेर्मा, चादुल सम्बेर्मा

*श्रोतः टिकामणि हदीराई, अम्बरबहादुर हदीराई (बाक्सिला हलकुम) र स्व. बन्दुसिंह राई (दाम्थाला)हरूको संकलनबाट*

# खाबाचु: एक परिचय

✍ अशोककुमार राई
हाल: काठमाण्डौं



दुमी भाषाबाट खाबाचुको खासै अर्थ नलागेको हुँदा मान्छेहरुले अन्दाजको भरमा विभिन्न अर्थ लगाएर थुप्रै अड्कल गरेता पनि खाबाचुको वंशावली अनुसार उनीहरुको पूर्खाको नाम 'खावा' भएको हुँदा उनैको नामबाट खाबाचु हुन गएको हो भनि खाबाचुको हाल सम्म जीवित पूर्खाहरु बैदाङ्ग कर्ता मानबहादुर राई र गौरुङ्ग चित्रबहादुर राई स्पष्ट किटानका साथ बताउँछन् ।

दुमीहरुको जनसंख्याको आधारमा करिब धेरै जनसंख्या भएको र पुरानो पाछामा खाबाचु पनि पर्दछ । खाबाचुको वंशानुक्रमको शुरुवात देखि नै दुमीराईहरुको भाषा, धर्म र संस्कृतिको संरक्षण र पालना गर्दै आफ्नै संस्कृति र मौलिकता अनुसार पुर्वज पिता पूर्खाहरुको (रिदुम हदुम) गर्दै आएका छन् । कसैको सिको, नक्कल वा सामे, पाछा भाषा, संस्कारको अनुशरण गरी कसैको भाई तुलिई बसेका भन्ने प्रमाण आजसम्म सुन्नमा आएको छैन । त्यसैले खाबाचु दुमीहरुको अभिन्न सन्तान हो भन्ने कुरामा कसैले दुइमत नराखे हुन्छ ।

**खाबाचुको वंशावली:-**

*इसिलिमले* सबै पाछाको वंशावली आगामी अंकमा प्रकाशित गर्ने हुँदा खाबाचुको वंशावली पनि त्यति खेर नै प्रकाशित हुनेछ ।

**बसोबास क्षेत्रहरु:-**

श्री ५ पृथ्वीनाराण शाहले नेपाल एकिकरण गर्न अगावै खाबाचु पूर्खाहरु 'सिमाङ्गगढि' भन्ने ठाउँबाट 'सित्केल' हुँदै रावाखोलालाई पच्छ्याउँदै हाल हौंचुर गाउँ विकास समिति अन्तर्गतका भैंसेगढिमा निक्कै लामो समय बिताएका कुरा प्रमाणित हुन आउँछ । भैंसेगढिमा हाल क्षेत्री बाहुनहरुको अत्याधिक बसोवास रहेको भए तापनि त्यहाँ हालसम्म दुमी राईहरुको पुरानो चिह्नानको अवशेषहरु, आइमाइहरुले लगाउने विभिन्न किसिमका मालाहरु त्यहाँका जमीन खन्दा, भत्कदा प्रशस्त मात्रामा भेटिएको प्रमाणहरुले सिद्ध गर्दछ । आगामी अङकमा त्यसको फोटो समेत प्रस्तुत गरिने जानकारी पाठकहरु तथा दुमी बन्धुहरुलाई अनुरोध छ ।

त्यहाँ बस्ने क्रममा उनीहरुका पेशा रावाखेलामा गई माछा मार्ने थियो । त्यस समयमा नै हाल माछा मार्न प्रयोग हुने सामग्रीहरु जाल, ढडिया जस्ता साधनहरु मात्र प्रयोग नगरि बाँसै बासद्वारा बनाइने खोलाको बीच भागमा थापिने 'तिप' पनि प्रयोग गर्दथे । एक समय खोलमा त्यसरी 'तिप' थापेर बस्दा ति पूर्खाहरुको आफ्नै जहान परिवारको रुप लिएर सामल-तुवल लिई आई मरेको माछा सबै लिएर बनझाँक्रीले छल गरेर खाइ दिने गर्दो रहेछ । यता आफ्ना श्रीमानहरु माछा मार्न गएको धेरै दिन बित्दा पनि माछा लिएर घर नफर्कदा श्रीमतिहरु चिन्ताले खोलामा नै पुग्दा सबैकुराको भेद खुल्यो । हामीले त्यत्रो मिहिनेतले मारेको माछा दुष्ट वनझाँक्रीले खाइ दिंदा खाबाचु रिसले मुर्मुरिए । तसर्थ वनझाँक्रीसँग बदला लिने सरसल्लाह गर्दा विष खुवाई मार्नुपर्छ भनि वनझाँक्रीको प्रतिक्षा गर्न थाले । पुन: वनझाँक्री आएपछि फकाई फुल्याई तिनीहरुलाई 'भार्लाङ्ग' भन्ने विष खुवाए । विषले सबै वनझाँक्री पार्लाक पुर्लुक भए तर एक गर्भिणि वनझाँक्री चैं बाँच्न सफल भएछ, आफ्ना सम्पूर्ण सन्तानहरु हेर्दा हेर्दै सबै ठहरै भएपछि चिच्याउँदै कराउँदै उ एक्लै जंगल पसेछ, उसैको श्रापले गर्दा नै आजसम्म खावाचुको कुनै पनि सन्तान झाँक्री धामी उत्रन नसकेको र भविष्यमा समेत उत्रन नसक्ने कुरा किंवदन्तीको रुपमा पूर्खाहरुले बताउँदै आएका छन् ।

त्यहाँ भैसेगढिमा माछा मार्न बाहेक जंगलमा शिकार खेल्ने काम पनि गर्दथे । त्यसरी शिकार खेल्ने क्रममा हौंचुर गाउँ विकास समिति अन्तर्गत कै पोखरी गाउँको जंगलमा शिकार खेल्न जाँदा शिकार मार्न तयार हुँदा एक छिन मै शिकार गायब हुने, निशाना सहि नलाग्ने, निशाना लागेर ढलेको शिकार पनि हराउने जस्ता अनेकौं आश्चर्यका कुराहरु हुन थाल्यो । त्यसैले यो कसैको छल हुनुपर्छ या देवी देवता रिसाएको हुनुपर्छ भन्ने ठानी धुप धुवार गर्दा सोक्सोबु (बाँझोको रुख) को टोडकाबाट अस्पष्ट आवाज आएकोले र सबैको ध्यान त्यतै तिर आकृष्ट भयो । त्यसपछि त्यस टोड्का भित्र केही छ भन्ने ठानी रुखलाई चारैतिरबाट घेरा हाली टोड्कामा हेर्दा 'बाँदरको जस्तो लामा लामा' शरीर भरि भुत्लै भुत्ला तर सम्पूर्ण शरीर मान्छे कै जस्तो भएको हुँदा 'तय मिनु हाचुङा गोता, किम खनु छुक्ता' (यो

त मान्छेकै बच्चा जस्तो छ यसलाई घर लैजानु पर्छ) भनि त्यसलाई घरमा ल्याए । त्यसको बानिव्यहोरा क्रियाकलाप हेर्दा जुन 'लेर्लेदुम' वनभ्फाँक्री खोलाबाट गर्भिणि अवस्थामा ज्यान बचाई भाग्न सफल भएको थियो । त्यसैको बच्चा हो भनी अनुमान भयो । त्यसलाई राम्ररी पालन पोषण गरि दुमीभाषा बोल्न सिकाई, शिकार खेल्न समेत पारंगत गराएपछि युवावस्थामा 'खापातेम' नाम गरेको आफ्नै चेली कान्छि बहिनीसँग विवाह गराई दिएका थिए । यसरी ज्वाई बनाएरसँगै राखी दैनिक शिकार खेल्न जान थाले । शिकार मरेपछि कस्को काँढले शिकार मरेको हो भन्ने विषयमा ससुरालीहरु र ज्वाई बीचमा प्राय मतभेद हुन्थ्यो । यसरी विवाद भएको 'खापातेम' चेलीले थाहा पाएपछि आ-आफ्नो काँणमा चिन्हो लगाएमा विवाद हुदैन भनि उपाय बताइ दिइन । जसबाट विवादहरुको टुङ्गो लाग्ने भयो । यसपछि खवाचुहरुले आफ्नो चेली खापातेम र लेलेदुमको छोरालाई 'राइचु' पाछा दिई राखेको कुरा राईचुकै पूर्खाहरुले अहिलेसम्म बताउँदै आएका छन् । हाल राईचुहरु जालपा गाउँ विकास समितिको ससर्कामा बसोबास गर्दै आएका छन् । राईचुहरु आफ्नै चेलीको सन्तान भएको हुनाले खाबाचु र राइचु बीच धेरै वर्षसम्म विवाह भएको थिएन तर पछाडि आएर दुवै पाछा बीच सहमति गराई विवाह चलाउँदै आएका छन् ।

खाबाचुहरु भैसेगढिमा खेती पनि गरेर बस्न थाले । जस अन्तर्गत त्यहाँको जंगल फाँडी खेति योग्य जमिन बनाए । पुन: खाबाचुहरु त्यहाँका जग्गा जमिनहरु छोडि पुन: रावाखोला तिर नै लाग्ने बिचार गरि ति जग्गाहरु त्यहाँका जग्गाहरु त्यहाँकै कार्की परिवारलाई सोह्रानी लेखि कर वापत ठेकि कोसेली बुझाउँने शर्तमा छोडें । त्यस जग्गा वापत लाग्ने दस्तुर, कर केही वर्ष अगाडिसम्म बुझाउँदै आएका कुरा त्यहाँको जग्गा उपभोग गर्ने परिवारका पूर्खाहरु बताउँछन् । त्यसपछि खाबाचुहरु जालपा गाउँ विकास समिति अन्तर्गत पर्ने खरबारी देखि केहि तल सालघारी जंगलको बीच डाँडा 'सुवाल' (रोटी पोल्ने ढुङ्गा) भन्ने स्थानमा केहि वर्ष बिताए । त्यहाँ केहि वर्ष अगाडिसम्म पुराना घरका घडेरीहरु सुङ्गुरका खोरहरु भग्नावशेषको रुपमा प्रष्ट ठम्याउन सकिन्थ्यौं । त्यस पछाडिमात्र खाबाचुहरु हालको 'खरबारी'मा आई बसेको थाहा हुन आएको छ । त्यस सुवालु भन्ने ठाउँमा पूर्खाहरुले आफ्नो हतियार उधाउने ढुङ्गा लगायत रोटी पोल्ने ढुङ्गा समेत भएको हुनाले त्यस ठाउँलाई नै सबालु भनिएको भन्ने कथन रहेको छ । उक्त ढुङ्गा हाल सम्म यथावत नै छ । जहाँसम्म खरबारीको कुरा छ, यो खरदेलबाट खरबारी भएको हो । यसको अर्थ चिण्डा प्रशस्त पाइने भएको हुनाले दुमी भाषामा खरदेल भन्दा भन्दै पछि पृथ्वी नारायण शाहको शासन माफ किराँतमा स्थापित भएपछि खरदेललाई सरकारी पक्षबाट लेखापढि गर्दा 'देल' लाई 'बारी' लेखिएको हुँदा खरबारी भन्न थालिएको हो ।

**जनसंख्या:-**

खाबाचुहरु खोटाङ जिल्ला लगायत नेपालको विभिन्न जिल्लाहरुमा सुनसरी, झापा साथै भारतमा पनि आफ्नै भाषा र संस्कृति अनुसार जीवन यापन गरिरहेका छन् । थाहा हुन आएसम्म प्रकाशमा खावाचुहरुको जानसंख्या महिला पुरुष गरी १९६ जना र हाल जालपा गाउँ विकास समिति अन्तर्गत वडा नं. ९ र ७ मा ३४८ जना छन् ।

**भाषा ज्ञान र पेशा:-**

दुमी भाषा लोप भएको स्थिति भएपनि प्राय: खाबाचुहरुले हरेक काज क्रिया देखि लिएर विहे बिटुलो जस्तो कार्यमा दुमी भाषा नै प्रयोग गर्दछन् । खाबाचुको पेशा खासगरि हाल सम्म खेति नै रहेको छ ।

**खाबाचु र हम्रुचु बिचको सम्झौता:-**

मानव समाजको विकासको चरणमा देखिएको विभिन्न दु:खदयी अवस्थाहरु अक्रमण, मुर्ख र बलियाहरुको ढलीमली शासन तथा जसको लाठी उसकै भैसीको अवस्थाबाट भएको शोषण र थिचोमिचो सुरक्षाको अभाव आदि बाट मुक्ति पाउन आपसी सदभाव, एकता र सहयोग बढाउन हाम्रा पूर्खाहरु हम्रुचु र खाबाचु बीच एक महत्वपूर्ण सम्झौता भएको थियो । यो सम्झौता दुमी किराँत राईहरुको इतिहासमा निकै ठूलो सम्झौता मानिएको छ । त्यस सम्झौताले पछाडि पृथ्वीनारायण शाहको फौजसँग मुकाविला गर्न समेत एकिकृत भावको जन्म दिएको थियो । यो एक सामाजिक धार्मिक सम्झौता थियो । यसमा दुवै पक्ष खाबाचु-हम्रुचु भेला भई 'गोपे' बाँसका उल्टो सुल्टो ढुग्रोमा पानी हाली दुवै पक्षले उक्त पानी खाई आ-आफ्नो हतियारहरुले ढुङ्गा काटी, एक आपसमा विवाह नगर्ने र हरेक किसिमका आपत्‌विपतमा एक हुने सहमति गरियो । यो सम्झौता गरिएको ठाउँ, हतियारले काटेको ढुङ्गा हालसम्म जालपा गाउँ विकास समिति अन्तर्गत वडा नं. ३ जरंखा भन्ने ठाउँमा यथावत नै छ । ❑❑❑

# वर्णाश्रमभित्र जातीय शुद्धता

मनिप्रसाद सत्मराई
पो.व.नं. ५२४४, काठमाडौं

वर्णको आश्रम अथवा वर्ण र आश्रम दुई शब्द समास भई बनेको शब्द हो बर्णाश्रम । यसैलाई अर्को भाषामा बुझ्नु पर्दा वर्णव्यवस्था वा विभिन्न वर्णहरुको आश्रम भनेर बुझ्न सकिन्छ । हिन्दू धर्मग्रन्थहरुले मानिसलाई विशेषत: ब्राह्मण, क्षत्री, वैश्य र शुद्र गरी चार वर्णमा विभाजन गरी वर्ण अनुसार कार्यविभाजन र उच्चता प्रदान गरिएको छ । उच्चता र श्रेष्ठताको हिसाबले ब्राह्मण सबैभन्दा श्रेष्ठ र क्षत्री दोश्रो श्रेणीमा पर्दछ, त्यसपछि क्रमश: वैश्य र शुद्र नीच (तल्लो वा हाल प्रचलित शब्दमा दलित) जातिमा पर्दछ, यी उच्च र नीच जाति बीच धर्मशास्त्रले छुवाछुतमा समेत प्रतिवन्ध लगाएको छ । के यी उच्च जाति वास्तवमै शास्त्रले भने मुताविक उनिहरुको उत्पत्ति नै विशिष्ट किसिमले हुन्छ त ? आजको युगमा यस विषयमा कुनै वैज्ञानिक तर्क भेटींदैन । हरेक व्यक्तिको उत्पत्ति क्रम एउटै किसिमको र समान रहन्छ, तापनि सामाजिक भेदभाव ज्यूँका त्यूँ भेटिन्छ । अब यसमा अर्को तर्क गर्न सकिन्छ परापूर्व कालमा उच्च जातिको उत्पत्ति विशिष्ट किसिमले भएको थियो की ? यो वास्तवमै जायज तर्क पनि हो । मनुस्मृतिमा संसार उत्पत्तिको समयमा विभिन्न भौतिक अभौतिक (पृथ्वी, जल, अग्नि, आकाश, वायु, दिन र रात) वस्तुको निर्माण पछि मानव उत्पत्ति गर्दा चार वर्गलाई फरक स्थानबाट उत्पत्ति गराएको प्रसङ्ग उल्लेख गरिएको छ । त्यसैले यसलाई आधार मान्ने हो भने केही हदसम्म यकिन गर्न सकिन्छ । तर के शास्त्रमा उल्लेख भए जतिकै यी उच्च जातिहरु जातीय शुद्ध छन् ? म केही हिन्दू धर्मशास्त्रका श्लोक र उक्तीहरुलाई यहाँ उदाहरणको रुपमा प्रस्तुत गर्छु, ताकी यसबाट अझ स्पष्टसँग जातीय शुद्धताको विषयमा पहिचान गर्न सकौ । कुनै पनि व्यक्तिले जन्मको आधारमा कुलको आधारमा, आफूलाई उच्च ठान्दछ भने ऊ स्वयं समाजबाट एक्लिने चेष्टा हुनेछ । यदि कसैमा त्यस्तो अभिमान छ भने कृपया मनुस्मृतिको ९ अध्यायको २३/२४ श्लोकलाई हेरौ ।

अक्षमाला वशिष्ठेन संयुक्ताऽधमयोनिजा ।
शारंगी मन्दपालेन जगामार्म्यहगीयताम् ॥२३॥
एसास्चान्याश्च लोके ऽ स्मिन्नपकृष्टप्रशतय: ।
उत्कर्ष योषित: प्राप्ता: स्वै: सर्वेर्भतृगुणै: शुभै ॥२४॥

अर्थात, तल्लो जातिमा जन्मिएका अक्षमालाले वशिष्ठ संग र शारंगीले मन्दपालसँग विवाह गरेको कारणले परमपूज्य भएका थिए । लोकमा यिनीहरु र अरु पनि थुप्रै स्त्रीहरु तल्लो कुलमा जन्मलिए पनि आफ्नो स्वामीको गुणले युक्त भएर श्रेष्ठता प्राप्त गरेका छन ।

यसबाट के प्रमाण मिल्छ भने जन्मले मात्र वर्ण निर्धारण गर्न सक्तैन । अझ अगाडि यसलाई प्रष्ट पार्न अर्को श्लोकलाई हेरौं ।

गणिकगर्मसंभुते वासिष्ठश्च: महामुनि: ।
तपसा ब्राह्मण जात: संस्कारस्तत्र कारणम् ।

अर्थात, महामुनि वशिष्ठ वेश्याको गर्भबाट उत्पन्न भएका थिए, तर तपस्यावलको कारण ब्राह्मणत्व प्राप्त गरे । त्यस्तै व्यासको विषयमा पनि भनिएको छ ।

जाते व्यासस्तु कैवत्यी: श्वयाक्यास्तु पराशर: ।
वहवोऽन्येऽपि विप्रत्यं प्राप्ताये पूर्वमद्विजा ॥

व्यास कैवर्त्तीबाट र पराशर चंडालीबाट उत्पन्न भएका थिए । यिनीहरु जस्तै अरु पनि थुप्रै जो पहिलो गैर ब्राह्मण थिए, आफ्नो राम्रो कामको कारणले ब्राह्मण भए । भनिन्छ, तपश्या वलको कारण यिनीहरुले आफ्ना शरीरमा भएका गैर ब्राह्मण रक्तकणलाई निकाली ब्राह्मण जातीको रक्तकण उत्पन्न गरेका थिए । यहाँ विचार योग्य कुरा के छ भने यिनीहरु गैर ब्राह्मण भएर कसरी तपस्या गर्न पाए ? शास्त्रानुसार यिनीहरुलाई तपस्या गरेवापत रामचन्द्रले शम्वुकलाई जुन दशा गरेका थिए, त्यो नै गर्नुपर्ने थियो । किन शम्वुक र यिनीहरु वीच यो भेदभाव ? केही छिन

मानौ कुनै प्रकारले यी तपश्वीहरु शम्वुकको हालत हुनबाट वचे भने पनि त्यस्ता तपश्वी महर्षि व्यास जस्को जस्तो कठोर तपस्याले आफ्नो काला रंग र शरिरबाट निस्कने दुर्गन्ध तपस्यावलले किन हराएनन ? उनको शरीर कालो थियो र शरीरबाट ज्यादै कडा दुर्गन्ध निस्कन्थ्यो । यसको प्रमाण विचित्रवीर्यको मृत्यु पस्चात जव सत्यवतीले महर्षि व्यासको आफ्नो विधवा पुत्रवधू (वुहारी) अम्विका र अम्वालिकाबाट नियोग विधिद्वारा छोरा जन्माउन चाहन्थीन, त्यस वेला पाइन्छ । महर्षि व्यासको कालो अनुहार र शरिरबाट निस्कने दुर्गन्ध खप्न नसकी सत्यवतिका पुत्रवधु एकजना बेहोस भएकी थिईन, भने अर्को डराएर आँखा चिम्लेकी थिइन, तर महर्षि वशिष्ठले तपश्यावलले रक्त परिवर्तन गर्न सक्तथे भने आफ्नो कालोपन र शरीरवाट निस्कने दुर्गन्ध जस्ता सामान्य कुरा किन परिवर्तन गर्न सकेनन् ? यो सोचनिय विषय छ । महाभारतको यो कथनले महर्षि वाशिष्ठको तपस्याबाट ब्राह्मणत्व प्रप्त गरेको कुरामा शंका गर्ने प्रशस्त मार्गहरु भेटिन्छन । हिन्दू धर्मशास्त्रमा केलाउदै जाने हो भने कुनै न कुनै प्रकारले फरक वर्ण वीच रक्त मिश्रण भएका धेरै घटनाहरु फेला पर्दछन । अरु सामान्य मानिसको त कुरै छाडौ स्वयं शिव र पर्वतीको अन्तरजातीय विवाह भएको थियो । शिव व्राम्हाण वर्णका थिए भने पार्वती क्षत्रीय थिए । यसका प्रमाण महाकवि कालिदासकृत कुमार संभव महाकाव्यमा पाईन्छ ।

सा गौरसिद्धार्थ निवेशवन्दिर्दूर्वा प्रवालैः प्रतिभिन्न शोभम् ।
निर्नाभिकौशेयमुपात्तवाणमभ्यङ्गनेपथ्यमलंचकार ॥

अर्थात्- उनले, जसले आफ्नो बायाँहात माथि संरसोको दाना युक्त दुवोको अंकुर धारण गरेकी थिइन, नाभि देखि माथि रेशमी सारी पहिरेकी थिइन्, र दाहिने हातमा वाण लिएकी थिइन्, उनी स्वयम् आफू मात्र अलंकृत नभै आफूले पहिरेका आभुषणलाई पनि अलंकृत बनाइन् । अब यसलाई पुष्टि गर्न मनुस्मृतिको तेश्रो अध्याय श्लोक ४४ लाई हेरौ ।

शरः क्षत्रियया ग्राह्यः प्रोतोदो वैश्यकन्यया ।
वसनस्य दशा ग्राह्या शुद्रयोल्कृष्टवेदने ॥४४॥

ब्राह्मणसँग क्षत्रीय वालिकाको विवाह हुँदा ब्राह्मणको हातमा भएको वाणको एक छेउ समात्नु पर्दछ । वैश्य कन्याको ब्राह्मण वा क्षत्रीयसँग विवाह हुँदा ब्राह्मण, क्षत्रीय र वैश्यले लगाइ सकेको कपडाको छेउ समात्नु पर्छ । यस श्लोकबाट के प्रमाणित हुन्छ भने शिव र पार्वतीको विवाह असवर्ग (भिन्न जाति व्राम्हाण र क्षत्रीय) थियो । पार्वती क्षत्रीय कन्या भएकोले नै विवाहको वेला उनले हातमा वाण समातेकी थिइन । यसरी परापूर्वकालदेखि नै उच्च वर्णमा पनि रक्त मिश्रण भएको प्रशस्त उदाहरण भेटन सकिन्छ ।

कत्ति ब्राह्मण महर्षिहरु छन जो नीच जातिबाट उत्पत्ति भई पछि ब्राह्मण भएका छन । पराशर चण्डालीबाट, विश्वमित्र क्षत्रिबाट, कौशिक कुशको मुठाबाट, भारद्वाज शुद्रबाट, नारद दाशीबाट र वाल्मीकि धमीराले उठाएको माटोबाट उत्पन्न भई ब्राह्मण भएका छन । जब आफ्नो पूर्वज भनाउँदा जसमाथि गर्व गरिन्छ, कै हालत यस्तो छ भने आफूलाई ऋषिको सन्तान भनाइनेहरु पनि सोही रक्त मिश्रणवाट नै आएका हुन । यहाँ स्मरण योग्य कुरा के छ भने सोही ऋषिहरुको नामबाट अझै पनि गोत्रहरु बनेका छन र सम्मानको दृष्टिले हेरिन्छ ।

यी माथिका तमाम कुराहरुलाई नियाल्दा बास्तवमा के निश्कर्ष निकाल्न सकिन्छ भने कुनै पनि जाति जन्मानुसार हैन कर्मानुसार महान हुन्छ भनेर मान्न सकिन्छ यदि यो तथ्यलाई स्वीकार नगर्ने हो भने सायदै यहाँ रक्तसंमिश्रण नभएको शुद्ध ब्राह्मण वर्णको कसैलाई भेटिएला ! त्यसैले कुनै पनि उच्च वर्णकाहरूसँग उच्च हृदय हुन आवश्यक छ र कसैसँग पनि कुनै किसिमको भेदभाव नराखी समाज निर्माणमा सहभागी हुनुपर्दछ । जन्मानुसार उच्च र कुलिन वर्णको अभिमानले समाजलाई अगाडि हुन हैन पछाडि धकेलिरहने छ । उच्च वर्णमा जन्म लिएर मात्र मोक्ष प्राप्तिको आशा नराखी समाज सेवा र दीनदुःखीको सेवा मात्रै यस्तो बाटो हो जसबाट आत्मा सन्तुष्टि र मोक्ष प्राप्ति मिल्दछ ।

क्रमशः

# दुमी भाषाका क्रियाका रुपहरू

✍नेत्रमणि हलक्सु राई
माक्पा- ६, नोरुङ्ग

☞ तँ तरुल खा/नखा
आनि कि (लुङ्खी) जि/माजि ।
☞ म आलु मात्र खान्छु/खान्न ।
आङ् साम्वाकि तुङा जङ्तो/जङ्तोनो
☞ चाँडैनै आएर खानू है/नखानु है ।
बोलो ङा हुनाका/हुसोका जुना म्यै/माजुना म्यै
☞ अघाइन्जेल खाइयोस/नखाइयोस् ।
सप्थे जुइसिना/माजुइसिना ।
☞ बाँडेर खाऊ/नखाऊ ।
योक्सोका जुना/माजुना ।
☞ पुगेसम्म खावस/नखावस ।
लात्ताम खवि जिनु/माजिनु ।
☞ हामी मिलेर खान्छौं/खाँदैनौं ।
ङङ्खी दोङ्सोका जुक्ति/जुक्तिन ।
☞ तिमीहरु के खान्छौ/खाँदैनौं ?
आनिमु मो जुक्सा/माजुक्सा ?
☞ कति खान्छस्/खाँदैन्स/खाँदैनस हो ?
हितो आजिता/आजितान/आजितानम् ?
☞ उहाँहरु मिठौ खानुहुन्छ/खानुहुन्न ।
उनीमू चानुक्सा जितानि/जितानिन ।
☞ उनीहरु ढिलो खान्छन्/खाँदैनन् ।
उनीमू जाखा जितानि/जितानिन ।
☞ अहिलेसम्म खाँदैछन्/खाँदैछैनन् ।
तेयोखवि जिथत्तानि/जिथत्तानिन ।
☞ सबै मिलेर खाइरहेछन्/खाइरहेकाछैनन् ।
भारा/खल दोङसोका जुसोमुथत्तानि
/जुसोमुथत्तानिन ।
☞ अमिलो खाएर मुख खकाल/नखकाल है ।
चुर्सा जुसोका क्वाम् हुप्ना/माहुप्ना म्यै ।
☞ अघाइन्जेल खाऊन्/नखाऊन् ।
सप्थे जिनिनु/माजिनिनु ।
☞ म त भरखर पो खाँदैछु/खाँदैछुइन ।
आङुने मालो व जङ्थत्तो/जङ्थत्तोनो ।
☞ ऊ एक्लै खाँदैछ/खाँदैछैन ।
ऊ होपुतुङा जिथत्ता/जिथत्तान ।
☞ उनीहरुले काँचो भात खाँदैछन्/खादैछैनन् ।
माम्मुआ स्वाता जा जिथात्तानी/जिथत्तानिन ।
☞ तैले कति खाइस/खाइनस ?
आनिआ हितो आजि/आजिन ?
☞ मैले सबै पिँडालु खाएँ/खाइनँ ।
आङुआ खल खोक्सी जडुँ/माजडुन ।
☞ उसले थोरै मात्र खायो/खाएन !
उम्आ (खामा तुङा) खामाङा जि/माजिन ।
☞ तपाईँले के खानुभयो/खानुभएन ?
आनिमुआ मो आजोनि/आजोनिन ?
☞ उनीहरुले केहि पनि खाएनन्/खाए ।
माम्मुआ मोयो माजिनिन/जिनि ।
☞ अर्को साल खाऊँला (खानेछु)/नखाउला ।
आनम्म जुक्सा/माजुक्सा ।
☞ उनीहरुले पनि त खालान्/नखालान् ?
माम्मुआ यो जितानि/जितानिन ।
☞ मिठो मानेर खाला/नखाला ।
चानुत्थे जिता/जितान ।
☞ तैंले कहिल्यै मर्चा खाएको छस्/खाएको छैनस् ।
आनिआ हियो लुङ्खा आजिम्गोता/माङ्गु ।
☞ हैन, जाँड मात्र खाएको छु/खाएको छैन् ।
मोनो, चि तुङा जङुम गोता/जङुम माङ्गु ।
☞ ऊसले पो खाएको छैन कि/खाएको छकि ?
ऊम्आ व जिम माङ्गु य/जिम गोता य ?
☞ पोहोर साल लुकेर के खाएको थिइस्/थिइनस् ?
आजोङ्का सुल्सिसो मो आजिम्ग/आजिम मागन ?
☞ कन्दमुल खाएको थिएँ/थिइन ।
खल जङुम् ग/जङुम मागन ।
☞ उसले पनि खाएको थियो/थिएन ?
उम्आ यो जिम् ग/मागन ?
☞ उनी स्वयंले खाएकी थिइन्/थिइनन् ।
ऊम होपुआ जिमग/मागन ।
☞ पोहर सालदेखि खाइल्याको/खाइआएको ।
आजोङ्काविका जुसोमुन्हन्पोम् ।

**नोटः- माथिका कुनै अक्षरमा दुई मात्रा भएमा दुवै मात्रा अनुसार उच्चारण मान्य हुने जानकारी गराईन्छ ।**

# दुमी भाषामा सम्वाद (तुम्नाम्)

✍ मिक्सिरदु दुमीराई
माक्पा- ६, नोरुङ्ग

- नमस्कार ! कस्तो छौं ?
  सेवा खन्ने ! भिम् आमोतानि ?
- सञ्चैछु आजसम्म ।
  खान्थेङा मोतो आम्नातुम्बु ।
- कहाँ जान लागेको यस बेला ?
  खम आखुस्तानिम् तामघरि ?
- चण्डी नाँचतिर हिँडेको नि ।
  तोसिवि लाम्थियोम ।
- अनि एक्लै हिडेको त ?
  मन होपु तुङा लाम्आथिनिम/लाम्थिनिम् ?
- साथीहरु अगि नै गैसकेछन् क्यारे ।
  दुसुमु भू हामखुचि वने ।
- साँची, नाँच्ने ठाऊँ कहाँ नेर हो ?
  छुङा, छम्सा खम्वि व ?
- युङ्खुलीमा रे नि त ।
  युङ्खुलुवि ए माका ।
- हेर्न जाने कि ?
  सेङ्कुवि खक्सा य ?
- ढीलो हुन्छ होला ?
  नाम बाक्ता य ?
- चाँडै सँगै फिरोला/फर्कौला नि ।
  बोलोङा तुहेङा आइसिक्ति वा ।
- लौ न त एक छिन/केही छिन् भएपनि हेर्नजाऊँ
  लौ माका तुकघरी खोयो सेइस्पास्ति ,
- गएर नाँच्नु पर्छ नि ।
  खस्सोका छम्ना छुक्ता नि ।
- मलाई त्यति राम्ररी नाँच्नै आउँदैन ।
  आङुवि ओदु खान्थे छम्ना ङा होतान ।
- अरु नाँचेको हेरेरै पनि त सिकिन्छ नि ।
  खेम्मु हाम्छुम्ताम सेनसोकायो खि चेइसिक्ति
- त्यसो भए जाऊँ न त ।
  मो खो खक्तिवा माका ।
- लौ जाऊ मात्र हैन हिँडिजाऊ ।
  लु खुस्ति तुङा मोनो लाम्थिखुस्ति ।
- साँची, आज नै किन नाँच्ने गरेको नि ?
  छुङा, आम्ना ङा मोना छम्सा मुक्तिम नि ?
- आज बैशाखे पूर्णिमाको दिन नि त ।
  आम्ना बैशाखे पूर्णिमापो नुलु माका ।
- को-को नाँच्छन् ?
  आसि-सि हाम्छुम्ता ?
- बालक-बृद्ध, पुरुष-महिला, चेली-माइति सबै नाच्छन् । चुचु-दुष्पि, लस्वा-मिस्मा, विर्मे-चेल्पु खल/भ्रारा ङा हाम्छुम्ता
- कसरी नाँच्छन् (नचाई कस्तो हुन्छ) ?
  भिँसो हाम्छुम्ता (छम्सि भिम छुक्त) ?
- भ्याम्टा र ढोल बजाउँदै गोलो भएर नि ।
  हर कायो थुलु दाम्बा तुप्सो खिरिलो छुक्सो नि
- वर्षमा एक पटक मात्र नाँच्ने त ?
  तुक थोवि तुक फेरा तुङा छम्सा माका ?
- जुनसुकै बेलामा नाँचिन्दैन ।
  मो बेला यो छम्सा मोनो/छम्तिन ।
- राई मात्र कि अरु जातिहरु पनि नाँच्छन् ?
  रदु तुङा य खेम सुमु यो हाम्छुम्ता ?
- होइन, चण्डी नाँच त राईहरुको चाँड हो नि त ।
  मोनो, तोसी ने रदुमुपो छमदम व माका ।
- अरु जातिहरुले नाँच्न पाउँदैनन् त ?
  खेम सुमुआ छम्ना द्यार्तानिन माका ?
- नाँच्नै नपाउने त हैन, तर नाँचेको सुहाउँदैन ।
  छम्ना माकोक्सा ने मोनो, खोयो हाम्छुम्ताम् दयार्तानिन ।
- ढोलको (बजे जस्तो) आवाज जस्तो सुनिन्छ नि ।
  थुलु (दाम्बा) जिखे ङिक्ति नि ।
- ऊ त्यही त हो नि, आइ पुगि सक्यौं ।
  माका माम्विङा खि, हुन्पान्ना बान्पोम् ।
- जंगलको छेऊ नेरै पो रैछ ।
  साउलो खविङा व रछ/गोताम ।
- त्यहाँ फराकिलो नाँच्ने चौर छ नि त ।
  माम्वि धाप्सा छम्सा थाम्पु गोता माका ।
- म त काफलको बोटमा पो चढेर हेर्नुपर्‍यो ।
  आङुने जरेम्सीपो बुवि होङ्नाका व सेन्ना छुक्ता वने ।
- चढ्न सक्छौ के ? त्यहाँबाट देखिन्छ र ?
  होङ्ना आंचाप्ता का ? माम्ला दोक्तिका ?
- नसके त्यही जाउला नि:ताक परे नाँचौला ।
  चाप्तोनोखो माम्विङा खक्सा नि:छुक्ताखो छम्सायो ।
- पुग्ने बेलामा तिमी अगाडि हिंड ल । मलाई त लाज लाग्छ ।
  हुन्पान्ना खवि आनिमु लाम्लु । भु लाम्थिनि ल । आङुवि लाजि लोता (आङुवि ख्वाइस्तु) ❑❑❑

# भान्सामा प्रयोग हुने शब्दहरू

*चक्षुवन्धु हलक्सुराई*
*माक्पा- ६, नोरुङ्*

आलु, खोक्सी= पिडालु, ओम्लो/दुदु= दुध, कर्चम= दाबिलो, क= तरकारी, कङ्कु= पानी, काकाल= डालो, कुलाङसो= मूल ढोकासँगै तलतिरको जमिन सतह (मृत शरीर बाहिर निकाल्न अगाडि राखिने ठाऊँ), कुर्सी= ओखर,कोप्चुङ= सिलौटा, खल= गीठो, खिलम= घ्यू, खुर्मी= खुर्पा, खो= थाल/डबका, खुदु= लिस्नो (भऱ्याङ), खुरु= जातो, खाँवो= थाम, खिप्लेम= हाँडी, गलजा= देउताको नाममा चढाइने भात, ग्रनम= सिस्नो, ग्याक्सी= भट्मास, ङिमु=तीर/वाण, चम्सू= झिरुवा दाउरा, चुङ्गे= ढुङ्ग्रो, च्वादानी= मुसा मार्ने औजार, छेल्मु= मान्द्रो, छ्याकाल= नाङ्लो, छुप्लु= काम/वुछालु, जा= भात, जस्केलो= झ्याल, जम= धान, धिप्रि= बत्ति, धिरी= गाग्री, ताला= माथिल्लो तल्ला, तौ= थुन्से, थेऊे= बोसो, थलुम= मुस्ली, दाउलो= अगेनो, नोक्तु= लिटो, पु=खरानी, पन्दी= बन्चरो, पोसु= सुंगुरको मासु, पोप्सु= कुबिण्डो, पोजा= सुंगुर चारो, फुल= पीठो, फर्कि= जस्केलो सामुन्ने माथितरको भाग, फाजी= नाम्जो, फ्याक्सुम= झोला, फिरु= अदुवा, बेलुवा= हसिया, बेथो= खुकुरी, बार्बोत्ती= सुठुनी, बब्स्वासी= मकै, ब्रामु= फाँपर, बुर्सी= काँक्रा, मिखुमा= धुवाँ, मोसु= अगेनोदेखि माथितिरको जमिन सतह (पितृ बुझाउँदा थान-थपना बसाउने ठाऊँ), मी= आगो, मीछु= कोइला, युङ्कुपा= वीणा, याछाम्= ऊवा, यिवा= ढिडो, रब्जा= चामलको भात, रुम= नुन, राकसङ्ग= पित्तलको ठाडो भाँडो, ररु= बीऊ, लमजम= सामल, लाम्चुको= ढोका, लुचु= डोको, लुपी= घैटो, लोटा/करुवा= बगुना, लोफे= डाडु, लिपु= छुरो, लुजम= कोदो, लाम्कि= भात/ढिडो पाकाउदा बढी भई निकालिने पानी, विरम= खुर्सानी, विछु= चक्कु, वाम्फोक= कट्टी, वीमा= बेसार, सदम= ओदान, सदम= ओदान, सोठे= आगो फुक्ने नली, सुरु= चामल, सब्जा= मकैको भात, सुप्तुलु= चुह्लो, सुर्की= जुठो भाँडा पखाली निस्केको पानी । सू= दाउरा, सुङ्ख्र= ओखल, साम्फे= पन्यु, सु= मासु, फुसु= कुखुराको मासु, साम्बाकी= लुङ्गी= घर तरुल, साबे= रोटी, साउलोकी= वन तरुल, सोजा= रुपैया, सालु= हाड, ही= रगत ।

□□□

**नयाँ वर्ष २०५७ को**

शुभअवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति सुख, संवृद्धि तथा सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको

***हार्दिक मंगलमय शुभकामना***

**अध्यक्ष**
**रामप्रसाद राई**
**तथा जालपा गा.वि.स. परिवार**

# दुमी भाषामा रुख बिरुवाहरूको नाम

संकलक: चुङकोओइसी सत्मराई

| | |
|---|---|
| अङ्गेरी | = सुपेबु/सुपेल्बु |
| अनौकाठ | = फुसुबु/खुसुम्बु, |
| अमला | = पिमासबु/पिमासी |
| अमलिसो | = सप्तम्बु |
| अर्खोला | = ग्राबु |
| आँखातरी | = मिचीबु/मिक्सी बु |
| ओखर | = कुर्सी/फ्रसिबु |
| ओदाल | = राखुबु |
| आरु | = मङ्लङ |
| अमिली | = चुर्सीबु |
| उत्तिस | = वार्तीबु |
| ऐंसेलु | = खिसि/हाप्सीवु |
| कटहर | = बार्सी कटुस, |
| ठूलो | = दिबुसी |
| कटुस ढाले | = ब्रामुसी |
| कटुस सानो | = इंसिबु |
| कदम | = फासु/तान्तीवु |
| काउलो | = ग्लम्बु |
| काप्रा | = सक्सवु/खाल्ची |
| काप्रा ठूलो | = खक्चीबु |
| काप्रा सानो | = मुनाम्बु |
| काप्रा लहरे | = चक्सुबु |
| कालो निगालों | = थबु |
| काङ्गीयो | = लोफेबु |
| काफल | = जरेम्सी |
| किम्बु | = तापातुङ |
| कुकुरदाइनी | = गङ्गेर/रिखीहितु |
| कुखे्र काठ | = थुसुबु/खुसुम्बु |
| कुयाल | = धार्कोर्बु/बालीरिबु |
| कैजाल | = छर/पोदाम्बु |
| कोइरालो | = जिबु |
| केरा | = ङेलक्सी |
| काठेपिपल | = सूबारा |
| खनियो | = खुबुसी/नार्कोक्सी |
| खयर | = खिप्जुक्दामबु |
| खराने | = पुउसु/बक्तासे |
| खरिघाँस | = फुसुबु |
| खर्सु | = तोक्सुम्बु/रामुबु/तुक्सुम्वु |
| खस्रे | = घङगेर्बु |
| खिर्रा | = सुसु |
| खिरौ | = खिब्बासी |
| गायो | = गेबु |
| गिनेरी | = सालुक्बु/दुदेर |
| गुयाँलो | = मरुबु/मोराबु |
| गुराँस | = तक्तेबु/दोफेबु |
| गोगुन | = तेराबु/पेराबु |
| गोपेबाँस | = हुपुरीबु/हुपेरी |
| गोरुपाती | = मुन्छलेम् |
| घङ्गारु | = हङ्कबु |
| घुर्बीसो | = जिलीबु/जिउलीबु |
| घोक्रे सिरीस | = कोराबु |
| घोगेचाँप | = तोकचेबु |
| घोत्ली | = |
| चाँप | = दुवाल्बु |
| चिउरी | = याल्सीबु/यल्सी |
| चिलाउने | = यासुबु |
| चुलेत्रो | = चुलेबु |
| चुवा | = पुमासुवु |
| चौलाने/चौलायो | = छरुबु |
| चोयाबाँस | = लिस्फु/तेर्पा |
| भिङगुना | = रिम्सीबु/सिम्सीबु/ताम्सुबु |
| टाँकी | = निबु/लङ्कबु |
| टिम्बुर | = इक्पा |
| टाँटरी | = |
| डुम्री | = खाक्चीबु |
| ढुङ्ग्रेबाँस | = तुरु |
| तिल्के | = लोफेबु |
| तितेपाती | = सिपुमा/सिपम/सिबु |
| दब्दपे | = सोमो |
| दार | = सोलखाबु/वाल्फार |
| दुधिलो | = छामछेबु |
| द्वारेफूल | = जर्सीवु |

धाँएरी =
धुपी =
धुस्रे = बसम्बु
धावीकाठ = छेकलम्बु
धुर्सुलो = भिसीबु
नाकबेली लहरा = नुसु/कुदुरी
निगालो = आबु/थबु/खिकन्दु/दुम्दुबु/संगेर्वु
निभारा = वाल्बु/वासिबु
पिपिलिङ = पिपिलिङ
पट्के सिरिस = फाकिल्बु
पट्मेरु = पञ्चम्बु
पात्ले = पिसीबु/पिसी/इसिसी
पादरी = पिबु
पाङरा = मुरुवा/दङखुरी
पिपल = आपेबु/खकचीबु
पैनटी =
पैया = ताप्रेसेबु
पत्याङबाँस = लवा
फलाँट = लेसु/ङसीबु
फलेदो(चैतमा फुल्ने) = फिद्धीबु/फिप्तीबु/तिम्तीबु
फलेदो(भदौमा फुल्ने) = रोकुम्बु
फलामे काठ = हिङ्गुबु/हल्सुबु
फुर्केढोल = हिँगुनाम/हिबुनाम
बाँस = पाबु
बहबीस = हितिम्बु
बाँदरे = मास्तुबु
बडहर = मक्सीबु/जसुबु/बक्थबु
बर = मुनाम्बु
वनबाँस = सोक्पु/सकम्बु
वनकेरा = तम्फुरु/तम्पुरी
बलढेङग्रो = दामकोल्सी
बोकेटिम्बुर = टिम्बुर
बिलाउने = चिरम्बु/तिराम्बु/नागिबु
बोहोरी = मसुबु/मासाबु/मसु
बाँझो = ससीबु/सक्सीबु/सोक्सोम्वु
बरीवन = थुक्सुबु
बेंत = गुरी
भीमसेनपाती = ब्रानाम्बु/बर्नम्बु
भोकटे = लोकठम्बु
भालुबाँस = मोक्सुपाबु/लवा
भोजपत्र/भुलेत्रो = खोतीफो
भर्लां = मोक्तारी
भलायो सानो = काक्तुरी
भलायो ठूलो = खिचक्सी/खेलक्सी
मन्धने = सिर्लिङ्गी
मरेला = लिछु
मलता = कोलोबु
मालागिरी = छम्छबु
मुसुरे कटुस = इसिबु
माने = मानेबु/फिप्तीबु
मालिबाँस = तेर्पाबु
मौवा = बोंक्तो/तुकुरीबु
मसिनो सिरिस = तिजीलम्बु
मालिङगो = सङ्गेर्बु/हिबु
मोहोने = मिञ्चीलीम्
रगते = लोफेबु
रिठ्ठा = पेल्सी
रुद्राक्ष = रुत्र
रोलिङगो = रुकसुबु
रानीचाँप =
लप्सी = पिन्तुसी/पिनुबु
लाँकुरी = लसीबु
लिपोदोरी = याखीरीबु
सल्ला = अँबु/अप्सीबु
साल = सलम्बु
सिमल = घोर्सोबु/भ्रक्तम्बु
सिमली = सेलेम्बु/खिबु
स्यालफुस्रो = फुसुबु
साँधन = पेन्दम्/पेन्दबु
सिसौ = .......
सिलटिम्बुर = लुप्रीसिबु/लुप्रेसिबु
सोत्तर = वासेउ
सिंगाने =घङगेर्सु
हात्तीवार = रक्सब/रुक्सुबु
हाडे = कोकचेबु

स्रोतः धनरुप सतमराई- सप्तेश्वर, स्व. मौधन रङकासुराई- बाक्सिला बजार, स्व. भीमलसिंह मुरहराई- बाक्सिला-हल्कुम, स्व. नक्षो रसुले दिम्मचुराई- बाक्सिला सिपुलुङ, पदमबहादुर राई, इन्द्रबहादुर राई- बाक्सिला चोखुम

# साकेला रिसिय

(**लोकलयमा**)

संकलक: चुङकोओइसी सत्मराई
स्रोत: नक्षो टेकबहादुर मुरहराई

जिन्जीलिखा नकेखा
पूमा नुम्तिनी
साखेल खलमिन
छुम्नु लुम्तिनी
दोलोकुम्मा दो दो मस्युमे दो ।१।

×××

लाम्दिजा दुम्देल
पूमा नुम्तिनी
खलमिन छुम्नु
लुम्तिनी
दोलोकुम्मा ... ।२।

×××

लाम्दिजा साखेल
खलमिन
दुमी रदुहाम्पो
फन्सिकिम
दोलोकुम्मा... ।३।

×××

निनाम्तिई साखेल
निनाम्बुआ
लाचिनी रदिनिम
निनामलुवा
दोलोकुम्मा... ।४।

×××

निनाम्लुवा रदिनिम
लाचिनी
दुङिनिक हसहल
मुतिनी
दोलोकुम्मा... ।५।

दोखक्ती खल
वान्तोछारी काई
सागो दुङिनिक
हसहलम्यै

×××

दोलोकुम्मा... ।६।

छुम्नुने छुम्नु
लुम्तिनी
दुङिनिक हसहल
मुतिनी
दोलोकुम्मा ... ।७।

×××

खलआ छुम्नु
लुम्तिनी
मसिमदी काई
रिप्तिनी
दोलोकुम्मा ... ।८।

×××

थुलुपुलु खादीम
खरहर काई
चुसवस कुविआ
मस्युमदी काई
दोलोकुम्मा.... ।९।

×××

मस्युमदी काई
रिप्तिनी
दुमीआ चुकुन
लुम्तिनी
दोलोकुम्मा....।१०।

अम्लेरी अम्पुलु
केपदुमु
लुम्तिनी चुकुन
फार्चम
दोलोकुम्मा... ।११।

छुवमदाम पाउदाम
लुखिंनी
सारी सुमर
तुलुनी
दोलोकुम्मा... ।१२।

×××

**शब्दार्थ**

जिन्जीलिखा नकेखा = माझकिराँत भेगलाई समेट्ने अति प्राचिन नाम जसलाई धामीहरुले वखानमा ल्याउँदछन्, पूमा= फूल, नुम्तिनी= बास्ना आउँछ, साखेल= साकेला चण्डीनाँच, खलमिन= सबैजना, छम्नु= नाँच्नु, लुम्तिनी= चाहन्छन्/खोज्छन्, दोलोकुम्मा= गोलो घेरा/वृताकार, दो= संगीतमा आउने एक अन्तरा, लाम्दिजा= बाक्सिलाको पुरानो नाम, दुम्देल= दुङकुलु ढुङ्गा रहेको सिम्पानी गाउँको पुरानो नाम, दुमी= राईको एक थरी, रदुहाम्पो= किराँतीहरुको, फन्सिकिम= संगठन/भेला/साझा घर, दुङिनिक= सँगै मिलेर, हसहल= मनोरञ्जन, मुतिनी= गर्दैवस, खल= सबै, वात्तोछारी= दाजुभाइहरु, काई= सँगसँगै, सागो= हृदय/हित्तचित्त, म्यै= है भन्ने अर्थमा, छम्नुने= नाँच्न नै, खलआ = सबैजना मस्यूमदी= नाँच्ने उद्देश्यलाई लिएर धामीले बाँधेको छाँदेको महिलाहरुको समूह, रिप्तिनी= भनेको मान्छन् टेर्छन, थलु पुलु= ढोले, खादीम= धरती, खर= चिण्डो, हर= झ्याम्टा, चुसवस= ढोले, कुविआ= कुविधामीहरु, दुमीआ= दुमीहरु, छुवमदाम= सुँगुरको मासुको कोसेली, पाउदाम= कुखुराको मासुको कोसेली, तुलुनी= नगरदेऊ, सारीसुमर= वेथा, लुम्तिनी= खोज्दछन्/खोज्छौं, फार्चम=..., निनाम्तीई= घाम-जुन, निनाम्वुआ= घाम, लाचिनी= रोग कष्टबाट मुक्ति गराउनु, दोखक्ती= लु जाउँ, थुलु= ढोल, अम्लेरी= ..., अम्पुलु= सिलदुम्रीको फुर्काको टुप्पोको गाँठो, निनामलुवा= घाम, चुकुन=..., रदिनिम= किराँतीहरुको । ❑❑❑

# तस्विर

**✍उत्पीडित किराँत**

सिसा भित्र आफ्नै तस्विर मुस्कुराइरहेको देख्छु । म स्वयं भने उद्देश्यहीनताले मलिन छ, रुग्ण छु । ऐना त हेर्न मन लाग्दैन । आफ्नो अनुहारले जिस्काए जस्तो लाग्छ । स्वयं उपरको भरोसाहीनता असुहाउँदिलो भएपनि विश्वास लाग्छ ।

जे भए पनि तस्विरमा त म सुखी छु । आजभन्दा चार-पाँच वर्ष अगाडि खिचेको तस्विर । आफूलाई योग्य र सुन्दर देखिरहन चाहने उमेरमा खिचेको । आफ्नो तस्विर आफूलाई नै नराम्रो लाग्नु त घोर असङ्गति हुन्छ । आफ्नो क्यामेरा थिएन । एकजना साथीको क्यामेरा र रिल प्रायोजनमा खिच्ने मौका मिलेको थियो । संयोगले त्यस बेला रत्नपार्कभित्र फूलहरु पनि ढकमक्कै फूलेका थिए । फूलेका फूलहरु बीच जसो तसो खुलेको अनुहारलाई क्यामेराले राम्रै देखेछ र राम्रै निस्किएछ तस्विर । त्यसपछि इनलार्ज गरेर पोष्टकार्ड साईजमा निकालेको । आफ्नो तस्विर हेरेर अझै पनि यदाकदा फुर्किन मन लाग्छ ।

तस्विरमा जस्तो सुखी बाँच्नु दन्त्यकथामात्र हुन्छ । तस्विर भएर बाँच्नु उस्तै असम्भव । हाँसिरहे पनि तस्विर पागल हुँदैन, रोइरहेपनि तस्विर पिञ्चेमा दरिदैन । मान्छे बाँचेपछि त नापेर हाँस्नुपर्छ, तौलेर रुनुपर्छ । यति गर्दागर्दै पनि टिका टिप्पणी नभई छाड्दैन । शीर उठे शङ्काहरु उठ्छन्, शीर झुके ओठहरु लेब्रिन्छन्, काखीहरु बज्छन् । तस्विर त संसारिकताबाट मुक्त छ । संसार रोइरहँदा त्यो हाँसीरहन सक्छ र संसार हाँसिरहँदा त्यो रोइरहन पनि सक्छ । तस्विरको दायित्व भनेको क्यामेराको एक क्लिक भरि मात्र सीमित छ ।

काठमाण्डौंमा डेरा लिएर बसेको थुप्रै भइसकेको छ । यहाँको महँगी, हल्ला-खल्ला, गोलमटोल, सबै भोगिसकेको छु । पढने निहुँले गाउँ छोडेर हिंडेपछि थुप्रै क्यालेण्डरहरु थोत्रिए । के पढें कस्तो पढें, म अर्थ लाउन सक्दिन । प्रमाण पत्रको फाइल बनाएर धेरै फर्कनु पर्ने धेरै सम्भावना छ । घरमा बा-आमा छोरोले थुप्रै पढ्यो, आइ.ए., बी.ए. के के हो सबै पढ्यो भनेर छिमेकीहरुका अगाडि घिरौंला जत्रो लाक बनाई रहेका होलान् । छोरोले ठूलो जागिर खाला, जग्गा किन्ला, जागिर खान त आफ्नो मान्छे चाहिन्छ । आफ्ना मान्छे भनेका उनै बा-आमा हुन् । उनीहरु नै म माथि कल्पना गरेर रमाउँदैछन् भने मेरो भविष्यको कस्तो गति होला ? बा-आमाको तस्विर झिकेर कहिलेकाहीं हेर्छु, टीठ लाग्छ । मुजा पर्दै गएका छाला, चिलचामले केश, छर्लङ्ग देखिने नसा, बलैले हाँसेको अनुहार, बलजफती बुढा बनाए जस्तो । म देख्छु उनीहरुको आश लाग्दो सपना कस्तरी तुहिरहेछ ? आफूलाई जन्म दिएर यो संसार टेकाई दिएकोमा कृतज्ञ हुनुभन्दा बढी केही हुन सकेजस्तो लाग्दैन । बरु पश्चातापले छट्पटिने स्थिति सृजित भएको छ । तस्विर झैं चेतनाहीन, निर्द्वन्द्व रहन पनि त मुश्किल छ । मुख, हात, पाऊ, चलुञ्जेल, भोक लागुञ्जेल उत्तरदायित्वबोधबाट सरक्क पन्छिन पनि आदर्शले मान्दैन । किंकर्तव्य विमूढ भए पनि मान्छे भएरै बाँच्न बाध्य छु । मैले गर्न सक्ने काम 'बाँच्नु' भन्दा बढी हुनसकेन, त्यही पनि आफूले चाहेको जस्तो चाहिँ होइन ।

म एक-दुई जना मित्रको कोठामा गएको छु । एक दुईजनाको घरमापनि घरचाहिँ मित्रहरुको भन्दा भनाउँदा आफन्तहरुको । जसको कोठा वा घरमा पुगे पनि तस्विरहरु हेर्ने मेरो बानी छ । कसैको कोठामा विश्वप्रसिद्ध व्यक्तिहरुका तस्विर टाँगिएका हुन्छन् भने कसैकोमा चाहिँ रिङ्गटा नै लाग्ने गरी फिल्मी अभिनेता, अभिनेत्रीहरुका तस्विर टाँगिएका हुन्छन् । कुनै साथीको कोठामा चाहिँ ब्रह्मलोक, बैकुण्ठलोक र कैलाशकै आभास दिने गरी भावनाका तस्विरहरु टाँसिएका पाइन्छन् । मेरो आफ्नै कोठामा पनि केहि तस्विरहरु टाँसिएका छन् । भाईले अभ्यास स्वरुप बनाएका केही पानी रङ्का चित्रहरु छन् । यसबाहेक एउटा बुद्धको तस्विर, एउटा लक्ष्मी गणेशको संयुक्त तस्विर, एउटा राधाकृष्णको तस्विर र एउटा सरस्वतीको तस्विर छन् । ती मध्ये बुद्धको तस्विर बाहेक अन्य तस्विर टाङने श्रेय कोठामा बस्ने एकजना भाइलाई जान्छ । तस्विरप्रति मेरो आसक्ति पनि छैन र कुनै पूर्वाग्रह पनि छैन । म्याडोनाको तस्विर टाङ्ने व्यक्ति व्यभिचारी, हिटलरको तस्विर टाङ्ने व्यक्ति क्रुर, गान्धी र बुद्धको तस्विर झुण्ड्याउने व्यक्ति चाहिँ सदाचारी हुने कुरामा मेरो विश्वास छैन् । तस्विर स्वयंमा 'सु र कु' को कारक होइन । त्यो त मान्छेको प्रवृत्तिमा निर्भर रहन्छ । बधशालामा भगवानको तस्विर टाँसिएको हुनसक्छ,

पाठशालामा खंखार अपराधीको तस्विर टाँसिएका हुनसक्छन् । आ-आफ्नै प्रयोजनले निधारमा खरानीको विगुत लगाएर भगवानको नाम जप्दै हिड्नेहरु अप्रतिम स्नेहशील र दयालु हुनसक्छन् । तस्विरले व्यक्तिको वास्तविक स्वभावको द्योतन गर्ने भए त कसैले पनि अरुबाट घात पाउने संभावना नै कम हुन्छ । तस्विर टाङ्ने आधारमा नै समयमा सचेत हुन सकिन्छ ।

तस्विर जे जस्तो प्रकारको भएपनि प्राय: हरेकको कोठामा टाँगिएको वा टाँसिएको हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जीवनमा ख्याति आर्जन गर्न सफल स्वनामधन्य व्यक्तिहरुकै तस्विर टाँसिएको हुन्छन् । यस बाहेक सुन्दर बगैंचाहरु, स्मारकहरु, प्राकृतिक दृश्यहरु, पशुपंक्षीहरु, हिमालहरु आदिका तस्विरहरु कुनै न कुनै टाँसिएका हुन्छन् । मैले आफ्नै कोठामा टाँस्न नसकेको र अरु कसैको कोठामा देख्न नपाएको तस्विर एक प्रकारको छ । दिनभर पसिना बगाएर साँझ पानी मात्र घुट्क्याएर फाटेको सुकुलमा सपना खोज्नेहरु तस्विर झैं प्रतिक्रियाविहीन बाँच्ने संसारका बहुसंख्यक व्यक्तिहरुको तस्विर खै कसैको कोठामा टाँसिन सकेको छैन । त्यस्ता तस्विरहरु नटाँसेर आरामद्योतक, अह्लादवर्द्धक तस्विरहरु टाँसी मख्ख पर्नु भनेको त आफ्नै आँखामा खुर्सानीको धुलो हाल्नु हो । आफैंबाट आफैं तर्सेर भाग्नु हो । हाम्रो वास्तविक अनुहार भनेको तिनै अनुहार हुन जसले हामीलाई समयको कसीमा खरो घोटेर सभ्य र आधुनिक मान्छेको लेबल लगाइदिन्छ ।

हामी एकाङ्की मात्र बाँच्न सिकेर आएका छौं । काठको फल्याकमा अनुहार हेरेर डण्डीफोर निचोर्ने डेढ अक्कल सबैले आर्जन गर्नसकेका छौं । हाम्रो तस्विर र हामीले टाँस्ने तस्विरमा कत्रो अन्तर छ ? यो अन्तर हाम्रो दृष्टिमा जहिलेसम्म पर्दैन, हामी भ्रमको दलदलबाट उम्कन सक्दैनौं । मेरै सामुन्ने सधैं झुण्डि रहेको बुद्धको शान्त-गम्भीर मुद्राको तस्विरले कुल परिमाणसम्म मलाई बुद्धत्वको प्रेरणा दिएको छ, म चूँ समेत भन्न सक्दिन ।

भ्रम आनन्ददायी भएपनि त्यसबाट प्राप्त आनन्द तरल हुन्छ । ठोस आनन्दको लागि शाश्वतताको ज्ञान अनिवार्य छ । सफा मौसमको पृष्ठभूमिमा बनाइएको घामको प्रज्वलित तस्विरलाई अँध्यारोमा राखिहेरे थाहा हुन्छ, भ्रम उचित कि अनुचित ? ❑❑❑


नयाँ वर्ष २०५७ को सुखद् उपलक्ष्यमा हाम्रा सम्पूर्ण अभिभावक वर्गमा सुख, समृद्धि र उत्तरोत्तर प्रगति र यहाँहरूको बालबच्चाको शैक्षिक सफलताको कामना गर्दै नयाँ शैक्षिक सत्रको लागि भर्ना खुलेको अवगत गराउन चाहन्छौं ।

**Better Child Education is Foundation for Better Life**

No need to dream of Darjeeling, Dehradun or elsewhere, Babylon is in your home town.

**EDUCATIONAL EFFORTS;**
- Learners' creativity
- Professional & competent teachers
- Positive psychological treatment
- Positive educational guidance
- American classroom size
- Individual guidance
- ECA for our students' all round development
- Computer Science
- Better environment for better educational effort
- Introduce computer technology from standard IV
- Thousands of reference materials on language, literature, linguistics, science & other areas of learning
- Audito library & TV

**HOSTEL FACILITIES;**
- Parental love & care
- Nursery & Primary kids accepted as boarders
- Medical service
- Everything provided by the Hostel Management
- Invest some penny for your kids' BHM invests much more for your kids' future career
- Semi-boarders
- Tutorial guidance for boarders and semi boarders

**TRANSPORATION FACILITY is available for day scholars & semi-borders.**

**Babylon National School**

Shantinagar, Kathmandu. Tel # 482973/ 498905

नोट: नयाँ शैक्षिक सत्र यही २०५७ वैशाख २० गतेबाट सञ्चालन हुनेछ ।

## कामना

✍नेत्रमणि हलक्सुराई

धेरै भुलहरुको माझमा
थोरै सुधार गरी फेरियो सम्बत्
अनगिन्ति बिस्मतहरुको साथमा
अलिकति हर्ष लिई फेरियो सम्वत्

लाखौ सपनाहरुको भिडमा
नौलो उमंग लिई बदलियो सम्वत्
असंख्य आश्वासनहरुका बीचमा
फगत आशाको त्यान्द्रो छोडी बदलियो सम्वत्

गाढा रहरको फिका अनुभूति
बहुदलठीपनमा आत्मरति तोडी बदलियो सम्वत्
स्वास रहेसम्मको आश बोकी
पृथ्वीतलमा वास रोकी फेरियो सम्वत्

पश्चतापको राँको निभाई
समन्वयको हात फिँजाइ स्वागत गरौं नयाँ वर्षलाई
सवक लिई बिगतबाट
अदम्य साहस बढाई आँट स्वागत गरौं यस वर्षलाई

## रावा तावा (रावाकु ब्लब्लकु)

✍पारस दुमी राई

एउटै आमाका सन्तान रावा-तावा
दिदी र बहिनी जस्तै जन्मेको
एकै कोखबाट हुर्कँदै-बढ्दै
आफ्नो आफ्नै बाटो हुँदै
रावा उर्लँदै हिँड्छ, तावा नागबेली भएर बग्छ
बीचमा,
अनेकौं खहरेहरूलाई समेट्दै
ओर्लँदै मडारिँदै बग्दाबग्दै फेरि भेट्छन् फेदीमा,
साट्छन् दुःख सुखका कथाहरू
लक्ष्य एउटै थाहा पाए झैं गरेर
उर्लेर पहरामा ठोक्किँदा रावा र तावा
गीत गाए झैं सुन्छु म
मडारिँदै छाल निस्कँदा त
प्रीत लाए झैं देख्छु म

तुक्ली मुपो चुमुहेङा रावाकु ब्लब्लकु
तोमा खेमा हेङा
मुला वर्सो तुक्ली हीपुपो लाम्दु छुक्सो
रावाकु ग्लेत्सो बुल्ता ब्लब्लकु पाल्सितो दुस्ता
लाम्दुवी हितो ग्रालुक्सामु कायो ताइसितो
फिक्सो वुल्तीयो दुम्ति फेदिवि
पत्तासि मुसो धक्सो होपुवि तुक्लिङा
मिंसि मुसोका अङ
वुल्सोका टवाइस्तियो दिलुकताबि रावाकु कायो ब्लब्लकु
लेलुखे डिङतो अङ
पाल्सितो बलेत्लैस्तायो ने यामुखे दोक्तो


**नयाँ वर्ष २०५७ को**

शुभअवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति
सुख, संवृद्धि तथा सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको

*हार्दिक मंगलमय शुभकामना*

**जिल्ला विकास समिति**

**खोटाङ (दिक्तेल) परिवार**

# यहाँ यस्तै छ

सन्तोष राई 'सोल्टी'



कलमले सेतो कागजमा
लेख्न खोजेको हो,
तर यो पापी हातले समातेन
यसैले त सेतो कागज
सेतै भैरहेको देख्छु म ।
हतारिएर नै छितिजबाट चन्द्रमा
पृथ्वीलाई रोमाञ्च बनाउन आएको
त्यो कालो बादलले छेकिएपछि
चन्द्रमा अलमल्ल परेको देख्छु म ।
धुबतारा अटलसाथ चम्किरहेको थियो
लाम्पूच्छ्रे ताराको धम्किले,
धुबतारा पनि शीर ठाडो पारेको देखेर,
म साह्रै डराएको छु
भिल्काले भेट्छ कि भनेर ।
रावाखोला आफ्नै गतिमा बगेको थियो
तर,
बन्चरेखोला उर्लेको समाचारले,
रावाखोला पनि उफ्रँदैछ,
वारिपारि तान्ने बिचारले
आमाले भाइलाई एक थप्पड हान्दा
भाइका आँसु पुछ्न उठेका मेरा हातहरू
दाइले च्याप्पै समातेपछि
स्वयम् म आफैं आँसु खसाल्न बाध्य भएछु ।

# यस्तै भैरहेछ

✍ सृजना सत्मराई



भोकाएकाहरू एक गाँस खान नपाई
सडक-सडकमा त्यसै सुतिरहेछन्
खान नपाएका कुकुरहरु पनि
सकी नसकी भुकिरहेछन् !

बेवारिसे खाते बालकहरु
पेट भर्नका लागि
अपच भएर फालिएका
फोहोरका थुप्रो-थुप्रोमा
प्लाष्टिक र हड्डी बटुलिरहेछन् !!

श्रमले होइन ठगिले
धनी भएकाहरू
शहरमा गगनचुम्बी महल बनाइरहेछन्
कोही नाङ्गो ढाक्न खोजिरहेछन्
कोही नाङ्गो देखिन खोजिरहेछन् !!!

कोही जुट्न खोजिरहेछन्
कोही "ट्न खोजिरहेछन्
को हो इमान्दार !
को हो बेइमान !
आफैं आफूमा चोखा भइरहेछन् !!!

देश यस्तै छ,
पार्टीहरू गाली गलौजमा हल्लिरहेछन्
सरकार बदनाम भइरहेछ
तर जे भए पनि नेता चाहिँ मोटाइरहेछ !!!

**नयाँ वर्ष २०५७ को** शुभअवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति सुख, संवृद्धि तथा सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको

*हार्दिक मंगलमय शुभकामना*

**अध्यक्ष**
**हरिचन्द्र राई**
**तथा सप्तेश्वर गा.वि.स. परिवार**

# व्यस्त शहरभित्र

✍उषा थुलुङ राई

यो व्यस्त शहरभित्रको जीवनमा
उसको कथा छ, व्यथा छ
जहाँ उसले दैनिक जीवन गुजार्छ
जसको सडक र पेटीमा
जीवन काट्ने गर्छ
अभावमा पिल्सिएको जीवन
भविष्यको कहाली लाग्दो
दिनहरु सम्भँदै बिगत बिताइरहेछ
आफ्नासारा कहानीहरू
आँशुसँगै बगाइरहेछ
कहिले कहाँ-कहिले कहाँ भौतारिँदा- भौतारिँदै
ढल्न लागेको कैयौं जीन्दगीको
फाल्टै अर्को कथा छ
त्यो कथा पिडै-पिडाले भरिएको छ
आधि रातलाई थाहा छ
आधि सूर्यलाई थाहा छ
देखेर पनि उनीहरू मौन छन्
यहाँको हरेक जिन्दगी
दरिद्रता र अभावमा पिल्सिएको छ
आधि यही रातलाई सोध
उनीहरूको जीवनको कथा-व्यथा
यही व्यस्त शहरभित्रको
सडक र गल्लीलाई थाहा छ ।

# सावधान !



✍धनप्रसाद सरचुराई

थिचिरहेछन्, कुल्चिरहेछन्,
रक्ताम्या होली खेलिरहेछन्
आलो रगतको ।
भिड, भिडमाथि भिड
नाराबाजी लगाउँदै,
उफ्रिरहेछन्, सल्बलाइरहेछन्
अर्कोतिर सत्ता, शासक र
प्रहरी शासनको मुकाविला गर्दै
क्रान्तिको बुलन्द बुलन्द आवाज निकाल्दै
चिच्याइरहेछन्, कराइरहेछन्,
तापनि, म चुपचाप सुनिरहेछु, सहिरहेछु
वर्षौं भयो पिडाहरू सहेको
दुखेको घाउमा मलम लगाउँदै
अहँ, अब यो पिडा म पटक्कै सहन्न
खाटा बसिसकेको घाउमा पनि
फेरि वज्रपातले छायो
फेरि यो शरीर छताछुल्ला भयो,
फेरि अर्को पिडा यहाँ थपियो
सहनुको अर्थ केही रहेन
त्यसैले, तानाशाह अत्यचारको बिरुद्ध
अब यो सडकमा अनुबम भएर आउनेछु
क्षप्यास्त्र भएर आउनेछु, आँधी तुफान भएर आउनेछु
सावधान ! सावधान !! सावधान !!!

**खोटाङ्ग 'दिक्तेल'**
**पाथेका- ४, नाखम**


**नयाँ वर्ष २०५७ को** शुभअवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति सुख, संवृद्धि तथा सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको
*हार्दिक मंगलमय शुभकामना*

**अध्यक्ष**
**तथा**
**माक्पा गा.वि.स. परिवार**

# दक्षिण एसियाः युद्ध र राजनीति

✍सुजन हदि राई

डिसेम्बर २४ का दिन एउटा भारतीय विमानलाई काठमाण्डौंको त्रिभुवन विमान स्थलबाट अपहरण गरेर अफगानिस्तानको कान्दहर पुऱ्याइन्छ । विमान अपहरण काण्डले नेपालको अन्तर्राष्ट्रिय छविलाई धुमिल्याउन जोडतोडका साथ विदेशी संचार माध्यामद्वारा प्रचार प्रसार गरिन्छ । तर अपहरण आफैमा सृजित घटना थिएन । घटना सृजना हुनु पछाडिका थुप्रै कारणहरुलाई अदृश्यमा राखेर नेपालको सुरक्षा व्यवस्थालाई कमजोर भनि दोष थुपारी पानीमाथिको ओभानो बन्ने ढोङ्ग रचिन्छ, तर यसको पछाडि वास्ताविकता धेरै लुकेको छ ।

वर्तमान अवस्थामा दक्षिण एसियामा पर्ने सार्क राष्ट्रहरुमा युद्ध, अतंक, दंग फसाद, विरोध, बन्द, यहाँको जनताको दिनचार्य वनेको छ र बेचैनी अनि सन्त्रासपूर्ण वातावरणमा जीवन निर्वाह गर्नु परिरहेको कटु यथार्थ हो । यसमा धार्मिक र जातीय युद्ध मुख्य छन भने, स्वतन्त्रता र राजनीति पद्धति परिवर्तन अर्को । विमान अपहरण पनि त्यसैको एउटा श्रृङ्खला हो ।

दक्षिण एसियाको एउटा महारोग जस्तै भईसकेको छ, धार्मिक र जातीय युद्ध । कुनै कुनै देशमा नचर्किएपनि यसको भ्रूणको प्रत्यारोपण चाहिँ भैसकेको छ । जन्मनलाई केही समय लाग्ला । इतिहासले बताउँछ कि भारत र पाकिस्तानका बीच धेरै पटक युद्धहरु भइसकेको छ र यस युद्धलाई सिमाना युद्ध वा देशको सार्वभौमिकता लागि भने पनि यो मुख्यरुपमा धार्मिक युद्ध हो । यो युद्ध भारतीय सेना (जसमा नेपाली सेना पनि रहेका छन्) ले सार्वभौमिकताका लागि पाकिस्तानी सेना सँग गरेको होस वा काश्मिर स्वतन्त्रका पक्षधर सेनानीहरुसँग गरेको होस, युद्ध हुनुमा काश्मिरको आफ्नै ५० (पचास)वर्षीय लामो इतिहास छ । भारतमा मुगल आक्रमण भएपछि र पनि १८४० मा अंग्रेजको औपनिवेशिक शासन सुरु हुनु अघि नै काश्मिरमा पञ्जाबका राजा रनजित सिंहले हिन्दू राजवंशको स्थापना गरेका थिए । सन् १८४० मा काश्मिर बेलायतको अधिनमा आयो । त्यस पछि सन् १८४६ मा गुलावसिंह राजा स्थापित गरिए । सन् १९४० मा त्यहाँका मुश्लीमहरुले छुट्टै मुस्लीमहरुको राष्ट्र गठन गर्ने प्रस्तावलाई हिन्दू राजा हरिहर सिंहले विरोध गरे । भारत स्वतन्त्र भए पश्चात काश्मिरका राजाले कुनै पनि राष्ट्र (पाकिस्तान र भारत) को खिचातानीमा नलागी स्वतन्त्र राष्ट्रको निर्माण गर्ने बिचार राखेका थिए । तर काश्मिरका अधिकांश जनता मुसलमान थिए भने, राजा हिन्दू । राजा हिन्दू भएकाले ८० प्रतिशत हिन्दूहरुको वाहुल्य रहेको भारतमा काश्मिर विलय हुने संभावनाबाट भय ग्रस्त भएर काश्मिरी मुसलमानहरुले सशस्त्र संघर्ष शुरु गरे । त्यसैले हिन्दू राजाले २६ अक्टोबर १९४७ मा नै काश्मिरलाई भारतमा विलय गरिदिए । एकातिर राजा र अर्कातिर जनता भएकाले काश्मिरमा युद्ध शुरु भयो । काश्मिरी लडाकूलाई पाकिस्तानले हतियार दिई सहयोगको लागि अगाडि बढ्यो भने भारतीय सेना सम्झौताको आधारमा कब्जा जमाउन अगाडि बढ्दा भारत र पाकिस्तान बीच युद्ध भयो । राजा हिन्दू र जनता मुस्लीम भएकोले नै काश्मिर पृथक र स्वतन्त्र रहन सकेन् । त्यसैले कारगिल युद्ध सीमायुद्ध मात्र नभएर एउटा धर्म युद्ध पनि हो । यहि युद्धको एक कारण थियो, **Indian Airlines** का विमान अपहरण काण्ड, जसका अपहरणकारीका मुख्य माग नै काश्मिरी लडाकूका नेता मौलाना अजहरलाई रिहा गर्नु थियो र यो पूरा पनि भयो । अहिले काश्मिर स्वतन्त्रका लागि युद्धरत समूहहरु निम्न छन्– हिजवुल्लाह मुजाहिंद्दिन् समूह, मर्कज दावा वाल इर्शाद्, हरकत अल उन्सार, अलवद समूह, हरकत उल जिदाहा भने जम्मु काश्मिर पिपुल्स लिग, अल अमर मुजाहिद्दीन लडाइमा संलग्न छन् । छापामार नेताहरुमा मस्तक अहमद जरगर, शब्वीर अहमद र सहीदसलाउद्दीन छन् । यो इतिहास बनिसक्दा थुप्रै नेपाली आमाको पनि कोख रित्तीसकेको छ । थुप्रै नेपाली चेलीहरुको सिउँदो ओभानो बनिसकेको छ भने थुप्रै बालबालिकाहरु टुहुरा



बनिसकेका छन् । भारतमा कट्टर हिन्दूवादी पार्टी, (भारतीय जनता पार्टी) को सत्ताहोरण, पाकिस्तान एउटा मुश्लीम देश, त्यसमा पनि आन्तरिक सत्ता कलह र सैनिक शासक परवेज मुसरफलाई आफ्नो नेतृत्व पाकिस्तानी जनताबीच स्वीकार्य बनाउन र उनीहरुको प्रजातन्त्र प्राप्तिको चाहानालाई अन्यतिर मोड्न र हिन्दू र मुस्लीमको तुषका कारण पनि कारगिल वर्तमानमा केहि शान्त भएपनि फेरी बिउँतिने छ । बावरी मस्जीद र राम मन्दिरको घाउ फेरी बल्भिने सम्भावना उत्तिकै छ । वंगलादेशमा यसको प्रभावले मुस्लीमहरुको ज्यादती हिन्दूहरुले फेरी सहनु पर्नेछ । बंगलादेशका संस्थापक राष्ट्रपति शेख मुजिबुर रहमानले चकमा र अन्य जातिलाई जातीय पहिचान नखोज्नु भनेर प्रतिवन्ध नलगाएका भए उनीहरुले स्वयत्तताको लागि दुई दशक लामो संघर्ष गर्नु नपर्ने थियो साथै २५ हजारभन्दा बढी मानिस मारिने थिएनन् । श्रीलंकामा ७० प्रतिशत बहुसंख्यक बौद्ध धर्मलम्बी सिंहालीका पुर्खाले १८ प्रतिशत अल्पसंख्यक हिन्दू धर्मलम्बी तमिलका पुर्खालाई धार्मिक, भाषिक, साँस्कृतिक, राजनैतिक अधिकार र स्वतन्त्रता दिनमा कन्जुस्याई नगरेको भए त्यहाँ पृथक तमिल राज्यको अवधारणा प्रदुर्भाव हुने थिएन होला र गृहयुद्धमा होमिनु थिएन । न त ५५ हजार भन्दा बढि नागरिकले ज्यान गुमाउनु नै पर्ने थियो । पुर्खाले गरेको भुलको कारणले अन्त्यहिन झै बनिरहेको युद्ध श्रृङ्खालको शिकार बन्नु पर्ने थिएन, आजको पुस्ता । भुटानमा प्रजातन्त्रको चाहना ल्होछाम्पा (दक्षिण भुटानबासी मुख्य रुपमा नेपाली मूलका नागरिक)हरुको मात्र पक्कै पनि होइन । तर नेपाली मूलको भुटानी नागरिक हुनुले नै उनीहरु शरणार्थीमा परिवर्तन हुनु पऱ्यो, देश विहिन जनताझैं । यो घाउ पुरिने र बल्भिने क्रम चलि नै रहेने छ, जब सम्म सत्तधारीहरुको बिचार र सिद्धान्त संकिर्ण रहि रहने छ । यसरी जातको र धर्मको राजनीतिले दक्षिण एसियालाई आक्रान्त पारेको छ, थिलोथिलो बनाएको छ । यो सरुवा रोग नेपालमा सर्न नसक्ने स्थिति भने छैन । त्यसैले समयमा नै यसको उपचार र रोकथाम गर्न आवश्यक छ । तर दमनले होइन, बन्दुक र भाषणले होइन, बोली र गोलीले पनि होइन । किनभने अब बहुजाति, बहुभाषि र बहुधार्मिक देश भनेर मात्र हुनेवाला छैन् । राज्य सरकारले सम्पूर्ण भाषा, धर्म, संस्कृतिलाई समान नजरले हेरेर मात्र हुनेवाला छैन । समान किसिमले व्यवहार गर्न सक्नु आजको आवश्यकता हो । कसैलाई काखा कसैलाई पाखाको व्यवहारलाई यो २१औं शताब्दीमा पनि सम्पूर्ण जनजाति/आदिवासीले अमुक भएर मात्र हेरिरहने पक्कै छैनन् । र, कुनैपनि देशको सत्ता, जात र धर्मको भरोसामा टिकाउन खोज्नु पक्कै पनि सत्ताधारीहरुको कमजोरी र संकिर्णपन हो । जातिय, धार्मिक, साँस्कृतिक र भाषिक स्वतन्त्रतालाई कम आँक्नु पनि भुल हुनेछ । त्यसैले सम्पूर्ण जातजाति/आदिवासीको धर्म सांस्कृतिको समन्वयात्मक उत्थान नै लोक कल्याणकारी राज्यको अवधारणा पनि हो ।

**नयाँ वर्ष २०५७ को** शुभअवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति सुख, संवृद्धि तथा सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको

*हार्दिक मंगलमय शुभकामना*

**अध्यक्ष**

**दिपेन्द्र राई**

**तथा बाक्सिला गा.वि.स. परिवार**

# अभिनन्दन समारोह सम्पन्न



*दुकिराफ प्रारम्भिक कार्यसमिति काठमाडौंका अध्यक्ष क्या. नैनबहादुर राई साफ गेममा स्वर्णपदक विजेता राजकुमार राईलाई खुकुरी अंकित भादगाउँले टोपी पहिर्‍याउनु हुँदै ।*

२०५६ साल काठमाडौंमा सम्पन्न आठौं दक्षिण एशियाली खेलकुद (साफ गेम) मा तेक्वानदोको तर्फबाट स्वर्ण पदक ल्याई राष्ट्रको गौरव बढाउने खोटाङ्ग दिक्तेल सप्तेश्वर छेरा (हाल क्यानाडा)का राजकुमार दुमीराईलाई दुमीकिराँत राई फान्सिकिमले दुमीकिराँतराई प्रारम्भिक कार्य समिति, काठमाडौंको सक्रियतामा दुमीराईहरुको प्रथम ऐतिहासिक वनभोज समारोह बीच अभिनन्दन गरी सम्मान दिने महत्वपूर्ण कार्य सु-सम्पन्न गरेको छ । धुलीखेल पिकनिक स्पोर्टमा सयौं दुमी सहभागीहरुको माझमा उहाँलाई समारोहका सभापति क्याप्टेन नैनबहादुर सत्मराईले खुकुरी चिन्ह भएको भादगाउँले टोपी र फूलमालाले पहिराउनु भयो भने ताम्रपत्रमा लेखिएको अभिनन्दन पत्र दुमीकिराँत राई फान्सिकिम केन्द्रीय कार्यसमितिका अध्यक्ष चतुरभक्त राईले प्रदान गर्नुभयो ।

अभिनन्दन-पत्र प्राप्त गरेपश्चात् समारोहलाई सम्बोधन गर्दै खेलाडी राईले आजको बालबालिकालाई बाबुआमाले डक्टर र इन्जिनियर बनाउने सपना मात्र नदेखेर खेलाडी बनाएर राष्ट्रको नाम चम्काउने काममा लाग्न सकेमा राष्ट्रको इज्जत र उन्नतिमा टेवा पुग्न जाने बिचार अभिव्यक्त गर्नुभयो । समारोहमा सुजन राईले राजकुमार राईको परिचय दिलाउनुभएको थियो भने नेत्रमणि राईले उद्घोषण गर्नुभएको थियो । ❑❑❑



*दुकिराफका केन्द्रीय अध्यक्षद्वारा साफ गेममा स्वर्णपदक विजेता राजकुमार राईलाई ताम्रपत्र हस्तान्तरण गर्नुहुँदै, बायाँ छेउमा दुकिराफ प्रारम्भिक समिति काठमाडौंका अध्यक्ष क्या. नैनबहादुर राई*

# साकेला नाँच सम्पन्न

दुमी राईहरुले आफ्नो भाषा धर्म तथा संस्कृतिलाई बचाएर राख्नु पर्छ भन्ने एकिकृत भाव बेलाबखतमा प्रदर्शन गर्दै आइरहेका छन् । यसै सन्दर्भमा दुमीकिराँत राई फान्सिकिम केन्द्रीय कार्य समितिको आयोजनामा २०५६।०१।२५ मा बाक्सिला र सप्तेश्वरका प्रारम्भिक कार्य समितिको सक्रियतामा दुमीराईहरुको ऐतिहासिक स्थल सिम्पानीको 'दुमी लु' मा वाक्सिला हलकुमका नक्षु टेकबहादुर मुरह र डाँडा गाउँको



*२०५६ सालमा बाक्सिलामा दुकिराफको आयोजनामा सम्पन्न साकेला नाच प्रदर्शनको एकझलक*

गरसबहादुर रङ्कासु द्वयको सहयोगमा स्थानीय पूर्खाहरु सर्वत्री अम्बरवहारदुर राई, टिकामणि राई, धनसेर राई, ढोंले कुलबहादुर, मस्युमेहरू, श्रीमती अम्रिखा राई, श्री फूलसरी राई, श्रीमती धनसेर राई लगायतका विभिन्न सहभागीहरुको एकीकृत समूहले प्रथम पटक विधिवत् पूजा आरम्भ गऱ्यो । पूजा पश्चात् उक्त समूह बुधबारे बजारको प्राङ्गणमा आई माक्पा, खार्मी, जाल्पाका सहभागीहरुसँग समूहवद्ध भई विशाल चण्डी नाँच प्रदर्शन गऱ्यो । लोप हुन लागेको किराँत साकेला नाँचका सिलीहरु हेर्न लायक थियो । उक्त अवसरमा दुकिराफका केन्द्रीय अध्यक्षबाट नक्षोद्वयलाई सेतो फेटा र मस्युमेहरुलाई पानफूल र भेटी राखी शिर उठ्याउने सम्मान समेत भएको थियो । यसैगरी सहभागी सबै टोलीहरुलाई पुरस्कार समेत वितरण गरिएको थियो । सोही अवसरमा प्रमुख अतिथिको तर्फबाट नरबहादुर रत्कुराईले दुमीराईहरुले आफ्नो भाषा, धर्म र संस्कृतिलाई भुल्न हुँदैन, अहिले फान्सिकिमले राम्रो कामको थालनी गरेकाले यसलाई हामी सबैले साथ सहयोग दिनुपर्छ भन्ने भाव अभिव्यक्त गर्नुभयो । कार्यक्रममा आमन्त्रित र अन्य केन्द्रीय पदाधिकारीहरुको पनि उपस्थिति रहेको थियो । सभाको अन्तमा सभा संचालकबाट सहभागी र सहयोगी सबै रुमीपामीहरुलाई पुन: अर्को वर्ष पनि यसैगरी भेटघाट कार्यक्रम सम्पन्न गरी



*बाक्सिला माक्पाली डाँडाका बयोवृद्ध मादले श्री बमबहादुर राई (कपुरे) आफ्नो मारुनी टोलीको नेतृत्व गर्दै दुई मारुनीका बीचमा ।*



*सप्तेश्वर डुङडुङको बयोवृद्ध मादले रामबहादुर सत्मराई आफ्नो मारुनी टोलीलाई नेतृत्व गर्नुहुँदै दुई मारुनीको बीचमा बसिरहेको साथमा निजको पछाडि प्रमुख सहायक बर्जबहादुर सत्मराई गलबन्दी पोशाकमा*

परम्परालाई कायम राख्ने वचनका साथ कार्यकर्ता, आमन्त्रित सहभागी सबैलाई धन्यवाद दिई सभा बिसर्जन गरियो । उक्त उल्लासपूर्ण कार्यक्रमको उद्घोषण फान्सिकिमका सचिव रणबहादुर राईले गर्नुभएको थियो । ❑❑❑

## मारुनी नाच सम्पन्न

परम्परादेखि किराँत राईहरुले चलाई ल्याएको नेपाली लोक संस्कृतिका धरोहर मारुनी नाच २०५६ को शुभ दिपावलीको अवसरमा दुमीकिराँत फान्सिकिमको आह्वानमा विभिन्न गाउँ घरमा सम्पन्न भएको छ । गाउँघरमा तिहार लागेपछि द्यौसी खेली श्रोत संकलन

गरेर फजुल काममा खर्च गर्ने चलनको ठाउँमा यसपटक घोसीको रुपमा मारुनी नै नचाई त्यहाँबाट उठेको रकम किराँत राईहरुको भाषा, वंशावली, धर्म र संस्कृतिको उत्थानमा लगानी गर्ने उद्देश्यले बाक्सिला गा.वि.स.स्थित प्रारम्भिक कार्य समितिले बयोवृद्धा प्रसिद्ध मादले बोमबहादुर हदिराई (कपुरे) र त्यसैगरी सप्तेश्वरका बयोवृद्ध प्रसिद्ध मादले रामबहादुर सत्मराई तथा बर्जबहादुर सत्मराईको नेतृत्वमा मारुनी नाँच सबै वाडहरुमा नचाई गाउँघर उज्यालो पार्नको अतिरिक्त आर्थिक स्रोतहरु संकलन गरेको छ । प्रारम्भिक कार्य समिति सप्तेश्वरको सक्रियतामा धेरै दर्शकहरुको माझमा कार्तिकको एकादशी पर्वमा समेत थर्पु डाँडा निम्न माध्यामिक विद्यालयको प्राङ्गणमा मारुनी लगायत स्थानीय क्लबहरुको समेत सांस्कृतिक कार्यक्रम सम्पन्न भएको थियो । यसै कार्यक्रममा प्रारम्भिक कार्य समिति सप्तेश्वरका अध्यक्ष रामकुमार राईद्वारा बयोवृद्ध प्रसिद्ध मादले रामबहादुर राईलाई सेतो फेटा पहिराई सम्मान गरिएको थियो भने मारुनी समूहलाई पुरस्कार र फूलमाला पहिराई अविरजात्रा गरिएको थियो । उक्त समारोहमा मन्तव्य व्यक्त गर्ने क्रममा केन्द्रीय कार्य समितिको अध्यक्ष चतुरभक्त राई, उपाध्यक्ष तेजबहादुर राई र गा.वि.स. अध्यक्ष हरिचन्द्र राईद्वारा फन्सिकिमको औचित्यबारे प्रकाश पार्नुभएको थियो । विभिन्न जातिहरु उपस्थित रहेको उक्त रोचक कार्यक्रमको उद्घोषण टिकाबहादुर राई र ढाकीराम राईले गर्नु भएकोथियो । ❑❑❑

## प्रारम्भिक कार्य समिति गठन

जग बलियो भएमा मात्र घर बलियो हुन्छ । तसर्थ दुमीकिराँत राई फन्सिकिमले यस्ता जगको रुपमा प्रारम्भिक कार्य समिति दुमी राईहरु बसोबार गरेको सबै गा.वि.स. क्षेत्रहरुमा गठन गर्ने क्रम जारी रहेको छ । हालसम्म सप्तेश्वर, बाक्सिला, जाल्पा, खार्मी दिक्तेल, सोल्मा नेर्पा, धरान, काठमाडौं र माक्पामा प्रा.का. समिति गठन भैसकेको छ । ❑❑❑

### केन्द्रीय साधारण सभा सम्पन्नः दुमी भाषा शब्दकोश निर्माण समिति गठन

विधान बमोजिम वार्षिक रुपमा बस्नु पर्ने दुमीकिराँत राई फन्सिकिमको साधारण सभा यहि २०५६ माग १६ गते सम्पन्न भएको छ । माक्पा, जाल्पा, खार्मी, दिक्तेल, वाक्सिला, सप्तेश्वरका प्रतिनिधिहरुबाट उक्त साधारण सभा सम्पन्न गरी उक्त सभाले तेजराज राईको संयोजकत्वमा सात सदस्यीय "दुमीभाषा शब्दकोष निर्माण समिति" गठन गरेको छ । समितिका अन्य सदस्यहरु धनकुमार राई, सचिव (वाक्सिला), टीकाबहादुर राई, कोषाध्यक्ष (सप्तेश्वर) र सदस्यहरूमा ठेलुमान राई (माक्पा), झनकबहादुर राई (जाल्पा), भुमिराज राई (धरान) र नेत्रमणि राई (काठमाडौं) रहनुभएको छ । ❑❑❑

**नयाँ वर्ष २०५७ को**

शुभअवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति
सुख, संवृद्धि तथा सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको
*हार्दिक मंगलमय शुभकामना*

**भू.पू. सांसद**
**खोटाङ**
**अशोककुमार राई**

## पाठक प्रतिक्रिया

श्रीमान् सम्पादकज्यू,

विषय: धन्यवाद साथै शुभकामना सन्देश ।

महोदय,

यस समिति अन्तर्गतको पत्रिका "इसिलिम" हामीलाई प्राप्त भएको कुरा सहर्ष जानकारी गराउँदछौं । यसका लागि सम्पूर्ण पदाधिकारी एवं पत्रिका सम्बन्धित मान्यजनप्रति आभार प्रकट गर्दै उतरोत्तर प्रगति गर्दै जाऔं भन्दै धन्यवाद दिन चाहन्छु । साथै आर्थिक पक्षलाई सफल पार्दै संस्थाको हरेक पक्षलाई विस्तार गर्दै दरिलो पारौं ।

साथै, यस २०५७ सालको "उभौली" को उपलक्ष्यमा सम्पूर्ण दुमीराईहरु साथै किराँत बन्धुहरूमा मेरो तर्फबाट सुख, समृद्धि, स्वास्थ्य एवं जाँगरिलो, फुर्तिलो भै सुखमयको साथ २०५७ वितोस् भनि शुभकामना व्यक्त गर्न चाहन्छु ।

भवदीय

**सुमन दिम्मचु**

**सह-सचिव**

**प्रारम्भिक कार्य समिति धरान**


**नयाँ वर्ष २०५७ को**

शुभअवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति सुख, संवृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको

*हार्दिक मंगलमय शुभकामना*

अभिव्यक्त गर्दछु ।

**क्या. पर्जबहादुर राई**

भोटेपुल-धरान, कृष्णटोल


## खवाचु तामाङ शेर्पाको वंश हुँदै होइन !

किराँत दुमी राईहरुको आफ्नै अर्धवार्षिक भाषिक पत्रिका 'इसिलिम' वर्ष १, अंक १ मा 'दुमी किराँत राई विगत र वर्तमान' शिर्षक अन्तर्गत रामकुमार राईको लेखमा "खावाचुहरु भोजपुरको खावा भन्ने ठांउबाट आएका तामाङ, सेर्पा मध्यका एक जात हुन सक्छन् र खावाबाट आएर नै खावाचु भै दुमीहरुको एउटा पाछाको निर्माण भएको हो" उल्लेख छ । उक्त लेख खावाचुको पुर्खौली अनुसार नभै गलत मनसायले लेखिएको देखिन्छ ।

यसरी अनुमानको भरमा बिना वंशवाली वा कुनै इतिहासको खोजी नै नगरी कल्पनाको भरमा कुनै पनि जाति वा पाछाको यतार्थलाई मनपरि ढंगले लेख्नु र दुमीहरूको एकमात्र सम्वेदनशिल पत्रिका इसिलिममा नै छापिनु सम्पूर्ण खावाचु समुदायलाई नै आघात पुऱ्याउने कुरा हो । यदि हम्रुचुले खावाचुलाई पाछा दिएको भए खावाचु भन्ने पाछा नै हटाइनुपर्थ्यो । तसर्थ उक्त लेखको लेखाईमा सत्यता छैन । उक्त लेखमा जालपा गाउँ विकास समितिको ससर्कामा बसोबास गर्ने तुरचु दुमीराई र खार्मी गाउँ विकास समितिको सरचु राईको बारेमा पनि गलत ढंगले व्याख्या गरिएको छ । तसर्थ अरुलाई छाडेर खावाचुको यथार्थ जानकारी पाउन यसै अङ्कको लेख 'खावाचु' एक परिचयमा हेर्न हुन अनुरोध गरिन्छ ।

**अशोककुमार दुमीराई**


**नव वर्ष २०५७ को**

सुखद् अवसरमा सम्पूर्ण रदु बन्धुहरूमा नयाँ जोश, जाँगर र उमंग पैदा गरोस् भन्ने कामना गर्दै सुख, संवृद्धि एवं उत्तरोत्तर प्रगतिको

*हार्दिक मंगलमय शुभकामना*

अर्पण गर्दछौं ।

**ज्योति सफा एक्सप्रेस**

काठमाडौं- ४, चक्रपथ, जन्माक

## नव वर्ष २०५७ को

आरम्भसँगै खोटाङको उत्तरी भेगलाई समेट्ने गरी केन्द्रीय स्थल
बाक्सिलामा पृथ्वी उच्च मा.वि. (+२ कलेज) स्थापित गरी
यही असार-श्रावणबाट नयाँ शैक्षिक सत्र शुरुआत गर्ने
जानकारी तमाम दाजुभाइ तथा दिदीबहिनीहरूप्रति
नयाँ वर्षको प्रगति र समृद्धिको मंगलमय
शुभकामना सहित हार्दिक
जानकारी गराउँदछौं ।

**उच्च मा.वि. व्यवस्थापन समिति**
बाक्सिला

## नव वर्ष २०५७ सालको

सुखद उपलक्ष्यमा देश विदेशमा रहनुभएका
सम्पूर्ण किराँत बन्धुहरूमा
सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना

कुलबहादुर राई, **MBE**
अध्यक्ष
**किराँत राई यायोक्खा**
केन्द्रीय कार्य समिति

## नव वर्ष २०५७ सालको

सुखद् अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति र संवृद्धि एवं उत्तरोत्तर प्रगतिको

*कामना*

गर्दै आउने सालमा अझ बढी रोजगारीको अवसर प्राप्त होस् भन्ने चाहना राख्दछौं ।

यस ओभरसिज प्रा.लि.बाट साउदी अरब, कतार, दुवई राष्ट्रहरूमा रोजगारीको अवसर दिलाउने छौं ।

### सिद्धार्थ ओभरसिज सर्भिस (प्रा.) लि.

दर्ता नं. ९३५३/०५५/०५६, टेलिफोन: ०१-५४२२२३
लाईसेन्स नं.: १२१/०५५/०५६
ललितपुर, बागडोल

## नव वर्ष २०५७ को

सुखद् अवसरमा सम्पूर्ण रदु बन्धुहरूमा
नयाँ जोश, जाँगर र उमंग पैदा गरोस्
भन्ने कामना गर्दै सुख, संवृद्धि
एवं उत्तरोत्तर प्रगतिको

*हार्दिक मंगलमय शुभकामना*

अर्पण गर्दछौं ।

### सेभ काठमाडौं इनर्जी प्रा.लि.

बौद्ध, जोरपाटी
काठमाडौं

# GORKHA SAVING AND FINANCE

## (Co-operative Society Ltd.)

**नव वर्ष २०५७ को** सुखद् अवसरमा समस्त ग्राहक वर्गहरूमा नयाँ जोश, जाँगर र उमंग पैदा गरोस् भन्ने कामना गर्दै आर्थिक संवृद्धि एवं प्रगतिको *हार्दिक मंगलमय शुभकामना* व्यक्त गर्दै हामी निम्न सेवाहरू उपलब्ध गराउँछौं ।

मुख्य कार्यालयः सातदोबाटो, ललितपुर । फोन नं. ५२१४०४/५४४४६०
शाखा कार्यालयः जावलाखेल, ललितपुर । फोनः ५४५४६६/५४५४६७
शाखा कार्यालयः सुन्धारा, बागदरबार (अर्थ मन्त्रालयसँगै), काठमाडौं । फोन नं. २६५७७०

**बृटिश गोर्खाली समूहबाट प्रवर्द्धित !**
**नेपाल अधिराज्यभर कार्यक्षेत्र विस्तारित !!**

### यस फाइनान्समा उपलब्ध ब्याज दरहरूः

**मुद्दति बचतमा निम्न अनुसारको ब्याज दिइनेछ ।**

| अवधि | ब्याजदर | | |
|---|---|---|---|
| | ३ महिनामा ब्याज भुक्तानी दिंदा | १ वर्षमा ब्याज भुक्तानी दिंदा | निक्षेप अवधि पछि एक मुष्ठ रुपमा साँवा र ब्याज भुक्तानी दिंदा |
| ३ महिना | ९% | | |
| ६ महिना | ९.५% | | |
| ९ महिना | १०% | | |
| १ वर्ष | ११.२५% | १२% | १२% |
| २ वर्ष | ११.५०% | १२.२५% | १२.५०% |
| ३ वर्ष | ११.७५% | १२.५०% | १३% |
| ४ वर्ष | १२% | १२.७५% | १४% |
| ५ वर्ष वा सो भन्दा बढी | १२.२५% | १३% | १५% |

### गोर्खाली स्कीम अन्तर्गत पाइने उपहारः

**उपहार ! सुनको सिक्का ! उपहार !**

| अवधि | न्यूनतम मुद्दति बचत रकम | निक्षेप अवधि पछि एक मुष्ठ रुपमा साँवा र ब्याज भुक्तानी दिंदा | उपहार |
|---|---|---|---|
| ५ वर्ष | १ लाख | १५% | ५ ग्रामको सुनको सिक्का |
| ४ वर्ष | २ लाख | १४% | |
| ३ वर्ष | ३ लाख | १३% | |
| २ वर्ष | ४ लाख | १२.५०% | |
| १ वर्ष | ५ लाख | १२% | |